# *झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन*

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
नेपाली विषयको स्नातकोत्तर तह (एम् .ए.) द्वितीय वर्षको
दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
माधवप्रसाद सापकोटा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
(२०६५)

# शोध - निर्देशकको सिफारिस

**"झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन"** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा माधवप्रसाद सापकोटाले तयार गर्नु भएको हो । यस शोधपत्रमा रहेका लोककथाहरू क्षेत्रकार्यबाट ल्याइएका हुन् र ती लोककथाहरूलाई समाजशास्त्रका सैद्धान्तिक कसीमा जाँची अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ । यस कार्यबाट म सन्तुष्ट छु र मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सिफारिस गर्दछु ।

शोध- निर्देशक

-------------

**डा. मोतीलाल पराजुली**

सहप्राध्यापक

दिनाङ्क

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयका छात्र माधवप्रसाद सापकोटाले त्रि. वि. स्नातकोत्तर तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **"झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन "** शीर्षकको शोधपत्र उचित ठहरिएकाले स्वीकृत भयो ।

मिति : २०६५/७/

शोधपत्र मूल्याङ्कन समिति

विभागीय प्रमुख - प्रा. राजेन्द्र सुवेदी ..........................

शोध- निर्देशक- सह- प्रा. मोतीलाल पराजुली.......................

बाह्य विशेषज्ञ - ..............................................................

# कृतज्ञताज्ञापन

प्रस्तुत **"झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन"** शीर्षकको शोधपत्र मैले श्रद्धेय गुरुज्यू सहप्राध्यापक डा. मोतीलाल पराजुलीको कुशल निर्देशनमा तयार पारेको हुँ । अत्यन्त ब्यस्त रहँदा पनि यस कार्यका लागि आवश्यक सहयोग, सल्लाह, निर्देशन एवम् हौसला दिनुहुने श्रद्धेय गूरुज्यूप्रति प्रथमत: म हार्दिक आभार तथा कृतज्ञताज्ञापन गर्दछु ।

यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नुहुने एवम् विभिन्न समयमा आवश्यक सहयोग तथा सल्लाह दिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदीलगायत अन्य गुरुज्यूहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य गर्न मलाई लोककथाहरू उपलब्ध गराउन सहयोग पुऱ्याउने सम्पूर्ण झापावासीहरूप्रति आभार प्रकट गर्दछु र झापा जिल्लाको समग्र परिचय उपलब्ध गराइदिने झापा जि.वि.स.प्रति म कृतज्ञ छु ।

शिक्षा नै जीवनको मूल धन एवम् उज्यालो पक्ष हो भन्ने प्रेरणा दिँदै मलाई शिक्षा आर्जनप्रति अग्रसर गराउने मेरा आमाबाबुलगायत सम्पूर्ण घरपरिवारप्रति कृतज्ञता ब्यक्त गर्दछु।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा समाजशास्त्रको सैद्धान्तिक परिचय तयार पार्दा आवश्यक सहयोग गर्नुहुने मित्र सुदीप आचार्यप्रति म कृतज्ञ छु । यस कार्यमा आवश्यक सहयोग तथा सल्लाह दिनुहुने श्रीधर बस्नेत, भूपबहादुर ओली, जीतबहादुर गिरी, शोभा खतिवडा र रेसमा गुरुङप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । त्यसैगरी यस शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि. वि. केन्द्रीय पुस्तकालयका कर्मचारीहरू र अन्य सामग्री उपलब्ध गराइदिने नेपाली केन्द्रीय विभागका कर्मचारीहरूप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अत्यमा शोधपत्र तयार पार्ने क्रममा छिटोछरितो तरिकाले कम्प्युटर टाइप गरिदिनुहुने महाकाली कम्प्युटरका वीरेन्द्रबहादुर बमलाई म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

मिति: २०६५/७/२५

..........................

माधवप्रसाद सापकोटा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

# विषयसूची

## पहिलो परिच्छेद

| | | पृ. |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधको उद्देश्य | ३ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | शोधकार्यको औचित्य | ६ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.९ | सामग्री सङ्कलन र शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |

## दोस्रो परिच्छेद

| | | |
|---|---|---|
| २. | समाजशास्त्रको सैद्धान्तिक परिचय | ८-५९ |
| २.१ | समाजशास्त्रको परिचय | ८ |
| २.१.१ | समाजशास्त्रको परिभाषा | ९ |
| २.२ | समाजशास्त्रका विशेषताहरू | ११ |
| २.३ | समाजशास्त्रका शाखाहरू | १२ |
| २.४ | समाजशास्त्र र ज्ञानका अन्य शाखाबीच सम्बन्ध | १६ |
| २.५ | समाजशास्त्रको क्षेत्र | १९ |
| २.६ | समाजशास्त्रको ऐतिहासिक विकासक्रम | २१ |
| २.७ | राज्य | २५ |
| २.७.१ | राज्यको परिचय | २५ |
| २.७.१.१ | राज्यको परिभाषा | २५ |
| २.७.२ | राज्यको उत्पत्ति | २७ |
| २.७.३ | राज्यको विकास | २७ |

| | | |
|---|---|---|
| २.७.४ | राज्यको संरचना | २९ |
| २.७.५ | राज्यका विशेषताहरू | ३० |
| २.७.६ | राज्यका कार्यहरू | ३२ |
| २.८ | समाज | ३३-४३ |
| २.८.१ | समाजको परिचय | ३३ |
| २.८.१.१ | समाजको परिभाषा | ३३ |
| २.८.२ | समाजको उत्पत्ति | ३४ |
| २.८.३ | समाजका प्रकार | ३६ |
| २.८.४ | समाज बन्नका लागि चाहिने तत्त्वहरू | ४१ |
| २.८.५ | समाजका विशेषताहरू | ४२ |
| २.९. | परिवार | ४४-५३ |
| २.९.१. | परिवारको परिचय | ४४ |
| २.९.१.१ | परिवारको परिभाषा | ४४ |
| २.९.२ | परिवारको उत्पत्ति | ४५ |
| २.९.३ | परिवारको प्रकार | ४७ |
| २.९.४ | परिवारका विशेषताहरू | ५० |
| २.९.५ | परिवारका कार्यहरू | ५२ |
| २.१० | संस्कृति | ५४-५९ |
| २.१०.१ | संस्कृतिको परिचय | ५४ |
| २.१०.१.१ | संस्कृतिको परिभाषा | ५४ |
| २.१०.२ | संस्कृतिको उत्पत्ति | ५५ |
| २.१०.३ | संस्कृतिका विशेषताहरू | ५६ |
| २.१०.४ | संस्कृतिका कार्यहरू | ५८ |
| २.११ | निष्कर्ष | ५९ |


## तेस्रो परिच्छेद


| | | |
|---|---|---|
| ३. | झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन | |
| ३.१ | अद्भुत औंठी | ६० |

| | | |
|---|---|---|
| ३.२ | कान्छो छोरालाई राजगद्दी | ६२ |
| ३.३ | कौवा र माछो | ६३ |
| ३.४ | छोराको मासु | ६४ |
| ३.५ | ढडियाबहादुर साहु | ६५ |
| ३.६ | तीन भाइ मन्त्री | ६६ |
| ३.७ | दुई बोक्सी | ६७ |
| ३.८ | दुई मीत | ६७ |
| ३.९ | पानको पातभित्रकी परी | ६९ |
| ३.१० | पोखरीका रानीहरू | ७१ |
| ३.११ | बिन्द्राबनका स्याल र भालु | ७२ |
| ३.१२ | बुद्धि र केथा | ७३ |
| ३.१३ | बूढो बाबु र छोराहरू | ७३ |
| ३.१४ | बूढो स्याल र दुई बहिनी | ७४ |
| ३.१५ | भाले दुलाहा | ७५ |
| ३.१६ | मधेसको किसान र वीर मसान | ७६ |
| ३.१७ | मूर्ख छोराहरू | ७८ |
| ३.१८ | राजकुमारी | ७९ |
| ३.१९ | सपना र बिपना | ८२ |
| ३.२० | सुन्तला र नासपाती | ८४ |
| ३.२१ | सेतो खसी क्याम्म | ८४ |
| ३.२२ | हड्डीको हाँसो | ८६ |
| ३.२३ | हाङ्पाङ् मुङ्ग्रो | ८७ |

## चौथो परिच्छेद

| | | |
|---|---|---|
| ४. | सङ्कलित लोककथाहरूको समाजशास्त्रीय विश्लेषण | |
| ४.१ | राज्य | ८९ |
| ४.१.१ | राज्यको उत्पत्ति | ८९ |
| ४.१.२ | राज्यको विकास | ९१ |

| | | |
|---|---|---|
| ४.१.३ | शासन व्यवस्था | ९२ |
| ४.१.३.१ | मन्त्रीमण्डल | ९३ |
| ४.१.३.२ | राजगद्‌दीसम्बन्धी व्यवस्था | ९३ |
| ४.१.३.३ | न्याय तथा दण्डनीति | ९३ |
| ४.१.३.४ | कूटनैतिक सम्बन्ध | ९४ |
| ४.१.४ | शैक्षिक अवस्था | ९४ |
| ४.१.५ | नारीहरूको अवस्था | ९५ |
| ४.२ | समाज | ९५ |
| ४.२.१ | समाजको उत्पत्ति | ९५ |
| ४.२.२ | समाजका प्रकार | ९७ |
| ४.२.२.१ | जनजातीय समाज | ९७ |
| ४.२.२.२ | कृषक समाज | ९८ |
| ४.२.२.३ | औद्यौगिक समाज | ९८ |
| ४.३ | परिवार | ९९ |
| ४.३.१ | परिवारको उत्पत्ति | ९९ |
| ४.३.२ | परिवारको प्रकार | १०१ |
| ४.४ | संस्कृति | १०५ |
| ४.४.१ | संस्कृतिको परिचय | १०५ |
| ४.४.१.१ | धर्म तथा अनुष्ठान | १०५ |
| ४.४.१.२ | संस्कार | १०६ |
| ४.४.१.३ | डाइनी तथा बोक्सीप्रतिको विश्वास | १०७ |
| ४.४.१.४ | भूतप्रेत तथा मसानप्रतिको विश्वास | १०८ |
| ४.४.१.५ | जादु, तन्त्रमन्त्र र योगप्रतिको विश्वास | १०८ |
| ४.४.१.६ | लोकविश्वास | १०९ |
| ४.४.१.७ | अतिकल्पनाप्रतिको विश्वास | ११० |
| ४.४.१.८ | आत्मशीलताप्रतिको विश्वास | १११ |
| ४.४.१.९ | सामन्ती संस्कृति | १११ |
| ४.४.१.१० | पुँजीवादी संस्कृति | ११२ |
| ४.४.१.११ | साम्राज्यवादी संस्कृति | ११३ |

४.५ निष्कर्ष ११४

## पाँचौं परिच्छेद

उपसंहार

५.१ सारांश ११५

५.२ निष्कर्ष ११६

५.३ केही सुझावहरू ११६

सन्दर्भग्रन्थसूची

# सङ्क्षिप्त रूप

अनु. - अनुवादक

-

ए.सं. - एघारौं संस्करण

गा.वि.स. - गाउँ विकास समिति

जि.वि.स. - जिल्ला विकास समिति

दो.सं. - दोस्रो संस्करण

ने.रा.प्र.प्र. - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

पा.वि.के. - पाठ्यक्रम विकास केन्द्र

पृ. - पृष्ठ

वि.सं. - विक्रम संवत्

सम्पा. - सम्पादक

सं - संस्करण

त्रि.वि. - त्रिभुवन विश्वविद्यालय

# पहिलो परिच्छेद

## शोधप्रस्ताव

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **'झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन'** रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार परिएको  हो ।

### १.३ विषय परिचय

लोकमा प्रचलित एवम् मौखिक परम्परामा जीवित दन्त्यकथाहरू नै लोककथा हुन् । यसले लोकसाहित्यको आख्यानयुक्त गद्यविधाका रूपमा आफ्नो स्थान जमाएको छ र मानवसभ्यताको विकाससँगै आफ्नो अस्तित्व पनि कायम गरेको देखिन्छ । यस्ता कथाहरूमा लोकजीवन एवम् समाजको यथार्थ बिम्ब भेटिन्छ । यसर्थ समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययनका लागि पनि यिनीहरूको स्थान उच्च रहेको छ । अहिलेको समाज दिनप्रतिदिन जटिल र विषाक्त बन्दै गएको अवस्थामा यसको कारणको खोजी गर्दै समाजलाई सुमार्गमा डोऱ्याउनका लागि पनि यिनीहरूको स्थान उच्च रहेको छ र यस कार्यलाई गति दिनुपर्ने देखिन्छ ।

लोककथाका आफ्नै विशेषताहरू रहेका छन् । यस्ता कथाहरूमा कल्पनात्मकता, तिलस्मी प्रवृत्ति, नित्य नवीनता, सरल भाषाशैली , रोमाञ्चकता आदि विशेषताहरू भेटिन्छन् । मानव, मानवेतर प्राणीहरू, अतिमानव, दैवी पात्र तथा अन्य निर्जीव वस्तुहरू पनि यस्ता कथामा पात्र बनेर आएका हुन्छन् । लोककथा एक सिङ्गो संरचना भएकाले यो विभिन्न घटकहरूको योगबाट बनेको हुन्छ । यस्ता घटकहरूमा कथानक, पात्र, परिवेश, संवाद, उद्देश्य, भाषा, शैली, लोकतत्त्व र अभिप्राय (मोतीलाल पराजुलीको व्याख्यान) रहेका छन् । यस्ता

कथाको मूल उद्देश्यमा मनोरञ्जन, नैतिक शिक्षा, ब्यावहारिक ज्ञान जस्ता कुराहरू प्रदान गर्नु हो ।

झापा नेपालको पूर्वी सिमानाको जिल्ला हो र यो नेपालको तराई प्रदेशअन्तर्गत पर्दछ । यो भौगोलिक, सामाजिक, पारिवारिक, सांस्कृतिक, ऐतिहासिक, राजनैतिक आदि विविध दृष्टिले पृथक् अस्तित्व बोकेको जिल्ला हो । यहाँ विविध मूलका मानिसहरू बसोवास गर्दै आएका छन् र यहाँको

सामाजिक संरचना अलि जटिल देखिन्छ । यहाँ प्रचलित लोककथाहरूमा यस्ता तथ्यहरू भेटिन्छन् । यस जिल्लामा लोककथा सुन्ने र सुनाउने परम्परा हाल लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । यसो हुनुमा सहरी सभ्यताको प्रभाव एवम् विषाक्त संस्कृतिले भूमिका खेलेको देखिन्छ । लोककथाहरू राज्यका अमूल्य सम्पत्ति भएकाले यिनीहरूको अध्ययन, अनुसन्धान, एवम् संरक्षण गर्नुपर्ने देखिन्छ । तसर्थ प्रस्तुत शोधपत्रमा झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन एवम् समाजशास्त्रीय अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली लोककथाहरूमा नेपाली समाजका विविध पक्षहरूको चित्रण भएको पाइन्छ । यसैगरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि यस्ता तथ्यहरू भेटिन्छन् । यस जिल्लामा लोककथाहरू सुन्ने र सुनाउने प्रचलन पाइए तापनि यस्ता लोककथाका बारेमा हालसम्म विशेष अध्ययन भएको देखिँदैन । त्यसैले यस शोधपत्रको मूल समस्या भनेको झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको विशेष अध्ययन यसपूर्व नपाइनु नै हो । अन्य समस्याहरू निम्नलिखित रहेका छन् :

१) झापा जिल्लामा के कस्ता लोककथाहरू रहेका छन् ?

२) यहाँका लोककथाहरूमा राजव्यवस्था, समाज, परिवार, संस्कृतिलगायतका पक्षहरूसँगसम्बन्धित के कस्ता विवरणहरू भेटिन्छन् ?

३) यहाँका लोककथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

यिनै समस्यामाथि केन्द्रित भएर प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५ शोधको उद्देश्य

यस शोधपत्रको मूल उद्देश्य झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूका माध्यमबाट यस जिल्लाको पहिचान गराउनु एवम् यहाँका लोककथाहरूलाई राष्ट्रिय स्तरमा पहिचान गराउनु हो । अन्य उद्देश्यहरू निम्नलिखित रहेका छन् :

१) झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गर्नु,

२) सङ्कलित लोककथाहरूको समाजशास्त्रीय अध्ययन गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विविध विधाहरूको अध्ययन धेरै विद्वान्हरूले गरेका छन् । यसो भए तापनि झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको छुट्टै सङ्कलन एवम् अध्ययन भएको पाइँदैन । नेपाली लोककथा तथा यस क्षेत्रमा लोककथाका सम्बन्धमा निम्नलिखित कार्यहरू भएको देखिन्छ ।

१. तुलसी दिवसले 'नेपाली लोककथा' २०३२ मा लोककथाको सैद्धान्तिक परिचय दिई अधिराज्यव्यापी लोककथा सङ्कलन गरेका छन् र सङ्कलनका क्रममा पूर्वाञ्चलका धेरैजसो जिल्लाका लोककथाहरू सङ्कलित छन् तर यसमा झापा जिल्लाका लोककथाहरू समेटिएका छैनन् । [१]

२. राजेन्द्र सुवेदी र धरणीप्रसाद गौतमले 'मेची अञ्चलका लोककथाहरूको सङ्कलन' २०३८ ( प्रतिवेदन) मा मेची अञ्चलका लोककथाहरूको सङ्कलन गरेका छन् । यसमा झापा जिल्लाका पनि केही लोककथाहरू समेटिएका छन् तर तिनको विश्लेषण गरिएको छैन ।[२]

१. तुलसी दिवस, नेपाली लोककथा , (काठमाडौं : ने.रा.प्र.प्र, २०३२) ।

२. राजेन्द्र सुवेदी एवम् धरणीप्रसाद गौतम, मेची अञ्चलका लोककथाहरूको सङ्कलन , प्रतिवेदन, (इलाम : २०३८) ।

३. धर्मराज थापा र हंसपुरे सुवेदीले 'नेपाली लोकसाहित्यको विवेचना' २०४१ मा लोककथाबारे सामान्य चर्चा गरेका छन् तर यससम्बन्धी विशेष अध्ययन भएको पाइँदैन । [३]

४. चूडामणि बन्धुले 'नेपाली लोकसाहित्य' २०५८ मा लोकसाहित्यका अन्य विधाका साथै लोककथाबारे पनि चर्चा गरेका छन् र यहाँ नेपालमा प्रचलित केही लोककथाहरू पनि समेटिएका छन् तर लोककथाबारे विस्तृत चर्चा भने गरिएको छैन् । [४]

५. लोककथा विशेषाङ्क 'मधुपर्क' २०५९ मा विभिन्न विद्वान्हरूले लोककथाको सैद्धान्तिक परिचय दिएका छन् र यसमा केही लोककथाहरू पनि सङ्कलित छन् तर तिनको विश्लेषण गरिएको छैन् । [५]

६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले 'लोकवार्ताविज्ञान र लोकसाहित्य' २०६३ मा लोककथाको सैद्धान्तिक परिचय दिएका छन् र यसमा नेपालमा प्रचलित केही लोककथाहरू पनि सङ्कलित छन् तर तिनको विश्लेणण गरिएको छैन । [६]

७.	कृष्णप्रसाद तिम्सिनाले 'नेपाली साहित्यमा झापा जिल्लाको योगदान २०५५ त्रि.वि.शोधपत्रमा झापा जिल्लाको साहित्यिक रूपरेखा प्रस्तुत गरेका छन् तर यसमा लोककथाबारे चर्चा गरिएको छैन ।[७]

८.	शम्भुप्रसाद कोइरालाले 'लोकसाहित्य :सिद्धान्त र विश्लेषण' २०५५ मा लोककथाबारे सामान्य चर्चा गरेका छन् तर यससम्बन्धी विशेष चर्चा भएको पाइँदैन ।[८]

---

३.	धर्मराज थापा एवम् हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना , (काठमाडौं : पा.वि.के. त्रि.वि, २०४१) ।

४.	चूडामणि बन्धु , नेपाली लोकसाहित्य , (काठमाण्डौं : एकता बुक्स , २०५८),पृ- २८४

५.	सम्पा : कपिल घिमिरे, मधुपर्क, वर्ष ३५, अङ्क ४, २०५९ भदौ ।

६.	मोहनराज शर्मा एवम् खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ताविज्ञान र लोकसाहित्य , ( काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, २०६३),पृ - २७१ ।

७.	कृष्णप्रसाद तिम्सिना, नेपाली साहित्यमा झापा जिल्लाको योगदान , (स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर :२०५५) ।

८.	शम्भुप्रसाद कोइराला, लोकसाहित्य : सिद्धान्त र विश्लेषण, (बिराटनगर :धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५) ।

९.	इमानसिंह चेम्जोङले 'किराँती दन्त्यकथा' २०२१ सङ्ग्रहमा किराँत समुदायमा प्रचलित लोककथाहरू सङ्कलन गरेका छन् तर यिनीहरूलाई स्थानगत आधारमा चिनाइएको छैन ।[९]

१०.	शिवकुमार श्रेष्ठले 'किराँती लोककथा सँगालो ' २०५१ सङ्ग्रहमा पूर्वाञ्चलका किराँत समुदायमा प्रचलित लोककथाहरू सङ्कलन गरेका छन् तर यस सङ्ग्रहमा झापा जिल्लाका लोककथाहरू समेटिएका छैनन् ।[१०]

११.	मोतीलाल पराजुलीले 'सोरठी नृत्यनाटिका' २०६३ मा लोकसाहित्यका विभिन्न सिद्धान्तका आधारमा सोरठीको अध्ययन गरेका छन् । यस क्रममा समाजशास्त्रीय अध्ययनपद्धतिका आधारमा पनि सोरठीको अध्ययन गरेका छन् र यो लोकसाहित्यका अन्य विधाहरूको समाजशास्त्रीय अध्ययनका लागि आधारस्तम्भ बनेको छ तर लोककथाबारे भने चर्चा गरिएको छैन ।[११]

१२.	जनकलाल शर्माले 'हाम्रो समाज: एक अध्ययन' २०३९ मा नेपाली समाजबारे चर्चा गर्दा लोककथाबारे पनि चर्चा गरेका छन् तर यससम्बन्धी विस्तृत चर्चा भने गरिएको छैन ।[१२]

९. इमानसिंह चेम्जोङ, किराँती कन्त्यकथा , (काठमाडौं: रायल नेपाल एकेडेमी, २०२१) ।

१०. शिवकुमार श्रेष्ठ, किराँती लोककथा सँगालो , (धनकुटा: श्रीमती गङ्गादेवी श्रेष्ठ,२०५१) ।

११. मोतीलाल पराजुली, सोरठी नृत्यनाटिका , (काठमाडौं: दीक्षान्त पुस्तक भण्डार, २०६३), पृ- ८१ ।

१२. जनकलाल शर्मा, हाम्रो समाज: एक अध्ययन, (काठमाडौं: साझा प्रकाशन, २०३९), पृ- १६९

## १.७ शोधकार्यको औचित्य

झापा जिल्लामा छरिएर रहेका जनजिब्रोमा मात्र सीमित लोककथाहरू सङ्कलन गरी तिनीहरूको समाजशास्त्रका सिद्धान्तका आधारमा अध्ययन गर्नु यस शोधपत्रको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

लोककथा लोकमानसको ढुकढुकी भएका कारण यसको सीमाङ्कन गर्नु एक जटिल कार्य हो तापनि विशेष अध्ययनका लागि निश्चित क्षेत्र तोकेमा राम्रोसँग अध्ययन गर्न सकिने भएकाले झापा जिल्लाका दुई नगरपालिका र सातवटा गा.वि.स. मा सीमित रहेर लोककथाहरू सङ्कलन गरिएको छ । यस्ता गा.वि.सहरूमा अनारमनी, शनिश्चरे, चारपाने, खुदुनाबारी, अर्जुनधारा, सुरुङ्गा र तोपगाछी रहेका छन् भने दुई नगरपालिका भद्रपुर र दमकमा सीमित रहेर लोककथाहरू सङ्कलन गरिएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्नका लागि आवश्यक सामग्री सङ्कनका क्रममा क्षेत्रीय अध्ययनपद्धतिको उपयोग गरिएको छ । झापा जिल्लाका विभिन्न स्थानमा यात्रा गरी त्यहाँ प्रचलित लोककथाहरू भन्न लगाई लेख्ने र रेकर्ड गर्ने कार्य गरिएको छ । सम्बन्धित ठाउँका बूढाबूढी, युवायुवती, साक्षर, निरक्षर, बालबालिका आदि सबै तहका मानिसहरूसँग भेट गरी सोधखोज गरिएको छ । सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय पद्धतिको समेत उपयोग गरिएको छ ।

शोधविधिका क्रममा अन्तर्विषयक अध्ययनपद्धतिको उपयोग गरिएको छ र यस कार्यका लागि समाजशास्त्रीय अध्ययनपद्धतिको उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित मुल शीर्षक र आवश्यकताअनुसार उपशीर्षकहरूमा राखी अध्ययन एवम् विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : समाजशास्त्रको सैद्धान्तिक परिचय

तेस्रो परिच्छेद : झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन

चौथो परिच्छेद : सङ्कलित लोककथाहरूको समाजशास्त्रीय विश्लेषण

पाँचौं परिच्छेद : उपसंहार

# दोस्रो परिच्छेद

## समाजशास्त्रको सैद्धान्तिक परिचय

### २.१ समाजशास्त्रको परिचय

'समाजशास्त्र' शब्द अङ्ग्रेजी 'Sociology' को नेपाली स्वरूप हो । यसको शाब्दिक अर्थ समाजको अध्ययन गर्ने विज्ञान हुन्छ । 'Sociology' शब्दको निर्माण ल्याटिन भाषाको 'Socius' तथा 'Societus' र ग्रिसेली भाषाको 'Logas' मिली बनेको छ । Socius तथा Societus को अर्थ समाज र Logas को अर्थ अध्ययन तथा विज्ञान हो । यसप्रकार Socius र Logas बाट यसको निर्माण भएकाले यसलाई समाजशास्त्र तथा समाजविज्ञान [Sociology] भनिन्छ । यसले मानवसमाजको मात्र अध्ययन गर्दछ । समाजशास्त्रले मानवसमाजको अन्तर्क्रिया, सामाजिक सङ्घर्ष, सहयोग, सामूहिक व्यवहार, राज्य, परिवार, संस्कृति, नाता, बालअपराध, दैनिकरूपमा घटने घटनाहरू आदिको वैज्ञानिक अध्ययन गर्ने प्रयत्न गर्दछ ।

समाजको अध्ययन गर्ने काम धेरै पहिलेदेखि नै पाइए तापनि समाजशास्त्र नामक छुट्टै विषयको स्थापना भने सन् १८३८ देखि मात्र भएको हो । यस विषयलाई छुट्टै विज्ञानको रूपमा चिनाउने श्रेय फ्रान्सेली चिन्तक अगस्ट कोम्टेलाई रहेको छ । सन् १८३८ मा कोम्टेले समाजका घटनाहरूको अध्ययन गर्ने विज्ञानलाई समाजशास्त्र भन्ने नाम दिए । यही कारणले उनलाई 'समाजशास्त्रका पिता' भनिन्छ । कोम्टेपछि जे.एस् मिल, हर्बर्ट स्पेन्सर, इमाइल दुर्खिम र म्याक्सवेबरले यस शास्त्रको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । यसकारण यी चार विद्वान्हरूलाई 'समाजशास्त्रका चार संस्थापक पिता' भनिन्छ । फ्रान्समा जन्म भएको यस शास्त्रले क्रमशः विश्वभरि आफ्नो स्थान जमाउन सफल भयो । सन् १८७६ देखि संयुक्त राज्य अमेरिकामा र बेलायतमा सन् १९०७ देखि यस शास्त्रलाई एक भिन्न विषयका रूपमा स्थापना गरियो । यसैगरी भारत र पोल्यान्डमा प्रथम विश्वयुद्धपछि यसको स्थापना भएको पाइन्छ । नेपालमा वि.सं. २०३८ सालदेखि यस विषयको अध्ययन तथा अध्यापन कार्यको प्रारम्भ भएको पाइन्छ । त्रि.वि. ले २०३८ सालदेखि यस कार्यको प्रारम्भ गरेको छ ।

### २.१.१ समाजशास्त्रको परिभाषा

विद्वान्‌हरूले समाजशास्त्रका बारेमा आ-आफ्ना धारणा व्यक्त गरेका छन् । यसो भए तापनि समाजशास्त्र समाजको विज्ञान हो भन्ने कुरामा भने विद्वान्‌हरूबीच एउटै मत रहेको पाइन्छ ।

समाजशास्त्री एल्.एफ्.वार्डका अनुसार *“समाजशास्त्र समाजको विज्ञान हो ।”* १ यस परिभाषाबाट के स्पस्ट हुन्छ भने समाजशास्त्रले समाजका विविध पाटाहरूको अध्ययन गर्दछ । यसै क्रममा म्याक्सवेबर भन्दछन् *“समाजशास्त्र त्यस्तो विज्ञान हो जसले सामाजिक अन्तर्क्रियाको अर्थपूर्ण बोध गराउने प्रयत्न गदर्छ ।”२* यस परिभाषाले समाजशास्त्रलाई सामाजिक अन्तर्क्रियाको अध्ययन गर्ने विज्ञानको रूपमा चिनाएको छ । पि.ए.सोरोकिनका अनुसार *“समाजशास्त्र सामाजिक सांस्कृतिक पक्षको सामान्य रूप तथा अनेक प्रकारका अन्तर्सम्बन्धको अध्ययन गर्ने सामान्य विज्ञान हो ।”* ३ यस परिभाषाले समाजशास्त्रलाई समाजको अध्ययन गर्ने एक सामान्य विज्ञानको रूपमा चिनाएको छ ।

---

*१. रेसराज अधिकारी, समाजशास्त्र र मानवशास्त्रको परिचय ,(ए.सं)*
*, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६४), पृ-३*

*२. विद्याभूषण एवम् डि.आर. सचदेव, समाजशास्त्रके सिद्धान्त ,(दो.सं)*
*,(इलाहाबाद : किताव महल, २२- ब्सरोजनी नायडू मार्ग, भारत, सन् १९९९), पृ-६*

*३. ऐजन*

यस सन्दर्भमा मोतीलाल पराजुली भन्छन् *"समाज र यसको संरचना, राज्य र राज्यव्यवस्था, परिवार र पारिवारिक सम्बन्ध, जातीय लोकसंस्कृति र यसको महत्त्व आदि समाजसित प्रत्यक्ष सम्बन्ध राख्ने विभिन्न पक्षको अध्ययन गर्ने शास्त्र समाजशास्त्र हो ।"* [४] यस परिभाषाले समाजका विविध पक्षहरूको अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्रका रूपमा चिनाएको पाइन्छ । यसका साथै यस परिभाषामा लोकसाहित्यको समाजशास्त्रीय अध्ययनका लागि आधारभूमि खडा भएको छ । यस्तो अध्ययन राज्य, समाज, परिवार र संस्कृति आदि पक्षहरूसँग सम्बन्धित हुने भएकाले पराजुलीको परिभाषा महÎवपूर्ण रहेको छ । अक्सफोर्ड डिक्सनरीमा समाजशास्त्र शब्दको अर्थ "समाज र सामाजिक समस्याहरूको अध्ययन"[५] भनिएको छ ।

निष्कर्षमा हामी के भन्न सक्छौं भने *समाजशास्त्र मानवसमाजको वैज्ञानिक अध्ययन गर्न प्रयत्न गर्ने ज्ञानको एक शाखा हो र यो विशिष्ट विज्ञान नभएर एक सामान्य विज्ञान हो ।*

---

*४. मोतीलाल पराजुली, सोरठी नृत्यनाटिका ,(काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ,२०६३) , पृ-८१ ।*

*५. अक्सफोर्ड डिक्सनरी, अक्सफोर्ड विश्वविद्यालय प्रेस, भारत, सन् २००३, पृ-५७० ।*

## २.२ समाजशास्त्रका विशेषताहरू

समाजशास्त्रका आफ्नै विशेषताहरू रहेका छन् । यसलाई कसैले विज्ञान भनेका छन् भने कसैले विज्ञान भन्न मिल्दैन पनि भनेका छन् । त्यसैले यसका विशेषताहरू पनि विविध खाले रहेका छन् ।

### २.२.१ समाजशास्त्र सामाजिक विज्ञान हो

समाजशास्त्रले समाजको अध्ययन गर्ने भएकाले यसलाई समाजको विज्ञान भनिन्छ । यसले प्राकृतिक विज्ञानले झैं प्राकृतिक तथ्यको अध्ययन नगरी सामाजिक घटनाको अध्ययन गर्दछ ।

### २.२.२ समाजशास्त्र एउटा अमूर्त विज्ञान हो

सामाजिक संरचना तथा सामाजिक सम्बन्ध अमूर्त हुन्छ । समाजशास्त्रले यिनै अमूर्त पक्षको अध्ययन गर्दछ । तसर्थ यो एउटा अमूर्त विज्ञान हो ।

### २.२.३ समाजशास्त्र तार्किक एवम् अनुभवसिद्ध विज्ञान हो

सामाजिक घटनाहरू तथा सामाजिक समस्याहरूको अध्ययन तार्किक तथा अनुभवसिद्ध बाटोबाट गर्न सकिने हुँदा समाजशास्त्र तार्किक एवम् अनुभवसिद्ध विज्ञान हो ।

### २.२.४ समाजशास्त्र एक सामान्य विज्ञान हो

समाजशास्त्र विशिष्ट विज्ञान नभएर एक सामान्य विज्ञान हो । यसले सामाजिक घटनाहरूको सामान्य अध्ययन गर्दछ तर त्यसमा पर्ने राजनैतिक, भौगोलिक, आर्थिक, ऐतिहासिक आदि पक्षको विस्तृत अध्ययन भने गर्दैन ।

### २.२.५ समाजशास्त्र एउटा स्वतन्त्र विज्ञान हो

समाजशास्त्र भौतिक विज्ञान,जीवविज्ञान, तथा रसायन विज्ञान जस्ता कुनै पनि विज्ञानको शाखा नभएर ज्ञानको एक भिन्न शाखा भएकाले यो एउटा स्वतन्त्र विज्ञान हो ।

### २.२.६ समाजशास्त्रमा वस्तुनिष्ठताको कमी हुन्छ

भौतिक विज्ञानले विषयवस्तुको तथ्यपूर्ण अध्ययन र विश्लेषण गर्दछ भने सामाजिक घटनाहरूको अध्ययन वस्तुनिष्ठ हुँदैन । तसर्थ यसमा यथार्थताको कमी रहन्छ ।

### २.२.७ समाजशास्त्रमा परीक्षणको कमी रहन्छ

समाजशास्त्रले मानवीय व्यवहार तथा मानवसमाजको अध्ययन गर्दछ तर मानिसको व्यवहार तथा समाज परिवर्तन भैरहने हुँदा यस्ता कुराहरूलाई प्रयोगशालामा राखेर हेर्न कठिन पर्छ । फलस्वरूप यसमा परीक्षणको कमी रहन्छ ।

यी विशेषताहरूबाट के स्पष्ट हुन्छ भने समाजशास्त्र समाजको अध्ययन गर्ने विज्ञान हो ।

## २.३ समाजशास्त्रका शाखाहरू

अहिलेको युग दिनप्रतिदिन जटिल बन्दै गएकोले मानव जीवन र मानवसमाज पनि अनन्त प्रकारका विसङ्गतिहरूले गर्दा कस्टकर बन्दैछ । तसर्थ अहिलेको जटिल समाजलाई बुझ्न एउटै शाखा मात्र पर्याप्त नहुने भएकाले समाजशास्त्रका विविध शाखाहरूको विकास हुने प्रक्रिया कायमै छ । त्यसैले समाजशास्त्रका शाखाहरू यति नै छन्  भनेर भन्न कठिन पर्छ । हालसम्ममा विकास भएका शाखाहरू यसप्रकार रहेका छन् :

### २.३.१ सैद्धान्तिक समाजशास्त्र

समाजशास्त्रको यस शाखाअन्र्तगत समाजशास्त्रको सैद्धान्तिक पक्षको अध्ययन गरिन्छ जसअन्र्तगत लघु सिद्धान्त, मध्यमार्गी सिद्धान्त तथा बृहत् सिद्धान्त आदि पर्दछन् । यस क्षेत्रमा कार्ल मार्क्स, इमाइल, दुर्खिम, अगस्ट कोम्टे, म्योक्सवेबर आदि चिन्तकहरूको योगदान रहेको छ।

### २.३.२ ऐतिहासिक समाजशास्त्र

ऐतिहासिक समाजशास्त्रअन्र्तगत सामाजिक घटनाहरूको ऐतिहासिक ब्याख्या गरिन्छ । सामाजिक संरचना, सामाजिक संस्था, समूह आदिको उत्पत्ति कहिले भयो र कसरी भयो भन्ने तथ्यको अध्ययन यस शाखाले गर्दछ । पि.ए. सोरोकिन, आर्नोल्ड टायवनी आदि विद्वान्हरूले यस क्षेत्रमा विशेष योगदान पु¥याएका छन् । टायवनीले विश्वको हिन्दू, मिश्र, रोमन आदि जस्ता प्रमुख एक्काईस सभ्यताको पाँच हजार वर्ष पुरानो इतिहासको समाजशास्त्रीय अध्ययन गरेका छन् । ६

### २.३.३ शिक्षाको समाजशास्त्र

समाजशास्त्रको यस शाखाअर्न्तगत शिक्षाको सिद्धान्त, शैक्षिक संस्था तथा शैक्षिक सङ्गठनहरू आदिको अध्ययन गरिन्छ । यसको अध्ययन स्कुल, क्याम्पस जस्ता निकायहरूमा सीमित रहन्छ ।

### २.३.४ राजनैतिक समाजशास्त्र

राज्य, सरकार, नेतृत्व, शक्ति आदि कुराहरूको अध्ययन राजनैतिक समाजशास्त्रले गर्दछ । यो राजनीतिसँग सम्बन्धित शाखा भएकाले यसको राजनीतिशास्त्रसँग निकट सम्बन्ध रहेको छ ।

---

६. *रेसराज अधिकारी , __पूर्ववत्__ , पृ-२६ ।*

### २.३.५ ग्रामीण समाजशास्त्र

ग्रामीण संस्था, समूह, सङ्गठन, संरचना आदिको अध्ययन ग्रामीण समाजशास्त्र नामक शाखाले गर्दछ । ग्रामीण परिवेशका अन्तर्सम्बन्धहरू तथा सामाजिक समस्याहरूको अध्ययन तथा विश्लेषण यस शाखाले गर्दछ ।

### २.३.६ कानुनको समाजशास्त्र

कानुनको समाजशास्त्र नामक शाखाले प्रचीन तथा आधुनिक समाजका कानुनको प्रकृति तथा भिन्नता आदिबारे अध्ययन गर्दछ । यसले सामाजिक परिर्वतन तथा सामाजिक नियन्त्रणमा कानुनको भूमिका कस्तो हुन्छ भन्ने तथ्यको पनि अध्ययन गर्दछ ।

### २.३.७ धर्मको समाजशास्त्र

समाजशास्त्रको यस शाखाले धर्मको उत्पत्ति, महÎव तथा यसले समाजमा पार्ने प्रभावका बारेमा अध्ययन गर्दछ । यस शाखाले धर्मको समग्र पक्षको बोध गराउने प्रयत्न गर्दछ ।

### २.३.८ साहित्य तथा कलाको समाजशास्त्र

साहित्य तथा कलाले समाजमा कस्तो प्रभाव पार्छ भन्ने कुराको अध्ययन यस शाखाले गर्दछ । लोकसाहित्य तथा लोककलाले प्राचीन कालदेखि कस्तो भूमिका खेल्दै आएको छ भन्ने कुराको अध्ययन यस शाखाले गर्दछ ।

### २.३.९ परिवारको समाजशास्त्र

समाजशास्त्रको यस शाखाले परिवारको उत्पत्ति, विकास र प्रकारबारे अध्ययन गर्दछ । यसले परिवारका विशेषता, महÎव, कार्य तथा परिवारमा आउने परिवर्तन आदि कुराको अध्ययन गर्दछ ।

### २.३.१० आर्थिक समाजशास्त्र

समाजशास्त्रको यस शाखाले आर्थिक विकासमा समाजको भूमिका तथा आर्थिक विकासका विभिन्न पक्षको अध्ययन गर्दछ । आर्थिक विकाससँग सम्बन्धित बिचारधाराको अध्ययन गर्ने यस शाखाले मिश्रित अर्थतन्त्र, पुँजीवाद, समाजवाद जस्ता आर्थिक तथा सामाजिक पक्षको विश्लेषण गर्दछ ।

### २.३.११ प्रजातिको समाजशास्त्र

समाजशास्त्रको यस शाखाले विश्वमानव समूहमा शारीरिक विशेषताका आधारमा जुन भिन्नाभिन्नै प्रकारका मानव समूहहरू छन् तिनीहरूको शारीरिक लक्षण फरक हुने कुराको अध्ययन गर्दछ । ७ यो प्रजातिको अध्ययन गर्ने समाजशास्त्रको एक शाखा हो ।

### २.३.१२ अपराधशास्त्र

समाजशास्त्रको यस शाखाले समाजमा हुने अपराध तथा आपराधिक व्यवहारको अध्ययन गर्दछ । अपराधको सिद्धान्त,उत्पत्ति, बालअपराध, आत्महत्या आदिसँग सम्बन्धित घटनाको अध्ययन यस शाखाले गर्दछ ।

### २.३.१३ आन्दोलनको समाजशास्त्र

समाजशास्त्रको यस शाखाले विभिन्न समयमा भएका राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक आदि आन्दोलनको अध्ययन गर्दछ ।

---

*&= P]hg, k[-#)*

### २.३.१४ औद्योगिक समाजशास्त्र

औद्योगिक समाजशास्त्र उद्योगसँग सम्बन्धित शाखा हो । यसले मालिक र मजदुर बीचको सम्बन्ध, मजदुर सङ्गठन,औद्योगिक झगडा, श्रमिकका समस्या आदि पक्षको अध्ययन गर्दछ ।

यसैगरी चिकित्साको समाजशास्त्र, नगरीय समाजशास्त्र, जनसङ्याशास्त्र, सामाजिक मनोविज्ञान, सेनाको समाजशास्त्र, शान्ति तथा विकासको समाजशास्त्र, सामाजिक मानवशास्त्र, साना समूहहरूको समाजशास्त्र आदि समाजशास्त्रका शाखाहरूको पनि विकास भएको छ । यसैगरी अन्य शाखाहरूको विकास हुने प्रक्रिया पनि कायमै छ ।

## २.४ समाजशास्त्र र ज्ञानका अन्य शाखाबीच सम्बन्ध

ज्ञानको एक शाखाको अर्को शाखासँग सम्बन्ध रहेको हुन्छ । समाजशास्त्रको पनि ज्ञानका अन्य केही शाखासँग सम्बन्ध रहेको छ । समाजशास्त्रले समाजका विविध पक्षहरू जस्तै आर्थिक, राजनैतिक, ऐतिहासिक, नैतिक, मनोवैज्ञानिक आदिको अध्ययन गर्ने भएकाले यस्ता विषयसँग समाजशास्त्रको सम्बन्ध रहेको छ । यसैगरी यी विषयहरूले पनि सामाजिक जीवनलाई आ-आफ्नै दृष्टिकोणबाट हेर्ने गर्दछन् । तसर्थ यिनीहरूबीच सम्बन्ध रहेको छ ।  मानवशास्त्र, विधिशास्त्र, जीवविज्ञान जस्ता विषयसँग पनि समाजशास्त्रको सम्बन्ध रहेको छ । यस्ता विषयहरूसँग समाजशास्त्रको केही सम्बन्ध र केही भिन्नता रहेको पाइन्छ ।

### २.४.१ समाजशास्त्र र इतिहास

इतिहासले मानव समाजको कालक्रमिक विवेचना गर्दछ भने समाजशास्त्रले पनि विभिन्न समाजको ऐतिहासिक विकासक्रमको अध्ययनमा रुचि राख्ने भएकाले यी दुईबीच घनिष्ठ सम्बन्ध रहेको छ। यति हुँदाहुँदै पनि यी दुईबीच केही भिन्नता पनि रहेका छन्। समाजशास्त्रले समाजका सामान्य सिद्धान्तको अध्ययन गर्छ भने इतिहासले ऐतिहासिक घटनाको कालक्रमिक विवेचना गर्दछ।

### २.४.२ समाजशास्त्र र मानवशास्त्र

समाजशास्त्र र मानवशास्त्रबीच निकट सम्बन्ध रहेको छ। समाजशास्त्रले मानवसमाजको अध्ययन गर्दछ भने मानवशास्त्रले मानवको उत्पत्ति तथा विकासबारे चर्चा गर्दछ। तसर्थ यी दुईबीच सम्बन्ध छ। समाजशास्त्रले मानवसमाजको वर्तमान पक्षको अध्ययनमा जोड दिन्छ भने मानवशास्त्रले अतीतलाई जोड दिने भएकाले यी दुईबीच भिन्नता रहेको छ। यिनीहरू भिन्नाभिन्नै शाखा भएकाले पनि यस यस कुराको पुष्टि हुन्छ।

### २.४.३ समाजशास्त्र र राजनीतिशास्त्र

राजनीतिशास्त्रले समाजको राजनैतिक अवस्था, शासन, सङ्गठन जस्ता पक्षको अध्ययन गर्दछ। समाजशास्त्रको अध्ययनविना राजनीतिशास्त्रको अध्ययन अपूर्ण हुन्छ। प्राचीन कालमा राज्यलाई समाजको रूपमा हेरिनुबाट पनि यस कुराको पुष्टि हुन्छ। यी दुईबीच भिन्नताहरू पनि रहेका छन्। समाजशास्त्र समाजको विज्ञान हो भने राजनीतिशास्त्र राज्यको विज्ञान हो। समाजशास्त्र सामान्य विज्ञान हो भने राजनीतिशास्त्र विशिष्ट विज्ञान हो।

### २.४.४ समाजशास्त्र र अर्थशास्त्र

समाजको समग्र अध्ययन गर्नका लागि आर्थिक पक्षको पनि अध्ययन गर्नुपर्छ। यसर्थ यी दुईबीच सम्बन्ध रहेको छ। अर्थशास्त्रले पनि समाजको आर्थिक पक्षको अध्ययन गर्नुले यस कुराको पुष्टि हुन्छ। समाजशास्त्रले मूल रूपमा सामाजिक अन्तर्सम्बन्धको अध्ययन गर्दछ भने अर्थशास्त्रले मूल रूपमा आर्थिक पक्षको अध्ययन गर्ने भएकाले यी दुईबीच भिन्नताहरू रहेका छन्।

### २.४.५ समाजशास्त्र र सामाजिक मनोविज्ञान

समाजशास्त्रले समाजको एवम् सामाजिक मनोविज्ञानले मानिसलाई सामाजिक प्राणी मानेर यसको मानसिक गतिविधिको अध्ययन गर्ने भएकाले यी दुईबीच सम्बन्ध रहेको छ । समाजशास्त्रले सामाजिक पक्षको तथा सामाजिक मनोविज्ञानले ब्यक्ति तथा समूहको मानसिक पक्षको अध्ययन गर्ने हुँदा यी दुईबीच भिन्नता पनि रहेको छ ।

### २.४.६ समाजशास्त्र र भूगोल

मानवसमाजको विकासमा भौगोलिक प्रभाव पनि प्रशस्त पर्ने हुदा भूगोलको अध्ययनविना समाजको अध्ययन अपूर्ण हुन्छ । यसर्थ यी दुईबीच सम्बन्ध छ । यति हुँदाहुँदै पनि भूगोल र समाजशास्त्र स्वतन्त्र अस्तित्व भएका ज्ञानका दुई शाखा भएकाले यिनीहरूबीच भिन्नता पनि रहेको छ ।

### २.४.७ समाजशास्त्र र नीतिशास्त्र

नीतिशास्त्र नैतिकतासँग सम्बन्धित ज्ञानको एक शाखा हो । समाजका आफ्नै खाले नीति, नियम, मूल्य र मान्यताहरू रहेका हुन्छन् । यी कुराहरूको अध्ययन नीतिशास्त्र र समाजशास्त्र दुवैले गर्ने भएकाले यी दुईबीच सम्बन्ध छ ।  नीतिशास्त्र आदर्शविज्ञान तथा समाजशास्त्र व्यावहारिक विज्ञान भएकाले यी दुईबीच भिन्नता पनि रहेको छ ।

### २.४.८ समाजशास्त्र र विधिशास्त्र

विधिशास्त्र कानुनी नियमको अध्ययन गर्ने शास्त्र हो । समाजमा मानिसको व्यवहार, नियम तथा कानुनद्वारा नियन्त्रित हुन्छ । यसको अध्ययन समाजशास्त्रले पनि गर्दछ ।  यसर्थ यी दुईबीच सम्बन्ध छ । समाजशास्त्र समाजमा केन्द्रित रहने तथा विधिशास्त्र कानुनमा केन्द्रित रहने भएकाले यी दुईबीच भिन्नता रहेको छ ।

### २.४.९ समाजशास्त्र र जीवविज्ञान

समाजशास्त्र र जीवविज्ञानबीच सम्बन्ध रहेको छ । डार्विनको विकासवादले समाजशास्त्रमा पनि स्थान जमाएकाले यस कुराको पुष्टि हुन्छ । समाजमा मानवीय व्यवहारको समग्र अध्ययन

गर्नका लागि जीवविज्ञानको सहायता लिनुपर्ने हुन्छ । समाजशास्त्र समाजको उत्पत्ति तथा विकासको अध्ययनमा केन्द्रित रहन्छ भने जीवविज्ञान प्राणीको उत्पत्ति तथा विकासको अध्ययनमा केन्द्रित रहन्छ । तसर्थ यी दुईबीच भिन्नता पनि रहेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समाजशास्त्र र ज्ञानका अन्य शाखाहरूबीच केही समानता र केही भिन्नता रहेको पाइन्छ ।

### २.५ समाजशास्त्रको क्षेत्र

समाजशास्त्रको विषयक्षेत्रका बारेमा विद्वान्हरू एक छैनन् । बि.एफ्. काल्बर्टनले यसको क्षेत्र यति नै छ भनेर सीमा तोक्न कठिन पर्छ भनेका छन् । केही विद्वान्हरूले यसको क्षेत्र विस्तृत मानेका छन् भने केही विद्वान्हरू भने यसलाई सीमित घेरामा राखेका छन् । कसैले समाजशास्त्रले संसारका सबै वस्तुको अध्ययन गर्छ भनी यसको क्षेत्रलाई विस्तृत रूपमा ब्याख्या गरेका छन् । यसको क्षेत्र यति विस्तृत भने अवश्य पनि छैन । यो मानवसमाजमा केन्द्रित रहने भएकाले यस कुराको पुष्टि हुन्छ । यस विषयको अध्ययनक्षेत्रका विषयमा आ-आफ्ना मतहरू अघि सार्दै दुईओटा सम्प्रदायहरू देखापरेका छन् ।  ती सम्प्रदायहरूलाई स्वरूपात्मक सम्प्रदाय र समन्वयात्मक सम्प्रदायका रूपमा चिनिन्छ । स्वरूपात्मक सम्प्रदायले समाजशास्त्रको क्षेत्रलाई सीमित घेरामा राखेको छ भने समन्वयात्मक सम्प्रदायले यसको क्षेत्र विस्तृत हुन्छ भनेको छ ।

### २.५.१ स्वरूपात्मक सम्प्रदाय

यस सम्प्रदायका प्रवर्तक जर्मनी समाजशास्त्री जर्ज सिमल हुन् । यससँग सम्बन्धित अन्य चिन्तकहरूमा म्याक्सवेबर, टेनिज, बनविज, बिरकान्त आदि रहेका छन् । सिमलका अनुसार " समाजशास्त्र तथा अन्य सामाजिक शास्त्रहरूबीच अन्तर रहेको छ यद्यपि यसले अन्य सामाजिक शास्त्रले झैं समान विषयको अध्ययन गर्छ तर एक भिन्न दृष्टिकोणले सामाजिक सम्बन्धको अध्ययन स्वरूपको नजिक रहेर गर्दछ । " ८

---

*८. विद्याभूषण एवम् डि. आर. सचदेव, __पूर्ववत्__ ,पृ. १७-१८।*

यस सम्प्रदायले समाजशास्त्रको क्षेत्र निश्चित हुनुपर्छ भन्ने कुरामा जोड दिन्छ । म्याक्सवेबरले यसको क्षेत्र सीमित हुनुपर्ने राय व्यक्त गरेका छन् । उनले समाजशास्त्रको उद्देश्य सामाजिक व्यवहारको व्याख्या र बोध गर्नु हो भनेका छन् । स्वरूपात्मक सम्प्रदायले सामाजिक सम्प्रदायको अमूर्त दृष्टिबाट अध्ययन समाजशास्त्रले गर्छ भन्ने कुरामा जोड दिन्छ ।

यसरी यस सम्प्रदायले समाजशास्त्रको क्षेत्रलाई सीमित पार्ने काम गरेको छ ।

### २.५.१.१ स्वरूपात्मक सम्प्रदायको आलोचना

स्वरूपात्मक सम्प्रदायले समाजशास्त्रको क्षेत्रलाई सीमित पार्ने प्रयत्न गरेकाले यस सम्प्रदायको आलोचना पनि गरिएको छ । यस सम्प्रदायले सामाजिक स्वरूपको अमूर्त पक्षको अध्ययनमा जोड दिएको छ तर सामाजिक संरचनाहरू अमूर्त मात्र हुदैनन् । यस सन्दर्भमा गिन्सबर्गले सिमलको मतको खण्डन गर्दै यस कुराको पुष्टि गरेका छन् । स्वरूपात्मक सम्प्रदायले विशुद्ध समाजशास्त्रको कल्पना गरेको छ तर अन्य शास्त्रहरूको अध्ययनविना समाजशास्त्रको अध्ययन पूर्ण हुदैन । यस सम्प्रदायका विद्वान्हरूले सामाजिक सम्बन्धको स्वरूप र अन्तर्वस्तुलाई छुट्याउने प्रयत्न गरेका छन् तर यसो गरेमा सामाजिक अध्ययन अपूर्ण हुन्छ । यसर्थ स्वरूपात्मक सम्प्रदायका मान्यताहरू त्यति उचित छैनन् ।

### २.५.२ समन्वयात्मक सम्प्रदाय

इलाइन दुर्खिम, हाबहाउस तथा पि. ए. सोरोकिन समन्वयात्मक सम्प्रदायका प्रमुख चिन्तकहरू हुन । यस सम्प्रदायका विद्वान्हरूले समाजशास्त्रलाई विशिष्ट विज्ञान नभै सामान्य विज्ञानका रूपमा हेरेका छन् । समाजशास्त्रको क्षेत्र स्वरूपसम्म मात्र सीमित नभै समाजको समग्र पक्ष हो  भनेका छन् । यसले राजनैतिक, आर्थिक, ऐतिहासिक आदि पक्षको पनि अध्ययन गर्नुपर्ने धारणा उनीहरूको रहेको छ । समाजशास्त्र एक सामान्य विज्ञान भएको हुँदा यसको क्षेत्रलाई विस्तार गर्नुपर्ने धारणा यस सम्प्रदायको रहेको छ । समाजशास्त्र र अन्य सामाजिक विज्ञानबीच घनिष्ठ सम्बन्ध रहेको विचार यस सम्प्रदायका विद्वान्हरूले व्यक्त गरेका छन् । पि.ए. सोरोकिन, इमाइल दुर्खिम, हबहाउस आदिले समाजशास्त्रलाई विज्ञानको पनि विज्ञान भन्दै यसको क्षेत्र विस्तार गर्ने प्रयत्न गरेका छन् । त्यसैले समाजशास्त्र एक विशाल समुन्द्र जस्तै हुनु पर्दछ जसमा अन्य सामाजिक

विज्ञानहरू नदी र नाला जस्तै आएर मिसिनु पर्दछ । ९ यस सन्दर्भमा बेलायती चिन्तक हबहाउसले अरू सामाजिक विज्ञानको अध्ययन समाजशास्त्रमा गरिनुपर्छ भन्दै यसको क्षेत्रमा विस्तार गर्ने कार्य गरेका छन् ।

यसरी यस सम्प्रदायले समाजशास्त्रको क्षेत्रलाई विस्तार गर्ने कार्य गरेको छ । समाजशास्त्रको क्षेत्र सीमित नभएर व्यापक भएकाले यस सम्प्रदायका मान्यताहरू उपयुक्त देखिन्छन् ।

## २.६ समाजशास्त्रको ऐतिहासिक विकासक्रम

समाजशास्त्रले सन् १८३८ देखि मात्र स्वतन्त्र अस्तित्व प्रांप्त गरेको हो । यस कार्यको प्रारम्भ फ्रान्सेली चिन्तक अगस्ट कोम्टेले गरेका हुन् । यसभन्दा अघि अन्य सामाजिक विज्ञानद्वारा सामाजिक घटनाहरूको अध्ययन गरिन्थ्यो । समाजशास्त्रीय चिन्तनको परम्परा तेह्रौं शताब्दीदेखि नै सुरु भएको पाइन्छ तर त्यति वेला समाजको अध्ययन धर्म तथा दर्शनको आधारमा गरिन्थ्यो । पन्ध्रौं शताब्दीपछि भने सामाजिक घटनाहरूको अध्ययन कार्यकारण सम्बन्धका आधारमा गर्न थालियो र यसले एक नयाँ विज्ञानको रूप धारण गऱ्यो । यसरी यस शास्त्रले विभिन्न घुम्तीहरू पार गर्दै यस अवस्थामा आइपुगेको छ । यसको विकासक्रमलाई मूल रूपमा चार चरणमा विभाजन गरिएको पाइन्छ ।

---

*९. रेसराज अधिकारी, __पूर्ववत्,__ पृ-१७*

### २.६.१ प्रथम चरण

पाश्चात्य सभ्यताभन्दा पूर्वीय सभ्यता प्राचीन भएकाले समाजसम्बन्धी अध्ययनको प्रारम्भ पनि पूर्वबाट नै भएको पाइन्छ । वेद, पुराण तथा महाकाब्य आदिबाट समाजसम्बन्धी अध्ययनको प्रारम्भ भएको पाइन्छ । पूर्वीय समाजमा प्रचलित वर्णाश्रम व्यवस्था यस कुराको स्पष्ट प्रमाण हो । १०

पश्चिमी समाजमा समाजसम्बन्धी अध्ययनको सुरुवात प्लेटो, अरस्तु आदि विद्वान्हरूले गरेका छन् । प्लेटोले आफ्नो पुस्तक 'गणतन्त्र' र अरस्तुले 'नीतिशास्त्र र राजनीतिशास्त्र' नामक

ग्रन्थमा समाजसम्बन्धी अध्ययन गरेका छन् । यी दुई विद्वान्पछि ल्युक्रिसिअस, सिसेरो, सेन्ट अगस्टाइन आदिले यस कार्यलाई गति दिने कार्य गरेका छन् ।

यसै सृङ्खलामा पूर्वमा मनु, कौटिल्य आदिले समाजको अध्ययन गर्ने कार्य गरेका छन् । मनुको ग्रन्थ 'मनुस्मृति' मा भारतीय समाजव्यवस्थाको चर्चा गरिएको छ भने कौटिल्यको अर्थशास्त्रमा सामाजिक तथा आर्थिक व्यवस्थाबारे चर्चा गरिएको छ । यो अवधि सुरुदेखि छैटौं शताब्दीसम्म लम्बिएको छ ।

### २.६.२ दोस्रो चरण

समाजवशास्त्रको एतिहासिक विकासक्रमको दोस्रो चरणको समयावधि छैटौं शताब्दीदेखि चौधौं शताब्दीसम्म मानिएको छ । यस अवधिमा सुरुमा धर्म तथा दर्शनको आधारमा समाजको अध्ययन गरिएको पाइन्छ भने तेह्रौं शताब्दीदेखि तर्कशास्त्रको आधारमा समाजको अध्ययन गर्न थालियो । यस कार्यमा थोमस एक्विन्स तथा डेन्टको विशेष योगदान रहेको छ । यिनीहरूले तर्कको आधारमा मानवसमाजलाई अघि बढाउन सरकारको आवश्यकतामा जोड दिएका छन् । थोमस एक्विन्सले समाज परिर्वतनशील छ र यसमा निश्चित कारण रहेको हुन्छ भनी कार्यकारण सम्बन्धका आधारमा समाजको अध्ययन गरेका छन् ।

---

*१०. ऐजन, पृ- ११*

यस युगका समाजशास्त्रीहरूले केही मात्रामा भए पनि वैज्ञानिक तथ्यको आधारमा समाजका घटना र समस्याहरूको ब्याख्या गरेका छन् । यसैगरी कार्यकारण सम्बन्धमाथि जोड दिनु यस अवधिको अर्को महत्त्वपूर्ण उपलब्धि हो ।

### २.६.३ तेस्रो चरण

यस चरणको प्रारम्भ पन्ध्रौं शताब्दीपछि भएको मानिन्छ । यस अवधिमा सामाजिक घटनाको अध्ययन गर्न वैज्ञानिक विधिको प्रयोग गर्न थालिएको छ । राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास आदि सामाजिक विज्ञानको विकास पनि यस अवधिमा नै भएको पाइन्छ । यस समयावधिमा थोमस हबेस,

मोन्टेस्क्यु, जोनलक आदि विद्वान्हरूले सामाजिक सम्झौताको सिद्धान्त प्रतिपादन गरी समाजशास्त्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसैगरी सर थोमस मरे, सि.बिको आदि विद्वान्हरूले पनि यस कार्यलाई गति दिएका छन् । यस अवधिमा पनि समाजशास्त्रले एक स्वतन्त्र विज्ञानको अस्तित्व भने प्राप्त गर्न सकेको छैन तर पूर्वाधार भने तयार भएको छ ।

### २.६.४ चौथो चरण

यस चरणको प्रारम्भ फ्रान्सेली चिन्तक अगस्ट कोम्टेबाट भएको मानिन्छ । यही समयावधिदेखि नै समाजशास्त्रले एक स्वतन्त्र विज्ञानको अस्तित्व प्राप्त गरेको देखिन्छ । यसको वैज्ञानिक विकास पनि यसै अवधिदेखि भएको हो । अगस्ट कोम्टेका गुरु सेन्ट साइमनले समाजशास्त्रलाई भौतिक विज्ञान जस्तै एक स्वतन्त्र रूपमा प्रतिष्ठित गराउने प्रयत्न गरेका थिए तर उनको मृत्यु भएकाले उनको इच्छा पूरा हुन सकेन । साइमनको विचारलाई अनुसरण गर्दै कोम्टेले समाजको अध्ययनलाई सामाजिक भौतिक विज्ञान भन्ने नाम दिए । यो नाम त्यति उचित नभएकाले सन् १८३८ मा 'समाजशास्त्र' (Sociology) भन्ने नाम दिए । यही कारणले गर्दा कोम्टेलाई 'समाजशास्त्रका पिता' भनिन्छ । कोम्टेपछि बेलायतका जे.एस्.मिल्, हर्बट स्पेन्सर, फ्रान्सका इमाइल दुर्खिम र जर्मनीका म्याक्सवेबरले यस कार्यमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

यसपछि समाजशास्त्रले एक पृथक् विषयका रूपमा विश्वभरि आफ्नो स्थान जमाएको छ । सन् १८७६ देखि अमेरिकामा यसले पृथक् विषयका रूपमा मान्यता पायो । बेलायतमा सन् १९०७ मा, स्विडेनमा सन् १९४७ मा, भारत र पोल्यान्डमा प्रथम विश्वयुद्धको समाप्तिसँगै तथा नेपालमा वि.सं. २०३८ देखि यस विषयले पृथक् विषयका रूपमा मान्यता पायो । त्रि.वि ले २०३८ सालदेखि समाजशास्त्र र मानवशास्त्रलाई एकै ठाँउ गाभेर अध्ययन अध्यापनको कार्य गरेको पाइन्छ तर स्मरण रहोस् समाजशास्त्र र मानवशास्त्र एक अर्कामा सम्बन्धित भए तापनि यी दुई पृथक्-पृथक् विषय हुन् ।

## २.७ राज्य

### २.७.१ राज्यको परिचय

कुनै निश्चित भूभागभित्र सर्वोच्च शासन व्यवस्थाको साङ्गठनिक मानव समूहलाई राज्य भनिन्छ । राज्य राजनैतिक जालो हो जसले शक्तिको निर्माण गर्दछ र त्यसैको आडमा शासन गर्ने प्रयत्न गर्दछ । राज्य बल प्रयोगद्वारा सामाजिक नियन्त्रण गर्ने सर्वोच्च सत्ता हो जो निश्चित भूभागमा सीमित रहेको हुन्छ । दमनात्मक प्रवृत्ति र नियन्त्रण राज्यका महत्त्वपूर्ण विशेषताहरू हुन् । निश्चित भू-प्रदेश, जनसङ्ख्या, सरकार र सर्वोच्च सत्ता राज्यका चार अनिवार्य तत्त्वहरू हुन् जसको संयोगबाट राज्यको सिङ्गो संरचना बन्दछ । समाजशास्त्रीहरूका अनुसार सामाजिक नियन्त्रण तथा सुधारवादी प्रवृत्ति अपनाउन खोजे तापनि स्वार्थगत हितका लागि शोषण गर्ने प्रवृत्तिको बाहुल्य हुनु राज्यको मूल दोष हो । राज्यको स्वरूपबारे चर्चा गर्दा पनि यिनै तथ्यहरूलाई अघि सार्नुपर्छ । राज्यमा राजनैतिक दलहरूको महत्त्वपूर्ण स्थान रहन्छ । राजनैतिक दल भनेको एक महत्त्वपूर्ण राजनैतिक सङ्गठन हो । तसर्थ राज्य एक शक्तिशाली राजनैतिक सङ्गठन हो ।

#### २.७.१.१ राज्यको परिभाषा

राज्य के हो भन्ने बारेमा अझ स्पस्ट पार्नका लागि केही परिभाषाहरू पनि उल्लेख गर्नुपर्ने हुन्छ । केही विद्वान्हरूका परिभाषाहरू यसप्रकार रहेका छन् :

अरस्तुका अनुसार *"राज्य अनेक परिवार एवम् गाउँको एक समुदाय हो जसले आत्मनिर्भर भएर सुखी एवम् प्रतिष्ठित जीवन बिताउने उद्देश्य राख्दछ ।"* ११ यस परिभाषाले परिवार एवम् गाउँको समूहलाई राज्य भनेको छ । यसको भाव चाहिँ मानव समूह भन्ने हुन्छ ।

---

११. विद्याभूषण एवम् डि. आर्. सचदेव, **पूर्ववत्,** पृ-४२३

यसैगरी समाजशास्त्री म्याक्सवेबर भन्छन् *"राज्य एक त्यस्तो सङ्गठन हो जोसँग हिंसाको वैध प्रयोगमा एकाधिकार भएको हुन्छ । अन्य ढङ्गबाट यो अर्थिन सक्तैन ।"* १२ यस परिभाषाले राज्यलाई बल प्रयोगमा एकाधिकार भएको एक सङ्गठनको रूपमा चिनाएको छ । आगबर्नका अनुसार *"राज्य एक त्यस्तो सङ्गठन हो जो निश्चित भू-प्रदेशमा सर्वोच्च सरकारद्वारा शासन गर्दछ ।"* १३ यस परिभाषाले राज्यले निश्चित भूभागमा शासन गर्ने सर्वोच्च सत्ता भनेको छ । यसै

सन्दर्भमा बर्गेस भन्दछन *"राज्य मानव जातिको त्यो भाग हो जो सङ्गठित एकाइमा निवास गर्दछन् ।"* १४ यस परिभाषाले मानव समूहको जालोभित्रको एक भागलाई राज्य भनी चिनाएको छ । यसै सिलसिलामा एन्डर्सन एवम् पार्कर भन्छन् *"राज्य समाजको त्यो निकाय हो जसलाई कुनै निश्चित भूभागमा दमनात्मक नियन्त्रणको प्रयोगको एकाधिकार प्राप्त हुन्छ ।"* १५ यस परिभाषाले राज्यलाई समाजको एक निकायका रूपमा चिनाइको छ र निश्चित भूभागमा दमनात्मक नियन्त्रणको प्रयोग गर्ने एकाधिकार प्राप्त राजनीतिक सङ्गठनका रूपमा पनि चिनाएको छ ।

यी विभिन्न परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने *राज्य एक शक्तिशाली राजनीतिक सङ्गठन हो जसले निश्चित भूभागमा दमनात्मक प्रवृत्ति अपनाएर सामाजिक नियन्त्रण गर्ने एकाधिकार पाएको हुन्छ ।*

---

*१२. ऐजन*

*१३. ऐजन*

*१४. ऐजन*

*१५. ऐजन*

### २.७.२ राज्यको उत्पत्ति

राज्यको उत्पत्ति यसरी नै भयो भन्न कठिन पर्छ । यस सन्दर्भमा जीवविज्ञान, जातिविज्ञान, आधुनिक विज्ञान एवम् मानवविज्ञान राज्यको प्रारम्भिक उत्पत्ति कसरी भयो भनी ठोकुवा गर्न असमर्थ रहेका छन् । ऐतिहासिक साध्यहरूको अभाव रहेका कारण यसो हुन गएको हो । राज्यको उत्पत्तिका सम्बन्धमा विभिन्न चिन्तकहरूले विभिन्न सिद्धान्तको वर्णन गरेका छन् । यस्ता सिद्धान्तहरूमा दैवी उत्पत्तिको सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त, बल सिद्धान्त, पितृसत्तात्मक सिद्धान्त तथा मातृसत्तात्मक सिद्धान्त रहेका छन् ।

दैवी उत्पत्तिको सिद्धान्तले राज्यको उत्पत्ति ईश्वर तथा यस्तै कुनै अलौकिक शक्तिद्वारा भएको मान्दछ । यस सिद्धान्तले राजालाई उसको प्रतिनिधिका रूपमा व्याख्या गर्दछ । सामाजिक सम्झौताको सिद्धान्तले आदिम मानवले आफू जस्तै अन्य मानव समुदायसँग सम्झौता गरी राज्यको स्थापना गरेको मत अघि सार्दछ । यस सिद्धान्तले राज्यको स्थापना हुनुपूर्व मानव प्राकृतिक अवस्थामा थियो भनेको छ । बल सिद्धान्तका अनुसार राज्यको उत्पत्ति शक्तिशाली व्यक्तिहरूको

समूहले निर्बल व्यक्तिहरूको समूहमाथि आधिपत्य जमाउनुबाट भएको हो । पितृसत्तात्मक एवम् मातृसत्तात्मक सिद्धान्तले राज्यलाई परिवारको बृहत् रूप मान्दछन् ।

### २.७.३. राज्यको विकास

राज्य ऐतिहासिक विकासको परिणाम हो । राज्य एक ऐतिहासिक विकासको परिणाम भएकाले अनेक तत्त्वहरूले यसको विकास एवम् निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यीमध्ये नातेदारी, धर्म, द्वन्द्व तथा राजनैतिक चेतना आदिले राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । अब यहाँ यस्ता तत्त्वहरूबारे चर्चा गर्नु वाञ्छनीय ठहर्छ ।

#### २.७.३.१ नातेदारी व्यवस्था

नातेदारी व्यवस्था सामाजिक बनावटको एक एकाइ हो । यो एकताको प्राचीनतम कडी पनि हो । मैकाइबरले नातेदारी व्यवस्थाले समाजको जन्म हुने र समाजबाट राज्यको जन्म हुने प्रक्रियाको वर्णन गरेका छन् । यो व्यवस्था मूल रूपमा रक्तसम्बन्ध एवम् वैवाहिक सम्बन्धका आधारमा स्थापना भएको हुन्छ । ए. आर. ब्राउनका अनुसार "नातेदारी सामाजिक उद्देश्यको लागि स्वीकृत वंशसम्बन्ध हो, जुन सामाजिक सम्बन्धका लागि परम्परात्मक सम्बन्धको आधारमा बनेको हुन्छ ।" १६ नातेदारी व्यवस्थासँग परिवार प्रणाली पनि जोडिएको हुन्छ । तसर्थ राज्यको स्थापनामा नातेदारी व्यवस्था एक आवश्यक तत्त्व हो ।

#### २.७.३.२ धर्म

प्राचीन कालमा राज्य एवम् सामाजिक चेतनाको विकासमा धर्मको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । गेटलका अनुसार नातेदारी एवम् धर्म एउटै वस्तुका दुई पाटा थिए । यसबाट के प्रस्ट हुन्छ भने आदिम समयमा धर्मले पनि नातेदारी व्यवस्थाले झैं एकताको कडीको कार्य गरेको पाइन्छ । विश्वको इतिहास पल्टाउने हो भने धार्मिक सम्प्रदायहरूले राज्यको अखडा जमाएको तथ्य पनि फेला पर्दछ । पाकिस्तान धर्मका आधारमा स्थापना भएको राज्य हुनुबाट यस कुराको पुष्टि हुन्छ ।

#### २.७.३.३ द्वन्द्व

नातेदारी एवम् धर्मका माध्यमबाट एकता कायम हुन नसकेपछि द्वन्द्वले राज्यको स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेको छ । वर्ग वर्गबीचको सङ्घर्षको परिणामस्वरूप राज्यको स्थापना भएको

पाइन्छ । कार्ल मार्क्सले आजसम्मको मानवसमाजको इतिहास वर्गसङ्घर्षको इतिहासका रूपमा रहेको छ १७ भनेका छन् । बलियो वर्गले निर्बल वर्गमाथि शासन गर्दै आयो र यही क्रममा नै राज्यको स्थापना भएको पाइन्छ ।

---

१६. रेसराज अधिकारी, **पूर्ववत्,** पृ - ११८

१७. एम्. फ्रान्सिस अब्राहम, मोडर्न सोसियोलोजिकल थ्यौरी, (चौधौं सं), (नयाँ दिल्ली: अक्सफोर्ड युनिभर्सिटी प्रेस, भारत, सन् २००८), पृ -२७१

### २.७.३.४ राजनैतिक चेतना

राज्यले स्थायित्व प्राप्त गर्न थालेपछि प्रजातान्त्रिक चेतनाको उदय भयो । शिक्षाको विकाससँगै राजनीतिक जागृतिको गति तीव्र रूपमा अघि बढ्यो । यही कारणले गर्दा राजनीतिक चेतना समयुगीन विश्वपरिवेशको एक महत्त्वपूर्ण पाटो बनेको छ । अहिले सांस्कृतिक प्रभावका आधारमा राजनीतिक चेतनालाई अघि बढाउने कार्य भएको पाइन्छ । यसैगरी क्षेत्र, जाति आदिका आधारमा पनि राज्यको स्थापना हुने गरेको पाइन्छ । यसो हुनु पनि राजनीतिक चेतनाकै कारण हो । यस सन्दर्भमा नेपालमा भैरहेका राजनीतिक गतिविधिहरूलाई पनि भुल्न मिल्दैन ।

### २.७.४ राज्यको संरचना

राज्य एक सिङ्गो संरचना हो । सिङ्गो संरचना बन्नका लागि विभिन्न संरचनात्मक घटकहरूको आवश्यकता पर्दछ । त्यस्ता अनिवार्य घटकहरू यसप्रकार रहेका छन् :

### २.७.४.१ जनसङ्ख्या

जनसङ्ख्या राज्यको एक अनिवार्य र महत्त्वपूर्ण घटक हो । योविना राज्यको कल्पना पनि गर्न सकिँदैन । राज्यमा व्यक्तिहरूको समूह नै जनसङ्ख्या हो । व्यक्ति एवम् राज्यबीच परस्पर सम्बन्ध रहेको हुन्छ । राज्यको दक्षता भनेको व्यक्तिमा निर्भर रहन्छ । व्यक्ति व्यक्तिबीचको एकत्रित स्वरूप जनसङ्ख्या भएकाले राज्य र जनसङ्ख्याबीच प्रत्यक्ष सम्बन्ध रहेको छ । यसर्थ जनसङ्ख्या राज्यको संरचनाअन्तर्गत पर्ने एक अनिवार्य घटक हो ।

### २.७.४.२ भू-प्रदेश

जसरी जनसङ्ख्याविना राज्यको कल्पना गर्न सकिदैन त्यसैगरी निश्चित भू-प्रदेशविना राज्यको निर्माण हुन सक्दैन । भू-प्रदेशको कारणले नै एक राज्य अर्को राज्यबाट पृथक् रहन्छ । नेपाल भारत र चीनले घेरिएको भूभागमा अवस्थित छ । यसको तीनतिर भारत र एकतिर चीनको भूभाग पर्दछ । यसर्थ निश्चित भू-प्रदेश राज्यको एक अनिवार्य संरचनात्मक घटक हो ।

### २.७.४.३ सरकार

सरकार राज्यको त्यो अङ्ग हो जसका माध्यमबाट राज्यले आफ्नो कार्य गर्दछ । यो एक राजनीतिक सङ्गठन हो जससँग बल प्रयोग गर्ने शक्ति रहेको हुन्छ । यो भौगोलिक दृष्टिले सीमित व्यक्तिहरूको समूह हो । समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा सामाजिक नियन्त्रणमा सरकारको महत्त्वपूर्ण भूमिका रहन्छ । वर्तमान समयमा राज्यको कार्यक्षेत्र व्यापक रहेकाले सरकारको महत्त्वपूर्ण स्थान रहन्छ । यसका तीन प्रमुख अङ्गहरू रहेका हुन्छन् । विधानमण्डल, कार्यकारिणी समिति तथा न्यायपालिका यसका अङ्गहरू हुन ।

### २.७.४.४ सर्वोच्च सत्ता

सर्वोच्च सत्ता राज्यको एक प्रमुख संरचनात्मक घटक हो । यसको निर्णय नै राज्यको अन्तिम निर्णय हुन्छ । राज्यको सत्ता सर्वोच्च हुन्छ । कानुन तथा राजनीतिक मामलामा अन्तिम भूमिका न्यायालयको हुन्छ । विभिन्न समयमा भएका राजनैतिक परिर्वतनका मामलामा भने यो नियम लागू नहुन पनि सक्दछ । सर्वोच्च सत्ता आन्तरिक रूपमा सर्वोच्च र बाह्य रूपमा स्वतन्त्र रहन्छ । बाह्य हस्तक्षेपबाट राज्यको रक्षा गर्नु यसको महत्त्वपूर्ण कार्य हो । लास्कीले सर्वोच्च सत्ताका तत्त्वहरू राज्यका अन्य सङ्गठनभन्दा भिन्न-भिन्न हुन्छन् १८ भनेका छन् । यसबाट के प्रस्ट हुन्छ भने सर्वोच्च सत्ता राज्यको सबैभन्दा महत्त्वपूर्ण र उच्च अङ्ग हो ।

### २.७.५ राज्यका विशेषताहरू

राज्यका निम्नलिखित विशेषताहरू रहेका छन् :

### २.७.५.१ राज्य स-साना एकाइहरू मिलेर बनेको हुन्छ

परिवार, गाउँ, सङ्घ, सङ्गठन, समुदाय आदि स-साना एकाइहरू मिलेर राज्यको निर्माण हुन्छ । यस्ता एकाइहरूको योगबाट राज्यको सिङ्गो संरचना बन्दछ ।

---

*१८. विद्याभूषण एवम् डि. आर्. सचदेव, पूर्ववत्, पृ-४२५*

### २.७.५.२ राज्यले बल प्रयोगमा एकाधिकार प्राप्त गरेको हुन्छ

राज्यको अर्को विशेषता दमन तथा बल प्रयोग हो । व्यक्तिले अनैतिक तथा पथभ्रष्ट कार्य गरेमा यस्ता कार्य नियन्त्रण गर्न राज्यले बल प्रयोग गर्दछ । निश्चित व्यक्तिका हितका लागि बल प्रयोग गरी सर्वसत्तावादी प्रवृत्ति कायम राख्न खोज्नु राज्यको मूल दोष पनि हो ।

### २.७.५.३ राज्य समाजद्वारा मान्यता प्रप्त हुन्छ

राज्य समाजद्वारा मान्यता प्राप्त राजनैतिक संस्था भएकाले हरेक सदस्यहरूले यसका नीतिनियम मान्नुपर्ने हुन्छ ।

### २.७.५.४ राज्य एक राजनैतिक संस्था हो

राज्यमा विभिन्न राजनैतिक दल, सङ्गठन,समुदाय आदिको महत्त्वपूर्ण स्थान रहन्छ । राज्यको सञ्चालन राजनीतिज्ञहरूबाट हुने भएकाले यो एक राजनैतिक संस्था हो ।

### २.७.५.५ राज्यको निश्चित भूभाग हुन्छ

हरेक राज्यको निश्चित भूभाग रहेको हुन्छ । त्यही भूभाग अन्य राज्यबाट पृथक् हुने भएकाले राज्यको अस्तित्व कायम रहन्छ । यसबाट के प्रस्ट हुन्छ भने राज्य सीमित भूभागमा फैलिएको हुन्छ ।

### २.७.५.६ हरेक राज्यमा एक मुख्य अधिकारी रहन्छ

कुनै पनि राज्यमा एक मुख्य अधिकारी र अरू त्यसभन्दा तल्ला स्तरका अधिकारीहरू तथा कर्मचारीहरू रहेका हुन्छन् ।

यसरी राज्यका आफ्नै विशेषताहरू रहेको स्पष्ट हुन्छ ।

### २.७.६ राज्यका कार्यहरू

राज्य एक राजनैतिक संस्था भएकाले यसका कार्यहरू महत्त्वपूर्ण रहेका हुन्छन् । यो एक शक्तिशाली सङ्गठन भएकाले अन्य सङ्गठनउपर रहेर कार्य गर्नु यसको दायित्व हो ।

सार्वभौमिकताको रक्षा गर्नु राज्यको पहिलो कार्य हो । यसैगरी आन्तरिक शान्ति सुरक्षा तथा विकासको गतिलाई अघि बढाउनु राज्यको अमूल्य दायित्व हो । शिक्षाको उचित प्रबन्ध मिलाउनु तथा संस्कृति र परम्पराको संरक्षण गर्नु यसको कर्तब्य हो । लोकसमाज तथा लोकसंस्कृतिमा जीवित लोकसाहित्यको रक्षा गर्नु पनि यसको महत्त्वपूर्ण कार्य हो । यस सन्दर्भमा लोककथाहरू राज्यका अमूल्य सम्पत्ति भएकाले यिनको संरक्षणमा राज्यको ध्यान जानु आवश्यक देखिन्छ । स्वास्थ्यको उचित प्रबन्ध मिलाउनु, न्यायको रक्षा गर्नु, सामाजिक कुरीतिहरूलाई हटाउनु, अन्य राष्ट्रहरूसँग राम्रो संम्बन्ध गाँस्नु, वृद्ध, र्निधन तथा अपहेलितको रक्षा गर्नु जस्ता कार्यहरू राज्यले गर्नुपर्छ । यसैगरी आफ्ना सदस्यहरूलाई अनुशासित ढङ्गमा अगाडि बढाइराख्नु तथा सामाजिक नियन्त्रण आदि कार्यहरू राज्यका दायित्वभित्र पर्दछन् ।

यसरी राज्यका कार्यहरू विविध हुन्छन् र यिनीहरूको अत्यन्त महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

## २.८ समाज

### २.८.१ समाजको परिचय

सामान्य अर्थमा समाज भन्नाले मानव समूहलाई बुझिन्छ तर समाजशास्त्रीय दृष्टिकोणबाट भन्नुपर्दा मानव मानवबीचको सम्बन्धको जालोलाई समाज भनिन्छ । मानिसका अनगिन्ती आवश्यकताहरू हुन्छन् र ती आवश्यकताहरू पूर्ति गर्नका लागि अरूसँग सम्बन्ध स्थापना गर्दछ । मानिस सामाजिक प्राणी भएकाले उसलाई समाजको आवश्यकता पर्दछ । समाज एक अमूर्त संरचना हो । यसकारण यसको निर्माण विभिन्न घटकहरूको योगबाट हुन्छ । यस्ता घटकहरूलाई आधार पनि भनिन्छ । समाजमा प्रत्यक्ष र चेतन तत्त्वका साथै अप्रत्यक्ष र अचेतन तत्त्वले पनि भूमिका खेलेको हुन्छ । यसप्रकार यसका आफ्नै विशेषताहरू रहेका छन् । यसर्थ समाज अमूर्त संरचनायुक्त सामाजिक सम्बन्धको जालो हो ।

#### २.८.१.१ समाजको परिभाषा

समाजका बारेमा विद्वान्हरूले आ-आफ्ना धारणा तथा परिभाषा व्यक्त गरेका छन् । यस्ता केही परिभाषाहरू यसप्रकार रहेका छन् :

समाजशास्त्री जि.डि.एच.कोल भन्छन् *“समाज समुदायभित्र सङ्गठित समिति एवम् संस्थाको जटिल व्यवस्था हो ।”* १९ यस परिभाषाले समाजलाई समुदायसँग जाडेको छ । समाजशास्त्री लापिअरका अनुसार *“समाज मनुष्यको समूहको नाम होइन, बरु यो मनुष्यको अन्तर्सम्बन्धको जटिल व्यवस्था हो ।”* २० यस परिभाषाले समाजलाई एक जटिल व्यवस्थाको रूपमा चित्रण गरेको छ । समाजशास्त्री र्‍युटर भन्छन् *“समाज एक अमूर्त धारणा हो जो एक समूहका सदस्यबीचको आपसी सम्बन्धको सम्पूर्णताको बोध गराउँछ ।”* २१ यस परिभाषाले
समाजलाई अमूर्त धारणा मानेको छ ।

---

*१९. ऐजन पृ-६८*

*२०. ऐजन*

*२१. ऐजन पृ-६९*

मोरिस गिन्सवर्गका अनुसार *“त्यस्ता व्यक्तिहरूको सङग्रहलाई समाज भनिन्छ जो कैयौं सम्बन्धद्वारा एकआपसमा बाँधिएका हुदैनन् तिनीहरू त्यस समाजबाट छुट्टै हुन्छन् वा तिनीहरूको अर्कै समाज हुन्छ ।”* २२ गिन्सवर्गले समाजको अवधारणा अघि सारेका छन् । समाजशास्त्री

पार्सन्सका अनुसार *"समाजलाई त्यस मानवीय सम्बन्धको पूर्ण जटिलताको रूपमा परिभाषित गर्न सकिन्छ जुन साधन तथा साध्यको सम्बन्धद्वारा क्रिया गर्नाको फलस्वरूप उत्पन्न हुन्छ, चाहे त्यो यथार्थ होस् या प्रतीकात्मक जसको आधारमा सम्बन्ध बन्दछ ।"* २३ यस परिभाषाले समाजलाई जटिल संरचनाको रूपमा चित्रण गरेको छ ।

यी परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने समाज सामाजिक अन्तर्सम्बन्धको जालो हो जसको संरचना अमूर्त हुन्छ ।

**२.८.२ समाजको उत्पत्ति**

समाजको उत्पत्तिका सम्बन्धमा विभिन्न सिद्धान्तहरू देखापरेका छन् । यस्ता सिद्धान्तहरू यसप्रकार रहेका छन् :

**२.८.२.१ दैवी उत्पत्तिको सिद्धान्त**

यस सिद्धान्तले समाजलाई ईश्वरको कृति मान्दछ । सोह्रौं तथा सत्रौं शताब्दीतिर यस सिद्धान्तले आफ्नो रूप ग्रहण गरेको हो । यसले ईश्वरले संसारको निर्माण गर्ने क्रममा समाजको उत्पत्ति भएको तथ्य अघि सार्दछ ।

---

*२२. रेसराज अधिकारी, पूर्ववत्, पृ-१३३*
*२३. ऐजन, पृ-१३४*

**२.८.२.२ बल सिद्धान्त**

बल सिद्धान्तले समाजलाई सर्वोच्च शारीरिक शक्तिको परिणाम मान्दछ । समाजको उत्पत्ति शक्तिशाली व्यक्तिहरूले निर्बलमाथि शासन गर्ने क्रममा भएको हो भन्ने मत यसले अघि सारेको छ ।

**२.८.२.३ सामाजिक सम्झौताको सिद्धान्त**

यस सिद्धान्तले समाजले मानिसका आवश्यकताहरू पूर्ति गर्नका लागि बनेको एक सम्झौताको रूपमा हेर्दछ । हबेसेका अनुसार पहिले मानव प्राकृतिक अवस्थामा एकान्त एवम् निरीह थियो र यस कठिनाईबाट बच्नका खाँतिर मानिसले समाजको निर्माण गरेको हो । रुसोका अनुसार

प्राकृतिक अवस्थामा मानिसले आनन्दी जीवन व्यतीत गर्दथ्यो तर जनसङ्ख्याको वृद्धिसँगै झगडा बढदै गएका कारण एक सभ्य समाजको आवश्यकता परेको  हो ।

### २.८.२.४ मातृसत्तात्मक सिद्धान्त

यस सिद्धान्तले समाजलाई परिवारको बृहत् रूप मान्दछ । यसले प्राचीन कालमा एक पत्नीत्व तथा बहुपतित्व एवम् अस्थायी वैवाहिक सम्बन्ध बढी प्रचलनमा भएको तथ्य अघि सार्दछ । यस परिस्थितिमा वंशपरम्परा मातृसत्तात्मक थियो ।

### २.८.२.५ पितृसत्तात्मक सिद्धान्त

यस सिद्धान्तले पनि समाजलाई परिवारको बृहत् एवम् विकसित रूप मान्दछ । जेष्ठ पुरुषको अधीनमा परिवार रहेको अवस्थालाई यस सिद्धान्तले समाजको उत्पत्तिको केन्द्रबिन्दु मान्दछ ।

### २.८.२.६ विकासवादी सिद्धान्त

विकासवादी सिद्धान्तले समाजको उत्पत्तिबारे वैज्ञानिक व्याख्या गर्ने प्रयत्न गर्दछ । यसले समाजलाई क्रमिक विकासको परिणाम मान्दछ । समाज परिरवर्तनशील छ । यो विकासको गतिसँगै परिवर्तन भैरहन्छ । अगस्ट कोम्टेले सङ्गठनको आवश्यकताको परिणामस्वरूप समाजको जन्म भएको तथ्य अघि सारेका छन् । यसैगरी हर्बट स्पेन्सरले पनि सामाजिक विकासको सिद्धान्तलाई मलजल दिने कार्य गरेका छन् । पहिले मानव जङ्गली अवस्थामा थियो र उसले विभिन्न घुम्तीहरू पार गर्दै अहिलेको अवस्थामा आइपुगेको छ । त्यसैगरी समाज पनि क्रमिक विकासको उपज भएकाले विकासवादी सिद्धान्तको व्याख्या महत्त्वपूर्ण रहेको छ । इ.बि. टाएलरका अनुसार दन्तेकथाको उत्पत्ति विकासवादको आधारमा भएको हो । २४

### *२.८.३ समाजका प्रकार*

यस भूमण्डलमा मूल रूपमा तीन प्रकारका समाजहरू देखापरेका छन् । यस्ता समाजहरूमा जनजातीय समाज, कृषक समाज, र औद्योगिक समाज रहेका छन् ।

### २.८.३.१.१ जनजातीय समाज

जनजातीय समाज आदिम समाजको विशेषता हो । अफ्रिका, एसिया, एवम् युरोपका पिछडिएका भूभागमा यस्तो समाज रहेको छ । यस समाजको चर्चा गर्दा आर्थिक संरचना र सामाजिक जीवनबारे ब्याख्या  गर्नु आवश्यक देखिन्छ ।

### २.८.३.१.१ आर्थिक संरचना

जनजातीय समाजले प्राकृतिक पर्यावरणको निकट रहेर आफ्नो आर्थिक क्रियाको निर्धारण गरेको हुन्छ । यस समाजको प्रमुख आर्थिक क्रिया भनेको सिकार खेल्नु, माछा मार्नु र बेच्नु तथा खानाका लागि रासन जम्मा गर्नु हो । काठका उपकरणहरू तथा हतियार निर्माण गर्ने कार्य पनि आफ्नो व्यवसायको रूपमा अपनाएको पाइन्छ । यस समाजमा श्रमविभाजन गर्ने प्रवृत्तिको कमी रहेको पाइन्छ । उमेरअनुसार कामको बाँडफाँड गर्ने गरेको पाइन्छ । परिवारका लागि चाहिने केही आवश्यक सामानहरू परिवारका सदस्यहरूले नै निर्माण गर्दछन । जनजातीय  समाजमा व्यक्तिगत सम्पत्ति, विविमय एवम् ऋणसम्बन्धी संस्थाको २५ कमी रहेको पाइन्छ ।

---

*२४. जनकलाल शर्मा, हाम्रो समाजः एक अध्ययन, (काठमाडौं :शाझा प्रकाशन, २०३९) ,पृ-१८३ ।*

*२५. विद्याभूषण एवम् डि.आर.सचदेव, पूर्ववत्, पृ-९९ ।*

### २.८.३.१.२ सामाजिक जीवन

जनजातीय समाजमा सामाजिक जीवन सरल रहेको पाइन्छ । सामाजिक नियन्त्रण र व्यवस्था कायम राख्नका लागि लोकरीति तथा लोकाचारको महत्त्वपूर्ण भूमिका रहन्छ । अनैतिक व्यवहार तथा पथभ्रष्ट कार्य गरेमा निर्वासनको डण्ड दिने व्यवस्था पनि पाइन्छ । जादु तथा टुनामुनामा यस समाजले बढी विश्वास राख्दछ ।

### २.८.३.२ कृषक समाज

प्रमुख आर्थिक क्रिया कृषि भएको समाजलाई कृषक समाज भनिन्छ । भारतीय समाज तथा नेपाली समाज मूल रूपमा कृषिमा आबद्ध भएका समाज हुन् । प्राचीन कालमा यस समाजले सिकार, मत्स्यपालन तथा भोजनका लागि रासन सङ्ग्रह गर्दथ्यो । समयको गतिसँगै यस समाजको संरचनामा धेरै परिवर्तन आएको छ । विश्वको कूल जनसङ्ख्याको दुई तिहाईदेखि तीन चौथाई अंश यस समाजले ओगटेको छ ।

### २.८.३.२.१ कृषक समाजका विशेषताहरू

कृषक समाजका निम्नलिखित विशेषताहरू रहेका छन् :

*२.८.३.२.१.१ पशुपालन तथा कृषि*

कृषक समाजको मुख्य विशेषता पशुपालन तथा कृषि हो । यस समाजले पशुहरूमा गाई, भैंसी, भेंडा,बाखा आदि पालन गरेको हुन्छ भने कुखुरापालन व्यवसाय पनि अपनाएको पाइन्छ । यस समाजका व्यक्तिहरूले अन्य व्यवसाय गरेको पनि पाइन्छ तर मूल रूपमा यो समाज पशुपालन तथा कृषिमा आबद्ध हुन्छ ।

*२.८.३.२.१.२ भू–स्वामित्व*

भू-स्वामित्व कृषि समाजको महत्त्वपूर्ण विशेषता हो । कृषकहरूको आफ्नै भूमि हुन्छ र यही भूमिमा अन्नबाली तथा अन्य वस्तुको उत्पादन गरिन्छ । भूमि नभएकाहरूले मालिकको जग्गामा खेती गर्दछन् ।

*२.८.३.२.१.३ ग्रामीण समुदाय व्यवस्था*

कृषक समाजमा ग्रामीण समुदाय व्यवस्था पाइन्छ । कृषि अर्थव्यवस्थाका कारण आवास हेतु घरको आवश्यकताको बोध हुँदै गयो । सुरक्षा तथा सहयोगको आवश्यकताअनुरूप भूमिको निकटका कारण गाउँको जन्म भयो । २६

*२.८.३.२.१.४ न्यूनतम श्रमविभाजन*

कृषक समाजमा श्रमविभाजनको कमी पाइन्छ । लिङ्ग तथा उमेरअनुसार कामको बाँडफाँड गरिन्छ ।

*२.८.३.२.१.५. परिवारको भूमिका*

कृषक समाजमा परिवारको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रजनन तथा बालपोषणका साथै आर्थिक एकाइका रूपमा परिवारको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ । परिवारका सदस्यहरूले मिलिजुली काम गर्दछन् ।

*२.८.३.२.१.६ अनौपचारिक सामाजिक नियन्त्रण*

कृषक समाजमा सामाजिक नियन्त्रण गर्ने प्रक्रिया अनौपचारिक हुन्छ । यस समाजमा परम्परित व्यवहारले महत्त्वपूर्ण स्थान पाउने भएकाले व्यक्तिको व्यवहारलाई लोकरीतिद्वारा नियन्त्रण गरिन्छ ।

---

*२६. ऐजन, पृ - १०१ ।*

***२.८.३.२.१.७ एकताको भावना***

एकताको भावना कृषक समाजको एक महत्त्वपूर्ण विशेषता हो । यस समाजका सदस्यहरूबीच सामूहिक भावना रहेको हुन्छ । यस समाजमा आर्थिक, भौतिक एवम् सामाजिक रूप समावेशी हुन्छ ।

*२.८.३.२.१.८ सरलता तथा एकरूपता*

कृषक समाजका व्यक्तिहरूको जीवनशैलीमा सरलता पाइन्छ । प्राकृतिक शक्तिको उपासना तथा धार्मिक भावना जस्ता कुरामा एकरूपता पाइन्छ ।

**२.८.३.३ औद्योगिक समाज**

समाज विकासको क्रममा औद्योगिक क्रान्तिले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसैको परिणामस्वरूप औद्योगिक समाजको विकास हुन गयो । औद्योगिक क्रान्ति पूर्वको समाज लोकाचारद्वारा नियन्त्रित हुन्थ्यो । यसैगरी बल प्रयोगद्वारा सामाजिक नियन्त्रण गर्ने प्रयत्न गरिन्थ्यो तर त्यस्तो व्यवस्था कुनै सत्तासँग भने सम्बन्धित हुँदैनथ्यो । औद्योगिक क्रान्तिको प्रारम्भ भएपछि भने सामाजिक संरचनामा धेरै परिवर्तन आएको छ । यसैको परिणामस्वरूप पुँजीवाद र समाजवाद जस्ता दृष्टिकोणहरू देखापरेका छन् । उद्योग, उद्योगपति, श्रमिक, श्रम आदिसँग सम्बन्धित निकायहरूको औद्योगिक समाजमा महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

**२.८.३.३.१ औद्योगिक समाजका विशेषताहरू**

औद्योगिक समाजका निम्नलिखित विशेषताहरू रहेका छन् :

*२.८.३.३.१.१ आधुनिक परिवारको उत्पत्ति*

परम्परित पैतृक परिवारभन्दा भिन्न आधुनिक परिवारको जन्म हुनु औद्योगिक समाजको एक महत्त्वपूर्ण विशेषता हो । आधुनिक परिवार भनेको परिवारमा पुरुष र स्त्रीको समान अधिकार रहनु हो ।

*२.८.३.३.१.२ सामूहिक स्वामित्व*

औद्योगिक समाजमा सामूहिक स्वामित्व पाइन्छ । पुँजीवाद यसैको उपजको रूपमा देखा पर्दछ । यस समाजको उत्पादन, विनिमय तथा वितरण प्रणाली पनि यसैसँग सम्बन्धित रहन्छ ।

*२.८.३.३.१.३ व्यावसायिक उपसंस्कृति*

औद्योगिक समाजमा व्यावसायिक उपसंस्कृतिले महत्त्वपूर्ण स्थान जमाएको हुन्छ । हरेक व्यावसायिक प्रणाली एक अर्कावाट भिन्न रहनु यसको स्पस्ट प्रमाण हो ।

*२.८.३.३.१.४ निर्वैयक्तिकता*

औभोगिक समाजमा वैयक्तिकभन्दा निर्वैयक्तिक सम्बन्धले स्थान पाएको हुन्छ । व्यावसायिक विशिष्टीकरण यसको मूल कारण हो ।

*२.८.३.३.१.५ खण्डित भूमिका*

औद्योगिक समाजमा व्यक्तिको भूमिका खण्डित हुन्छ । निश्चित क्षेत्रमा मात्र व्यक्तिको भूमिका रहन्छ ।

*२.८.३.३.१.६ परिस्थितिसँग सम्झौता*

औद्योगिक समाजको एक महत्त्वपूर्ण विशेषता परिस्थितिसँग सम्झौता गर्नु हो । मध्ययुगीन समाजमा दासहरू कुलीनप्रति श्रद्धा राख्दथे भने हाल यस संरचनामा महत्त्वपूर्ण परिवर्तन आएको छ । समय परिवर्तनशील भएकाले परिस्थितिसँग सम्झौता गरी अघि बढ्नु औद्योगिक समाजको विशेषता हो ।

*२.८.३.३.१.७ गतिशीलता*

समाज एक गतिशील संरचना हो । यो समय र परिस्थितिअनुसार परिवर्तन भैरहन्छ ।

*२.८.३.३.१.८ महिलाको स्थिति*

मुक्ति अभियान औद्योगिक समाजको देन भएकाले यस समाजमा महिलाको स्थान उच्च रहेको छ । महिला अधिकार यसैको उपजका रूपमा देखा पर्दछ ।

*२.८.३.३.१.९ विचलन एवम् अप्रतिमानता*

पुँजीवाद, ब्यक्तिवाद तथा वर्गसङ्घर्ष जस्ता पक्षहरूले औद्योगिक समाज जटिल बन्दै गएको छ । यसैको परिणामस्वरूप विचलन एवम् अप्रतिमानता यस समाजको एक विशेषता बनेर देखापरेको छ ।

यसरी यहाँ के स्पष्ट हुन्छ भने मूल रूपमा समाज तीन प्रकारको रहेको छ । केही समाजशास्त्रीहरूले परम्परित समाज र आधुनिक समाज गरी समाजलाई दुई प्रकारमा विभाजन गरेका छन् । परम्परित समाजमा लोककथालाई त्यति महत्त्व दिएको पाइँदैन भने आधुनिक समाजमा यसले लोकसाहित्यको एक महत्त्वपूर्ण विद्याको रूपमा आफ्नो स्वतन्त्र अस्तित्व कायम गरेको छ ।

### २.८.४ समाज बन्नका लागि चाहिने तत्त्वहरू

समाज एक सिङ्गो संरचना भएकाले यसको निर्माण विभिन्न घटकहरू तथा तत्त्वहरूको योगबाट भएको हुन्छ । यिनलाई आधारहरू पनि भनिन्छ । यस्ता तत्त्वहरू यसप्रकार रहेका छन् :

#### २.८.४.१ समूह

समाज विभिन्न समूह तथा उपसमूहको योगबाट बनेको हुन्छ । समाजभित्र परिवार, छिमेकी, नातागोता, सङ्घ, सङ्गठन जस्ता समूह तथा उपसमूहहरू रहेका हुन्छन् ।

#### २.८.४.२ चालचलन

समाज बन्नका लागि एक महत्त्वपूर्ण आधार चालचलन पनि हो । योविना सामाजिक अन्तर्क्रिया संभव हुँदैन । धर्म, रहनसहन, वेशभूषा, परम्परा आदि यसअन्तर्गत पर्दछन् ।

#### २.८.४.३ अधिकार

अधिकारविना समाजको कल्पना पनि गर्न सकिदैन । समाजभित्र सङ्घ तथा सङ्गठनहरू रहेका हुन्छन् जसले अधिकारका लागि सङ्घर्ष गर्दछन् ।

#### २.८.४.४ सहयोग

मानिस सामाजिक प्राणी भएकाले उसले आफ्ना आवश्यकताहरू एक्लै पूरा गर्न सक्दैन । यसकारण उसले अन्य व्यक्तिहरूसँग सहयोग लिनुपर्छ । पारस्परिक सहयोगविना समाज अघि बढ्न सक्दैन ।

### २.८.४.५ सामाजिक नियन्त्रण

समाज एक जटिल व्यवस्था हो । यस व्यवस्थालाई ठीकसँग सञ्चालन गर्नका लागि मानव व्यवहारमा नियन्त्रण २७ गर्नुपर्छ । यसो नगरेमा समाज धमिलिन्छ ।

### २.८.४.६ कार्यप्रणाली

हरेक समाजका कार्यप्रणालीहरू आ-आफ्नै प्रकारका हुन्छन् । यसको माध्यमबाट नै व्यक्तिले आफ्ना आवश्यकताहरू पूरा गर्दछ ।

यसप्रकार समाज विभिन्न घटकहरूको योगबाट बनेको एक सिङ्गो संरचना हो ।

### २.८.५ समाजका विशेषताहरू

समाजका निम्नलिखित विशेषताहरू रहेका छन् :

*२.८.५.१ समाज अमूर्त संरचना हो*

समाज अमूर्त हुन्छ । यो सामाजिक सम्बन्धको यस्तो जालो हो जसलाई देख्न तथा छुन सकिदैन । केवल अनुभव मात्र गर्न सकिन्छ ।

---

*२७. रेसराज अधिकारी, पूर्ववत्, पृ-१३६ ।*

*२.८.५.२ समाज गतिशील हुन्छ*

समाज परिवर्तन भैरहन्छ । यो यथास्थितिमा मात्र सीमित नरही गतिशील हुन्छ । यो एक सार्वभौम प्रक्रिया हो । हिजोको समाज र आजको समाजमा भिन्नता पाइनुको कारण यही नै हो ।

*२.८.५.३ समाज जटिल हुन्छ*

समाज एक जटिल संरचना हो । आजको समाज दिनप्रतिदिन जटिल बन्दै गएको छ । समाज विभिन्न प्रकारका कठिनाइले जेलिएको हुन्छ ।

*२.८.५.४ समाज वर्गीय हुन्छ*

वर्गीय हुनु समाजको एक महत्त्वपूर्ण विशेषता हो । समाजमा विभिन्न वर्ग र उपवर्गहरू रहेका हुन्छन । वर्गसङ्घर्षको कारण समाजको गति अघि बढेको हो ।

*२.८.५.५ जागरूकता*

व्यक्तिहरूको पारस्परिक जागरूकताको अभावमा २८ समाज बन्न सक्दैन । यसको आधारमा नै सामाजिक सम्बन्ध स्थापित हुन्छ । जागरणविना समाज अघि बढ्न सक्दैन ।

*२.८.५.६ समानता र असमानता*

समाजमा एकै वर्ग र एकै समूहबीच समानता पाइन्छ भने भिन्न वर्ग र भिन्न समूहबीच असमानता पाइन्छ ।

*२.८.५.७ आश्रित हुने व्यवस्था*

समाजका सदस्यहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा एकआर्कामाथि आश्रित रहन्छन् । मानव एक सामाजिक प्राणी भएका कारण आफू एक्लैले आवश्यकताहरू पूरा गर्न नसक्ने भएकाले अर्को ब्यक्तिसँग निर्भर रहनु पर्दछ ।

---

*२८. ऐजन,पृ- १३६ ।*

## २.९ परिवार

### २.९.१ परिवारको परिचय

परिवार सर्वाधिक महत्त्वपूर्ण प्राथमिक मानवीय समूह हो । यो सामाजिक संरचना निर्माणका लागि आवश्यक एकाइ हो । यो समग्र मानव समूहमा एक सार्वभौम प्रक्रिया हो । हरेक व्यक्ति कुनै न कुनै परिवारमा आबद्ध हुन्छ । परिवारको जन्म जैविक आवश्यकता पूर्तिको हेतु भएको पाइन्छ ।

परिवार एक सर्वव्यापी सामाजिक संस्था हो । सामान्य अर्थमा विवाहित पतिपत्नीलाई परिवार भन्ने गरेको पाइन्छ तर समाजशास्त्रीय दृष्टिकोणबाट भन्दा पतिपत्नी र उनीहरूका सन्तानलाई परिवार भनिन्छ । हरेक मानवसमाजमा पारिवारिक व्यवस्था पाइन्छ । यसले आफ्ना सदस्यहरूको रेखदेख गर्दछ । यसले सामाजिक, सांस्कृतिक, धार्मिक, राजनैतिक आदि आवश्यकताहरूको पूर्तिसमेत गर्दछ । यसर्थ समाज निर्माणका लागि परिवार एक महत्त्वपूर्ण एकाइ हो ।

### २.९.१.१ परिवारको परिभाषा

परिवारका सम्बन्धमा समाजशास्त्रीहरूले आ-आफ्ना धारणाहरू व्यक्त गरेका छन् । त्यस्ता धारणाहरूलाई परिभाषा पनि भनिन्छ । केही परिभाषाहरू यसप्रकार रहेका छन् :

मैकाइबरका अनुसार *"परिवार बच्चाको उत्पत्ति एवम् पालनपोषणको व्यवस्था गर्ने हेतुले पर्याप्त रूपमा निश्चित तथा स्थायी यौनसम्बन्धसँग परिभाषित एक समूह हो ।"* २९ यस परिभाषामा परिवारलाई एक समूहको रूपमा चित्रण गरिएको छ । यसैगरी निमकाफका अनुसार *"परिवार पतिपत्नी, बच्चासहित या बच्चारहित एवम् पुरुष तथा स्त्री एक्लैले बच्चासहित कम वा अधिक स्थिर समिति हो ।"* ३० यस परिभाषाले परिवारलाई समाजको एक समितिको रूपमा चिनाएको छ ।

---

*२९. विद्याभूषण एवम् डि. आर्. सचदेव, पूर्ववत्, पृ-२९२ ।*

*३०. ऐजन ।*

डेबिसले परिवारलाई रक्तसम्बन्धमा आधारित व्यक्तिहरूको समूहलाई परिवार भनेका छन् । उनी भन्दछन् *"परिवार यस्ता व्यक्तिहरूको समूह हो जो रक्तको आधारमा एक अर्कासँग सम्बन्धित रहन्छ जो परस्पर नातेदार रहेका हुन्छन् ।"*३१ समाजशास्त्री बिन्जका अनुसार *"परिवारको परिभाषा एक दृष्टिकोणवाट यो हुन सक्छ कि एक स्त्री सन्तानसहित तथा एक पुरुष तिनको रेखदेख हेतु ।"*३२ यस परिभाषाले पनि परिवारलाई एक समूह मानेको छ । परिवारका सम्बन्धमा इलियट तथा मोरिल भन्छन्*" परिवार पतिपत्नी एवम् सन्तानबाट निर्मित एक जैविक सामाजिक एकाइ हो ।"* ३३ यस परिभाषाले परिवारलाई एक सामाजिक एकाइ भनेको छ ।

यी परिभाषाहरूबाट के स्पस्ट हुन्छ भने परिवार पतिपत्नी एवम् तिनीहरूका सन्तानहरूको समूह हो जसको निर्माण जैविक आवश्यकता पूर्तिका लागि भएको हुन्छ र यो एक प्राथमिक सामाजिक एकाइ हो ।

### २.९.२ परिवारको उत्पत्ति

परिवारको उत्पत्ति यसरी नै भयो भन्न कठिन पर्छ । यसको उत्पत्तिका सम्बन्धमा विभिन्न सिद्धान्त एवम् मतहरू देखापरेका छन् । लोककथाहरूमा पनि यससम्बन्धी विवरणहरू पाइन्छन् । प्राचीन वर्णसङ्कर सिद्धान्तले परिवारको उत्पत्तिपूर्व मानव पशुसरह भएको तथ्य अघि सार्दछ । परिवारको उत्पत्ति मानवीय आवश्यकताको पूर्तिका लागि भएको हो । प्रजननका कारण यसले स्थायित्व प्राप्त गरेको हो । लैङ्गिक लालसा, आर्थिक आवश्यकता जस्ता कुराहरूले परिवारको

स्थापना भएको देखिन्छ । परिवारको उत्पत्ति एक सांस्कृतिक उपजका रूपमा देखा पर्दछ । यसरी उत्पत्ति भएको पारीवारिक व्यवस्थाले विभिन्न घुम्तीहरू पार गरी हालको अवस्थामा आइपुगेको छ ।

परिवारको उत्पत्तिका सम्बन्धमा समाजशास्त्री मोर्गनको दृष्टिकोण महत्त्वपूर्ण रहेको छ । उनका अनुसार परिवारले निम्नलिखित अवस्थाहरू पार गरी हालको अवस्थामा आइपुगेको छ ।

---

*३१. ऐजन, पृ २९३ ।*

*३२. ऐजन ।*

*३३. ऐजन ।*

### २.९.२.१ हाडनाताको सम्बन्धमा आधारित परिवार

परिवारको यस अवस्थामा परिवारभित्रका हरेक सदस्य यौनसम्पर्कमा स्वतन्त्र थिए ।

### २.९.२.२ समूह परिवार

परिवारको यस अवस्थामा आगम्यागमन विवाहमा प्रतिबन्ध लगाइएको थियो तर लैङ्गिक सम्बन्धमा भने निश्चितता थिएन ।

### २.९.२.३ युगल परिवार

परिवारको यस अवस्थामा एक पुरुषको एक स्त्रीसँग बिहे गर्ने परम्पराको सुरुवात भएको पाइन्छ । यसो भए तापनि परिवारमा विवाहित स्त्रीका साथ  यौनसम्पर्क परिवारका हरेक पुरुषले गर्न पाउँथे ।

### २.९.२.४ पितृसत्तात्मक परिवार

परिवारको यस अवस्थामा पुरुषको आधिपत्य स्थापित भएको पाइन्छ । यस अवस्थामा पुरुषले एक वा एकभन्दा बढी स्त्रीसँग बिहे गर्न सक्दथ्यो ।

### २.९.२.५आधुनिक परिवार

यो परिवारको वर्तमानस्वरूप हो । आधुनिक परिवारमा नारी र पुरुषको समान अधिकार रहन्छ । यस्तो परिवारलाई एक विवाह परिवार पनि भनिएको छ । आधुनिक परिवारको चर्चा गर्दा उत्तरआधुनिक परिवारबारे पनि चर्चा गर्नु आवश्यक देखिन्छ । पारिवारिक विघठन यसको स्पष्ट

प्रमाण हो । उत्तरआधुनिक प्रवृत्तिले झापा जिल्लाको पारिवारिक व्यवस्थामा पनि प्रभाव पारेको छ । 'सेतो खसी क्याम्प' (३.२१) शीर्षकको लोककथा पाइनुबाट यस तथ्यको पुष्टि हुन्छ ।

### २.९.३ परिवारको प्रकार

परिवारको वर्गीकरण विभिन्न आधारमा गरिन्छ । सङ्ख्याको आधारमा, निवासको आधारमा, अधिकारको आधारमा, उत्तराधिकारीको आधारमा, वंशनामको आधारमा तथा विवाहका आधारमा परिवारको वर्गीकरण गर्ने परम्परा पाइन्छ ।

#### २.९.३.१ सङ्ख्याको आधारमा परिवारको प्रकार

##### २.९.३.१.१ केन्द्रीय परिवार

केन्द्रीय परिवार आधुनिक समाजमा बढी पाइन्छ । यस परिवारमा पतिपत्नी र उनीहरूका अविवाहित सन्तान रहेका हुन्छन् । यो सानो आकारको परिवार हो ।

##### २.९.३.१.२ संयुक्त परिवार

तीन तथा तीनभन्दा बढी पीढीका सदस्यहरू एकैसाथ बसोवास गरेको परिवारलाई संयुक्त परिवार भनिन्छ । यस परिवारका सदस्यहरूको सामूहिक सम्पत्ति रहेको हुन्छ ।

##### २.९.३.१.३ विस्तृत परिवार

यस्तो परिवारमा पितृपक्षीय तथा मातृपक्षीय सदस्यहरू एकैसाथ बसोवास गरेका हुन्छन् ।

#### २.९.३.२ निवासको आधारमा परिवारको प्रकार

##### २.९.३.२.१ पितृस्थानीय परिवार

विवाहपछि पतिपत्नी पतिको आमाबाबुको घरमा बस्छन् भने त्यस्तो परिवारलाई पितृस्थानीय परिवार भनिन्छ ।

##### २.९.३.२.२ मातृस्थानीय परिवार

विवाहपछि पतिपत्नी पत्नीका आमाबाबुको घरमा गएर बस्छन् भने त्यस्तो परिवारलाई मातृस्थानीय परिवार भनिन्छ ।

### २.९.३.२.३ नवस्थानीय परिवार

विवाहपछि पतिपत्नी दुवैका आमाबाबुका घरमा नगई अन्यत्र गएर बस्छन् भने त्यस्तो परिवारलाई नवस्थानीय परिवार भनिन्छ ।

### २.९.३.२.४ मामास्थानीय परिवार

पतिपत्नी पतिको मावल गई बसेमा त्यस्तो परिवारलाई मामास्थानीय परिवार भनिन्छ ।

### २.९.३.२.५ पितृ-मातृस्थानीय परिवार

पतिपत्नी पुरुषको घर र पत्नीको माइत दुवै ठाउँमा बसेमा पितृ-मातृस्थानीय परिवार बन्दछ ।

### २.९.३.२.६ द्वि-स्थानीय परिवार

पतिपत्नी दुवै आ-आफ्नो जन्म परिवारमा गएर बस्छन् भने त्यस्तो परिवारलाई द्वि-स्थानीय परिवार भनिन्छ । यस परिवारका पतिपत्नी दुवै रात्रिको वेला पत्नी रहेको घरमा रहन्छन् । दिनमा भने आ-आफ्नो घरमा नै बस्दछन् ।

### २.९.३.३ अधिकारको आधारमा परिवारको प्रकार

### २.९.३.३.१ मातृसत्तात्मक परिवार

मातृसत्तात्मक परिवारको सम्पूर्ण अधिकार आमा तथा स्त्रीमा रहन्छ ।

### २.९.३.३.२ पितृसत्तात्मक परिवार

पितृसत्तात्मक परिवारमा परिवारको सम्पूर्ण अधिकार पुरुष तथा पितामा रहन्छ ।

### २.९.३.४ उत्तराधिकारीको आधारमा परिवारको प्रकार

### २.९.३.४.१ मातृमार्गी परिवार

मातृमार्गी परिवारमा आमाको मृत्युपछि उत्तराधिकारी आमा  पक्षबाट चयन गरिन्छ ।

### २.९.३.४.२ पितृमार्गी परिवार

पितृमार्गी परिवारमा उत्तराधिकारीको अधिकार जेठो छोराले पाउँछ ।

### २.९.३.५ वंशको आधारमा परिवारको प्रकार

#### २.९.३.५.१ पितृवंशीय परिवार

बाबुको वंशको आधारमा स्थापित भएको परिवार पितृवंशीय परिवार हो । यस्तो परिवारमा बाबुको थर जे छ छोराको थर पनि त्यही नै हुन्छ । उदाहरणको रूपमा बाबुको थर सापकोटा छ भने छोराको थर पनि सापकोटा नै हुन्छ ।

#### २.९.३.५.२ मातृवंशीय परिवार

वंशपरम्परा आमाको थरको आधारमा कायम हुन्छ भने त्यस्तो परिवारलाई मातृवंशीय परिवार भनिन्छ । विवाहपश्चात् पुरुषको वंश पनि स्त्रीको जे छ त्यही हुन्छ र आमाको वंशको आधारमा छोरीको पनि वंशनाम हुन्छ । ३४ उदाहरणको रूपमा आमाको थर खतिवडा छ भने विवाहपश्चात् पनि छोरीको थर खतिवडा नै हुन्छ र वंशपरम्परा पनि यसैका आधारमा स्थापित हुन्छ ।

### २.९.३.६ विवाहको आधारमा परिवारको प्रकार

#### २.९.३.६.१ एक विवाही परिवार

यस्तो परिवारमा पुरुष वा स्त्रीलाई एउटा मात्र विवाह गर्ने अधिकार प्राप्त हुन्छ । कुनै एकको मृत्यु भएमा चाहिँ अर्को विवाह गर्न पाउने प्रचलन रहेको छ ।

#### २.९.३.६.२ बहुविवाही परिवार

यस्तो परिवारमा एकैपटक एकभन्दा बढी विवाह गर्ने प्रचलन रहेको छ । यसअन्तर्गत बहुपती विवाह परिवार र बहुपत्नी विवाह परिवार गरी दुई प्रकारको परिवार रहेको पाइन्छ । बहुपती विवाह परिवारअन्तर्गत पनि भातृ बहुपति विवाह परिवार र अभातृ बहुपति विवाह परिवार गरी दुई उपप्रकारका परिवारहरू रहेको पाइन्छ । भातृ बहुपति विवाह परिवारमा सबै भाइकी श्रीमती एउटै स्त्री बन्दछे भने अभातृ बहुपति विवाह परिवार यस्तो परिवार हो जसमा स्त्रीका पतिहरू दाजुभाइ मात्र नभएर अन्य पुरुषहरू पनि हुन्छन् ।

*३४. रेसराज अधिकारी, __पूर्ववत्__ , पृ-२६१ ।*

### २.९.४ परिवारका विशेषताहरू

परिवारका निम्नलिखित विशेषताहरू रहेका छन् :

*२.९.४.१ यौनसम्बन्ध*

एक पुरुष एवम् स्त्रीबीच परस्पर यौनसम्बन्धको स्थापना भएपछि परिवारको अस्तित्व कायम हुन्छ ।

*२.९.४.२ सामान्य आवास*

परिवारलाई निवासका लागि घरको आवश्यकता गर्दछ । यसको अभावमा सन्तानको पालनपोषण, आवश्यक सामाग्री सङ्ग्रह जस्ता कार्य गर्न कठिन पर्छ ।

*२.९.४.३ आर्थिक व्यवस्था*

परिवारका आवश्यकताहरू पूरा गर्नका लागि सदस्यहरूले केही न केही कार्य गर्नुपर्छ । आर्थिक अभावमा परिवारका आवश्यकताहरू पूरा हुँदैनन् ।

*२.९.४.४ विवाहको एक स्वरूप*

विवाहबाट नै परिवारको स्थापना हुने भएकाले परिवार विवाहको एक स्वरूप हो । स्त्री र पुरुषको सम्बन्धविना परिवारको निर्माण हुन सक्दैन ।

*२.९.४.५ वंशपरम्पराको व्यवस्था*

परिवार वंशपरम्पराको एक व्यवस्था हो । सन्तानको जन्म भएपछि उसको नामकरण गर्दा बुबा तथा आमाको थरबाट उसको थर जोडिन्छ ।

*२.९.४.६ सार्वभौमिकता*

परिवार हरेक समाजमा पाइने भएकाले सार्वभौम हुनु यसको एक महत्त्वपूर्ण विशेषता हो । हरेक समाजको विकासमा परिवारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

*२.९.४.७ भावात्मकता*

परिवारका सदस्यहरू एकआपसमा भावात्मकको जालोमा बाँधिएका हुन्छन् । छोराछोरी तथा आमाबाबु बीचको सम्बन्ध प्रगाढ हुन्छ ।

*२.९.४.८ सामाजिक नियन्त्रण*

परिवारले आफ्ना सदस्यहरूको व्यवहार नियन्त्रण गर्छ । यो सामाजिक नियन्त्रणको एक प्रक्रिया हो ।

*२.९.४.९ परिवारको स्वभाव*

परिवारको स्वभाव स्थायी र अस्थायी गरी दुई खाले हुन्छ । सदस्यहरूको मृत्यु, सम्बन्धबिच्छेद जस्ता घटना भएमा परिवारको अस्तित्व समाप्त हुन सक्छ तर सामाजिक संस्थाको रूपमा परिवारले स्थायित्व कायम गर्न सक्छ ।

*२.९.४.१० रचनात्मक प्रभाव*

परिवारले आफ्ना सदस्यहरूको व्यक्तित्व विकासका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बालकको मनोवृत्ति, स्वभाव आदिमा परिवारको छाप परेको हुन्छ ।

*२.९.४.११ असीमित उत्तरदायित्व*

परिवारका हरेक सदस्यहरूले आफ्नो परिवारको हितका लागि विशिष्ट कार्यहरू गर्नुपर्छ । यसका लागि उनीहरू असीमित उत्तरदायित्व वहन गर्नुगर्छ ।

*२.९.४.१२ सीमित आकार*

समाजका अन्य समूहहरूको तुलनामा परिवारको आकार सानो हुन्छ । परिवार सानो आकार भएको एक समूह हो ।

*२.९.४.१३ सामाजिक संरचनाको प्राथमिक आधार*

परिवार सामाजिक संरचना निर्माणका लागि आवश्यक एक प्राथमिक आधार हो । परिवारहरूको योगबाट समाज बन्दछ ।

**२.९.५ परिवारका कार्यहरू**

परिवार एक सामाजिक संस्था भएकाले यसका कार्यहरू महत्त्वपूर्ण हुन्छन् । परिवारले गर्ने कार्य समाजका अन्य समितिले गर्न नसक्ने भएकाले यसका कार्यहरू विशिष्ट रहेका हुन्छन् । यस्ता कार्यहरू यसप्रकार रहेका छन् :

**२.९.५.१ प्राणीशास्त्रीय कार्य**

परिवारका प्राणीशास्त्रीय कार्यहरूअन्तर्गत यौनेच्छाको पूर्ति, सन्तानोतपत्ति तथा वंश एवम् प्रजातिको निरन्तरता जस्ता कुराहरू पर्दछन् ।

### २.९.५.२ शारीरिक कार्य

परिवारले गर्ने शारीरिक कार्यअन्तर्गत बालकको पालनपोषण, भोजनको प्रबन्ध, शारीरिक रक्षा, लुगाफाटा एवम् आवासको व्यवस्था जस्ता कुराहरू पर्दछन् ।

### २.९.५.३ आर्थिक कार्य

परिवारले गर्नुपर्ने आर्थिक कार्यअन्तर्गत सम्पत्ति एवम् आम्दानीको प्रबन्ध मिलाउनु, श्रमविभाजन गर्नु, उत्तराधिकारीको निर्धारण गर्नु, उत्पादक एकाइको रूपमा कार्य गर्नु जस्ता कार्यहरू पर्दछन् ।

### २.९.५.४ धार्मिक कार्य

हरेक परिवारले कुनै न कुनै धार्मिक चिन्तनको अनुसरण गरको हुन्छ । आफ्ना सदस्यहरूलाई यसतर्फ मोड्ने कार्य परिवारले गर्दछ ।

### २.९.५.५ शैक्षिक कार्य

परिवार एक महत्त्वपूर्ण शैक्षिक एकाइ हो । ३५ त्यसैले परिवारलाई पहिलो पाठशाला मानिन्छ । बालकले आफ्ना मातापिताको रेखदेखमा कुन कार्य गर्ने र कुन कार्य नगर्ने भन्ने पाठ सिक्दछ ।

---

*३५. विद्याभूषण एवम् डि. आर. सचदेव, पूर्ववत्, पृ-३०६ ।*

### २.९.५.६ राजनैतिक कार्य

प्राचीन कालमा राज्य, अड्डा, अदालत आदि नभएकाले आफ्ना सदस्यहरू बीचको झगडा मिलाउने जस्ता कार्यहरू परिवारले नै गर्दथ्यो । अहिले पनि परिवारभित्रका यस्ता समस्याहरूलाई आन्तरिक रूपमै समाधान गर्ने प्रयत्न गरिन्छ । यसरी परिवारले राजनैतिक कार्य पनि गर्दछ ।

### २.९.५.७ सांस्कृतिक कार्य

परिवारले संस्कृतिको रक्षा गर्दछ । यसका साथै नयाँ पीढीलाई सांस्कृतिक ज्ञान प्रदान गर्दछ । ३६

### २.९.५.८ सामाजीकरणको कार्य

बालकको जन्म भएपछि उसले आफ्ना परिवारका सहायताबाट बोल्न, हिंड्न तथा समाजसँग घुलमिल हुन सिक्दछ । यसर्थ परिवारले सामाजीकरणको कार्य पनि गर्दछ ।

### २.९.५.९ सामाजिक नियन्त्रण

परिवारले आफ्ना सदस्यहरूका व्यवहारमा नियन्त्रण गरी सामाजिक नियन्त्रणमा सहयोग पुऱ्याउँछ ।

यसैगरी स्वास्थ्य सम्बन्धी कार्य, मनोरञ्जनात्मक कार्य तथा अनुभवको हस्तान्त्रण जस्ता कार्यहरू पनि परिवारले गर्दछ ।

---

*३६.. रेसराज अधिकारी, पूर्ववत्, पृ-२६६ ।*

## २.१० संस्कृति

### २.१०.१ संस्कृतिको परिचय

'संस्कृति' शब्दको निर्माण 'संस्कृत' शब्दबाट भएको हो । संस्कृति शब्दको अर्थ परिष्कृत भन्ने हुन्छ । यसको तात्पर्य मानवलाई परिष्कार गर्ने तत्त्व भन्ने हुन्छ । संस्कृतिले नै मानिसलाई मानिसको रूपमा बाँच्न सिकाएको छ । संस्कृतिविनाको मानिस पशुतुल्य हुन्छ । केही समाजशास्त्रीहरूले 'संस्कृति' शब्द 'संस्कार' शब्दबाट बनेको मान्दछन् । संस्कार शब्दको अर्थ परिमार्जन तथा शुद्धि भन्ने हुन्छ । यसर्थ व्यक्तिलाई सामाजिक तथा सुसंस्कृत बनाउनका लागि जुन जुन तत्त्वहरूले भूमिका खेल्दछन् ती सबैको योग नै संस्कृति हो । यसर्थ संस्कृतिको क्षेत्र व्यापक छ । संस्कृतिअन्तर्गत ज्ञान, नैतिकता, कला, विश्वास, धर्म, भाषा, कानुन, प्रथा जस्ता अभौतिक कुराहरू र मानव निर्मित घर, मोटर, मन्दिर, सडक जस्ता भौतिक कुराहरू पर्दछन् , यसर्थ मानवले समाजको सदस्यको रूपमा आर्जन गरेका समग्र पक्षहरू संस्कृतिअन्तर्गत पर्दछन् ।

#### २.१०.१.१ संस्कृतिको परिभाषा

समाजशास्त्री तथा मानवशास्त्री विद्वान्हरूले संस्कृतिका बारेमा आ-आफ्ना परिभाषाहरू अघि सारेका छन् । यस्ता केही परिभाषाहरू यस प्रकार रहेका छन् :

इ.बि.टायलरका अनुसार "*संस्कृति त्यो सम्पूर्ण जटिलता हो जसमा ज्ञान, विश्वास, नैतिकता, कानुन,प्रथा तथा यस्ता सम्पूर्ण क्षमता एवम् गुणहरू सम्मिलित हुन्छन् जसलाई मानवसमाजको सदस्य हुनाको कारण आर्जन गर्दछ ।* " ३७ यस परिभाषाले मानवसमाजको सम्पूर्ण जटिलताको रूपमा संस्कृतिलाई चिनाएको छ । यहाँ मानवसमाजका समग्र पक्षलाई संस्कृतिअन्तर्गत समेटिएको छ । यसर्थ टायलरको परिभाषा महत्त्वपूर्ण रहेको छ । यसै सन्दर्भमा सामाजशास्त्री वाइट भन्छन् "*व्यक्तिगत व्यवहारका सबै ढाँचाहरू र सबै सामाजिक संस्थाहरू संस्कृतिभित्र पर्दछन् ।*" ३८ यस परिभाषाले संस्कृतिलाई व्यक्ति तथा समाजसँग जोडेको छ ।

---

*३७. ऐजन, पृ-१४० ।*

*३८. एम्. फ्रान्सिस अब्राहम, पूर्ववत् , पृ-२७१ ।*

यसैगरी मेलिनोब्स्कीका अनुसार *"संस्कृति मानवको कृति हो तथा एक साधन हो जसद्वारा ऊ आफ्नो लक्ष्य प्राप्त गर्न सक्दछ ।* "३९ यस परिभाषाले संस्कृति मानव निर्मित हुन्छ भन्ने कुरामा

जोड दिएको छ । स्पेनसरका अनुसार *"संस्कृति पराजैविक पर्यावरण हो जो अजैविक अथवा भौतिक एवम् जैविक, कृषि एवम् पशुको संसारभन्दा भिन्न छ ।"*४० यस परिभाषाले संस्कृतिलाई कृषि एवम् पशुको संसारभन्दा भिन्न तत्त्व मानेको छ । मैकाइबरका अनुसार *"संस्कृति हाम्रो जीवनक्रम, चिन्तनपद्धति, दैनिक सम्पर्क, कला, साहित्य, धर्म, मनोरञ्जन, विनोद आदिमा हाम्रो प्रकृतिको पनि अभिव्यक्ति हो ।"*४१ यस परिभाषाले समाजका विविध पाटाहरू र मानवीय प्रवृत्तिलाई संस्कृति मानेको छ ।

यी विभिन्न परिभाषाहरूका आधारमा के स्पष्ट हुन्छ भने *संस्कृति मानवसमाजद्वारा स्वीकृत सम्पूर्ण भौतिक तथा अभौतिक पक्षहरूको योग हो जो जटिल संरचनायुक्त हुन्छ ।*

## २.१०.२ संस्कृतिको उत्पत्ति

संस्कृतिको उत्पत्ति यसरी नै भयो भन्न कठिन पर्छ । यसो भए तापनि सांस्कृतिक विकासका महत्त्वपूर्ण मूल प्रक्रिया अन्वेषण एवम् आविष्कार ४२ भएको पाइन्छ । केही भौतिक तथा अभौतिक तत्त्वहरू विभिन्न समयमा व्यक्तिले निर्माण गरेका छन् तर यस्ता सबै तत्त्वहरू मानव निर्मित मात्र छैनन् । संस्कृतिको प्राचीनताको चर्चा गर्दा ब्रह्माण्डको उत्पत्तिसम्म पुग्न सकिन्छ । संस्कृति मानवसमाजसँग सम्बन्धित भएकाले समाजको विकाससँगै यसको विकास भएको पाइन्छ । संस्कृतिका कारण मानव पशुभन्दा उच्च छ । समाजको विकाससँगै मानवले अनेक कुराहरूको निर्माण, आविष्कार एवम् अन्वेषण गर्न थाल्यो र यसै क्रममा संस्कृतिको क्षेत्र पनि व्यापक बन्दै गयो ।

---

*३९. विद्याभूषण एवम् डि.आर. सचदेव, पूर्ववत्, पृ-७३४ ।*

*४०. ऐजन, पृ-७३५ ।*

*४१. ऐजन ।*

*४२. ऐजन, पृ-७४७ ।*

संस्कृतिको विकासबारे चर्चा गर्दा प्रसारवादका मान्यताहरूलाई अघि सार्नुपर्ने हुन्छ । संस्कृतिको विकास र वृद्धि प्रसारबाट हुन्छ भन्ने मान्यतालाई प्रसारवाद भनिन्छ । ४३ यस सन्दर्भमा लोककथाको उत्पत्तिबारे चर्चा गर्नु आवश्यक देखिन्छ । केही समाजशास्त्री विद्धान्हरूले लोककथा तथा दन्त्यकथाको उत्पत्ति हुने आधार प्रसारवादलाई मानेका छन् । ४४

यसरी निष्कर्षमा भन्नुपर्दा संस्कृतिको उत्पत्ति कहिले र कसरी भयो भन्न कठिन पर्छ  तर यसको विकास प्रक्रिया भने मानवसमाजको विकास प्रक्रियासँगै अघि बढेको हो ।

### २.१०.३ संस्कृतिका विशेषताहरू

संस्कृतिका निम्नलिखित विशेषताहरू रहेका छन् :

*२.१०.३.१ संस्कृति आदर्शात्मक हुन्छ*

संस्कृतिमा सामाजिक आदर्श नियम एवम् विचार समावेश भएको हुन्छ । यसर्थ संस्कृति आदर्शात्मक हुन्छ ।

*२.१०.३.२ संस्कृतिले आवश्यकताहरूको पूर्ति गर्दछ*

मानिसका अनेक आवश्यकताहरू हुन्छन् । यस्ता आवश्यकताहरूको पूर्ति संस्कृतिले गर्दछ । शारीरिक, मानसिक एवम् सामाजिक आवश्यकताहरू संस्कृतिले पूर्ति गर्दछ ।

*२.१०.३.३ भाषा संस्कृतिको मुख्य वाहक हो*

भाषाको माध्यमबाट नै एक ठाउँको संस्कृति आर्को ठाउँसम्म पुग्दछ । भाषाको माध्यमबाट व्यक्तिले धेरै कुराहरू सिक्दछ । उसले सिक्ने कुराहरूमध्ये संस्कृति पनि पर्दछ ।

*२.१०.३.४ संस्कृति हस्तान्तरण भैरहन्छ*

संस्कृति एक पीढीबाट अर्को पीढीमा तथा एक समूहबाट अर्को समूहमा निरन्तर हस्तान्तरण भैरहन्छ ।

---

*४३. टीकाराम गौतम, समाजशास्त्र र सांस्कृतिक मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू, (काठकाडौं र अक्सफोर्ड इण्टरनेसनल पब्लिकेसन, २०६३), पृ-७६ ।*

*४४. जनकलाल शर्मा, पूर्ववत् पृ-१७५ ।*

*२.१०.३.५ संस्कृति सिकिएको योग्यता हो*

संस्कृति नैसर्गिक गुण नभएर व्यक्तिले समाजबाट सिकेका मूल्य, मान्यता, रूढि, नीति, नियम आदिको योग हो ।

*२.१०.३.६ संस्कृति समाजअनुसार फरक-फरक हुन्छ*

संस्कृति समाज तथा धर्म अनुसार फरक-फरक हुन्छ । पूर्वको संस्कृति र पश्चिमको संस्कृति तथा हिन्दू संस्कृति र मुस्लिम संस्कृतिमा भिन्नता पाइनु यही कारण हो ।

*२.१०.३.७ संस्कृति सामाजिक परम्परा हो*

संस्कृति सरम्पराको संवाहक हो । यसले परम्परालाई जोगाइराख्छ । अतीतको समाजले अपनाएका कुराहरू वर्तमान समाजले पनि अपनाउँछ । यसर्थ संस्कृति परम्परा पनि हो ।

*२.१०.३.८ संस्कृति व्यक्तित्व निर्माणको आधार पनि हो*

व्यक्तिको जन्म जुन संस्कृतिमा हुन्छ त्यसैअनुरूप उसको व्यक्तित्व विकास हुन्छ ।

*२.१०.३.९ संस्कृति एक समन्वित प्रणाली हो*

संस्कृति मूल्य, मान्यता, भाषा, साहित्य, प्रथा जस्ता विविध पक्षहरूको योगबाट बनेको हुन्छ । यसर्थ यो एक समन्वित प्रणाली हो ।

*२.१०.३.१० संस्कृति गतिशील हुन्छ*

समय र परिस्थितिअनुसार संस्कृतिको गुणमा परिवर्तन भैरहन्छ । यसर्थ गतिशीलता संस्कृतिको एक महत्त्वपूर्ण विशेषता हो ।

## २.१०.४ संस्कृतिका कार्यहरू

संस्कृतिका कार्यहरू विविध हुन्छन् । यस्ता कार्यहरूलाई मूल रूपमा दुई वर्गमा विभाजन गर्न सकिन्छ । संस्कृतिले व्यक्तिका लागि र समूहका लागि गरी दुई प्रकारका कार्यहरू गर्दछ ।

### २.१०.४.१ संस्कृतिले व्यक्तिका लागि गर्ने कार्यहरू

संस्कृतिले व्यक्तिका लागि निम्नलिखित कार्यहरू गर्दछ । ती यसप्रकार छन् :

#### २.१०.४.१.१ संस्कृतिले मानवलाई मानवको रूपमा बाँच्न सिकाउँछ

संस्कृतिले गर्दा नै मानव पशुभन्दा भिन्न र उच्च छ । यसले मानवलाई उचित मार्गमा हिंड्न सिकाउँछ ।

### २.१०.४.१.२ संस्कृतिले जटिल परिस्थितिको समाधान गर्दछ

संस्कृति मानवका जटिल परिस्थिति समाधानका लागि आवश्यक तत्त्व हो । मानव जीवनका कठिनाइहरू पार गर्नका लागि यसले बाटो देखाउँछ ।

### २.१०.४.१.३ संस्कृतिले परम्पराको ब्याख्या गर्दछ

व्यक्तिले परम्पराबाट नै धेरै कुराहरू सिक्दछ र आफ्नो व्यवहार निश्चित गर्दछ । यस्तो परम्पराको ब्याख्या संस्कृतिले गर्दछ ।

### २.१०.४.२ संस्कृतिले समूहका लागि गर्ने कार्यहरू

संस्कृतिले समूहका लागि निम्नलिखित कार्यहरू गर्दछ । ती यसप्रकार छन् :

### २.१०.४.२.१ संस्कृतिले सामाजिक सम्बन्ध स्थिर राख्दछ

संस्कृतिको अभावमा सामाजिक जीवन संभव छैन । ४५ संस्कृतिले सामाजिक संम्बन्ध बलियो बनाउँछ र स्थिर पनि राख्दछ ।

*४५. विद्याभूषण एवम् डि. आर. सचदेव, पूर्ववत्, पृ-७५३ ।*

### २.१०.४.२.२ संस्कृतिले सामूहिक भावना उत्पन्न गर्दछ

संस्कृतिले परिवार, वर्ग, राज्य, धर्म आदि पक्षको बोध गराएर मानिसमा सामूहिक भावना उत्पन्न गराउँछ ।

### २.१०.४.२.३ संस्कृतिले नयाँ आवश्यकताहरू उत्पन्न गर्दछ

संस्कृतिले नयाँ आवश्यकताहरू उत्पन्न गर्नुका साथै यसको पूर्तिको ब्याख्या पनि गर्दछ । उदाहरणको रूपमा मानवलाई यौनसन्तुष्टिको आवश्यकता परेपछि उसले विवाह गरी उक्त आवश्यकता पूर्ति गर्दछ ।

## २.११ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा समाजशास्त्र समाजको वैज्ञानिक अध्ययन गर्न प्रयत्न गर्ने ज्ञानको एक शाखा हो । समाजको अध्ययन धेरै पहिले देखि नै भएको पाइए तापनि समाजशास्त्र

[Sociology] भन्ने छुट्टै विषयको स्थापना भने सन् १८३८ देखि भएको हो । यस कार्यमा फ्रान्सेली चिन्तक अगस्ट कोम्टेको योगदान रहेको छ । समाजशास्त्रका विविध शाखाहरू रहेका छन् । यो ज्ञानको एक शाखा भएकाले ज्ञानका अन्य शाखाहरूसँग पनि यसको सम्बन्ध रहेको छ । केही विद्वान्हरूले यसको क्षेत्र सीमित पार्ने काम गरेका छन् भने केहीले यसको क्षेत्र ब्यापक छ भनेका छन् । यसको क्षेत्र सीमित नभएर व्यापक छ । यस शास्त्रले विभिन्न घुम्तीहरू पार गरी हालको अवस्थामा आइपुगेको छ ।

## तेस्रो परिच्छेद

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन

### ३.१ अद्‌भुत औंठी

एकादेशमा एउटा राजाका चार भाइ छोरा थे अरे । ती राजाका चार भाइ छोरालाई राजाले व्यापार तथा अरू केही गर भनेर पैसा दिएछन् । ती चार भाइमध्ये कोही विदेशतिर गए भने कोही बजारतिर गएर व्यापार गरे अनि कान्छा छोराले चाहिँ एउटा मुसो किनेछ । अरू सबै छोराहरूले राम्रारामा सामान किने भने कान्छो छोराले मुसो किनेछ । त्यसपछि राजाले थुक्क धिक्कार रैछस् तँ त सबै दाजुभाइले राम्रारामा सामान किने तैंले मुसो किनिस् भनेर हकारपकार गरे । फेरि दोस्रोपल्ट पनि राजाले सबै भाइलाई पैसा दिएर पठाए । त्यसपछि राजाका सबै छोराहरू सहर गए । त्यस वेला पनि त्यो कान्छो छोराले अरू सामान नकिनी एउटा बिरालो ल्याएछ । त्यस बेला पनि राजाले अरू सबै दाइले राम्रारामा सामान ल्याए तैंले बिरालो ल्याइस् भनेर भनेछन् । राजाले अब एकपल्ट चान्स दिन्छु र अब पनि गर्न सकिनस् भने तँलाई पैसा दिन्न भनेर राजाले कान्छो छोरालाई पैसा दिएर पठाए । जाँदा जाँदा जाँदा ऊ एउटा जङ्गलमा पुगो । जङ्गलमा गाईवस्तु हेर्ने गोठालाले एउटा सर्पलाई कुटिराखेका रैछन् । सर्पलाई कुटिरहेको देख्दा त्यहाँ गएर उसले सर्पलाइ नमार नमार भनेर पैसा छरिदियो । पैसा देखेपछि गोठालाहरू पैसा टिप्न लागे र सर्प बचो । सर्प बचेपछि सर्पले भने“तपाईं धन्य हुनुहुँदोरैछ मेरो ज्यान बचाइदिनुभो ।” त्यसपछि सर्पले भने“ तपाईं र म मीत लगाऊँ” अनि उनीहरुले मीत लगाए ।मीत लगाएपछि सर्पले तपाईं र म मेरो घर जुम् म पनि एउटा राजाको छोरा हुँ नागको छोरा हुँ जुम् घर भनेर घर लेर गए । घर लेर जाँदा सर्पले भने मेरो बुवा हुनुहुन्छ तपाईलाई देख्ने बित्तिकै खानुहुन्छ र त्यसैले तपाईंले मीतबुवा भनेर नमस्कार गर्ने यति भनेपछि खानुहुन्न भने । जाँदा जाँदा उनीहरू सर्पको घरमा पुगे । घरमा पुगेपछि राजाका छोराले बुवा नमस्कार भनेर सम्मान गरे । सम्मान गरेपछि यी त मेरै छोरा रैछन् भनेर नागले राजाका छोरालाई पनि सम्मानसाथ राखे । केही दिन बित्दै गए । एक दिन राजाका छोराका साथीले भने“ तपाईं जाने वेलामा केही अमूल्य कुरा माग्नु है, मागेपछि तपाईंले पाउनुहुन्छ, माग्ने वेला तपाईंले लाको औठीं दिनु भन्नु ।” एक दिन राजाका छोरा जाने वेला भयो । त्यस वेला नागराजाले राजाका छोरालाई तिमी के माग्छौ म त्यही दिन्छु भने । मलाई दिनुहुन्छ भने तपाईंले लाको औठीं दिनुस् भनेपछि नागराजाले औंठी खोलेर दिए । त्यसपछि राजाको कान्छो छोरा गयो । जाँदा जाँदा बाटामा रात पऱ्यो । उसलाई त्यो औंठीका बारेमा त्यति थाहा पनि थिएन । त्यो औंठी एउटा रूखको हाँगामा उसले सिउँरियो । सिउँरिने बित्तिकै त्यहाँ एउटा महल ठडियो । महल ठडिएपछि बल्ल औठीको

यस्तो महत्त्व रहेछ भन्ने कुरा उसलाई थाहा भयो । त्यही महलमा उसले त्यो रात बितायो । भोलि बिहान त्यो औंठी निकालेपछि जस्तो जङ्गलथ्यो पहिले त्यस्तै जङ्गल भयो । त्यसपछि ऊ घर गयो । घर गइसकेपछि उसले त्यो औंठी लिएर ठूलो महल ठड्यायो । सम्पन्न र धेरै धनी भए उसको परिवार । त्यसपछि त्यो औंठीका बारेमा एउटा सुनारीले थाहा पायो । थाहा पाएपछि छोरा नभको वेला आमालाई छल गरेर सुनारीले औठी लग्यो । त्यसपछि भएको सम्पत्ति पनि सप्पै सक्यो अनि त्यसपछि त्यो सुनारीलाई पत्ता लाउँदै गए । राजाको कान्छा छोराले किनेर ल्याको मुसा र बिरालोले पनि सुर्ता नगर्नुस् त्यो औंठी हामी खोजेर ल्याउँछौ भनेर मुसो र बिरालो दुवै औंठी ल्याउन गए । उनीहरू सुनारीको घरमा गए । सुनारीको घरमा गैसकेपछि पहिलोचोटि बिरालो म्याउँम्याउँ गर्दै गयो । सुनारीले कति राम्रो बिरालो पनि आएछ भनो । त्यसपछि राती भएपछि सुनारीले दाँतमा च्यापेर औठी राख्दोरैछ भन्ने कुरा बिरालोले पत्ता लगायो । त्यसपछि अब कसरी निकाल्ने त भन्ने आइडिया गरे उनीहरू । मुसोले जुक्ति निकाल्यो । उसले म सुनारी सुतेको वेला नाकमा पुच्छर हालिदिन्छु र हाच्छिउँ गरेपछि औंठी बाहिर खस्छ त्यही वेला तिमी औंठी टिपेर ल्याउनु भनेर बिरालोलाई भनेछ । बिरालौ दैलोनेर बस्यो र मुसोले राती सुनारीको नाकमा पुच्छर हालिदियो । त्यस पिछाडि औंठी खस्यो । त्यो औंठी बिरालोले टिप्यो । अनि त्यसपछि मुसो बिरालोमाथि चढ्यो । उनीहरू हिंडे । त्यसपछि जाँदा जाँदा औंठी समुद्रमा खसो । खसेपछि मुसाले यता र उताको पहरो काटेर माछालाई तरा लगाए । त्यहाँ माटो झरो । त्यसपछि उनीहरूले औंठी लेर गए । उनीहरूले माछा पनि लेर गए । राजाको कान्छो छोरा चाहिँ जङ्गलमा थियो । रात परेपछि माछालाई पनि जङ्गलमा राखे । माछालाई चीलले लेर गयो । चीलले माछो लेर गएपछि मुसाले म मरे झै गर्छु चील खान आको वेला तिमीले च्याप्प समात्नु भनेछ । चील मुसोलाई खान आयो । त्यही वेला बिरालोले चीललाई समायो । त्यसपछि उनीहरूले चील, माछो र औंठी लिएर घरमा गए । सिकार पनि भयो । घरमा लगेर गएपछि महल ठूलो भयो । त्यसपछि राजाले आफ्नो कान्छो छोरालाई धन्य रैछस् तँ पहिले तँलाई गाली गर्थे, तैंले ल्याका मुसा र बिरालो पनि धन्य रैछन्, किन ल्याइस भनेर धिकार्थे, आज यिनले ठूलो काम गरे, यिनलाई पनि अब सम्मानपूर्वक राख्नुपर्छ भने र त्यही घरमा राखे । परिवारमा टन्न धनसम्पत्ति भयो । त्यसपछि सम्पूर्ण परिवार सुखसित बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: शङ्कर खड्का
शनिश्चरे-७, बुटाबारी, झापा

## ३.२ कान्छो छोरालाई राजगद्दी

एकादेशमा एक जना राजाका चार भाइ छोरा थिए अरे । ती चार भाइ छोरामध्ये एक दिन राजालाई कुन चाहिँ छोराले मेरो यो गद्दी सुम्पिन्छन् भन्ने गद्दीमै सोचाइ आएर राजाले चार भाइ छोरालाई गद्दीमा निम्त्याएछन् र गद्दीमा निम्त्याएर राजाले भनेछन् "छोरा हो आज मलाई यस्तो खालको सोंचाइ आयो, यस्तो खालको बिचार आयो तिमीले पूरा गर्न सक्छौ सक्तौन । बुद्धिको चालअनुसार म यो राज्य सुम्पिने इच्छा छ तर मेरो भनाइ मेरो बोलाइ पूरा गर्दिनुपर्‍यो ।" छोराहरूले प्रश्न चाहिँ के हो त भनेर जान्न खोज्दा चाहिँ राजाले भनेछन् " म भन्छु छोरा हो राम्ररी सुन मलाई यस्तो खालको मासु चाहिएको छ कि कुनै जन्तु मारेर होइन काटेर होइन, कुनै प्राणी हत्या गरेर होइन, मासु चाहिँ लेउनुपरो ।" मलाई त्यस्तो खालको मासु चाहियो भनेर राजाले भनेपछि छोराहरूले हुन्छ नि बुवा त्यस्तो खालको लेउँदा हामी यत्रो प्रजाहरु थाम्ने, यत्रो राज्य चलाउने सोंचाइ पूरा गर्ने किसिमका बुवाको सोधाइ आयो हामी पूरा गर्छौं भनेर चार भाइ आ-आफ्नो बाटो लागे । उनीहरू जाँदाजादाँ कुनै त्यस्तो सिकार फेला परेन । बाटामा विभिन्न किसिमका जीवजन्तु भेटे । तिनीहरूको हत्या गरे । तिनीहरूको परान गको देखे । अब बुवाको प्रश्न त्यति वेला सोंच्छन् कि कुनै जन्तु हत्या गरेर होइन, मारेर होइन मासु चाहिं चाहिएको छ भनेको छ । जन्तु गोली हानेर मरेपछि सास त गैगो । छोराहरु यस्तो खालको मासु त होइन भनेर अचम्म परे । छोराहरु दिनरात घुम्दा पनि यस्तो खालको मासु फेला पारेनन् । ती चार भाइमध्ये जेठो, माहिलो र साहिंलो चाहिं कुनै किसिमको मासु फेला नपारी उनीहरू आफ्नै गतिमा राजगद्दी फर्के र यता आफ्नो बुवासँग कुरो राख्न थाले । उता कान्छो भाइ चाहिं बुवालाई यस्तो खालको मासु फेला परेन अब कुनै गाउँ जानुपर्‍यो भनेर उनी गाउँ पस्दा वाटामा अचानक पानीको प्यास लाग्यो । पानीको प्यास साथसाथै उनी गाउँको एक झुपडीमा गएर दिदी यो घरमा पानी पाइन्छ भन्दा त्यो घरको दिदीले पानी त पाइन्छ तर मेरो पानी दिने समय छैन, मेरो एउटा भैंसी थियो र त्यो भैंसी भीरमा गएर व्याएछ, त्यसपछि हपो पाडो बा मर्ने हो कि म त्यो भैंसी र पाडो हेरेर आउँछु र पानी दिन्छु भनिछन् । त्यति वेला राजाको छोरालाई सोंचाइ आएछ कि ओहो तो भैंसी कसरी व्यायो, कसरी पाडो लड्छ भनेर जादाँखेरि अचानक त्यहाँ भैंसीको पाडो एकापट्टि लडेको रैछ र अन्द्रो अर्कापट्टि लडेको देख्दा राजाका छोराले प्रश्न गरेछन् दिदी के यो मासु त मारेको होइन, काटेको होइन र यो त एकाएक यसरी निस्किएको हो भनेपछि मलाई बुवाले यस्तो यस्तो खालको प्रश्न गर्‍याछन् भनेर भन्दाखेरि त्यो दिदीले हो राजालाई यस्तै खालको मासु चाहिएको छ, यो कुनै मारेको होइन, काटेको होइन तपाईंले यो मासु लगेर गएपछि राजगद्दी पास हुन्छ भनेर त्यो दिदीले भनेपछि राजाका ती कान्छा छोराले त्यो मासु

राजाको साथमा पु-याएछन् भने उता माल्दाइ, साँल्दाइ, ठुल्दाइले माफी मागिरहेको बेलामा कान्छा छोराले तपाईंले भने जस्तो मासु ल्याएँ बुवा भनेर देखाउँदा राजाले यसो खोलेर हेर्दा यो किसिमको मासु नै मलाई चाहियाथ्यो मेरा मनका आकाङ्क्षा पूरा गरो मेरो कान्छा छोराले यसकारणले राजाको प्रचलनअनुसार राजाका जेठा छोरालाई गद्दी सुम्पिने चलन थियो तर अबदेखि भनेको बुद्धिको चालअनुसार म राजगद्दी सुम्पिन्छु भनेर राजाले बुद्धिको चालअनुसार कान्छा छोरालाई राजगद्दी सुम्पिएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताते मुखमा आउला ।

स्रोत: ओमबहादुर पौडेल

दमक- ७, झापा

### ३.३ कौवा र माछो

एकादेशमा एउटा कौवा थ्यो अरे । त्यो कौवा एउटा देश छोडेर अर्को देश हेर्न हिँड्यो अरे अनि जाँदा जाँदा जाँदा बिहान हिंडेको रात परो । पार हुन सकेन बीचैमा वास बसो । त्यो कौवा त्यस रात एउटा माछाको पुच्छरमा वास बसो । फेरि भोलिपल्ट बिहान त्यो कौवा त्यहाँबाट हिंडो । जाँदा जाँदा जाँदा दिनमान गयो । पार हुन सकेन । फेरि त्यही माछाको डडेल्नेमा पुगो र त्यही वास बसो । त्यहाँबाट फेरि उज्यालो भयो । भोलिपल्ट हिंडो । गयो गयो गयो दिनमान गयो । रात परो । बेल्का वास बसो । त्यही माछाको टाउकोमा पुगो । अन्त पुगेन । अब तीन दिन भैसको पार हुन सकेन । अब त्यो माछाले तँ काँ हिँडेको ,के गर्न हिँडेको, तँ काँ थिस् भनो । त्यस कौवाले म यो देशमा थें र पल्लो देश कस्तो रहेछ भनेर हेर्न हिँडेको हुँ भनो । आज तीन दिन भयो पुग्न सकेन भनेर कौवाले भनो । कौवाले भनेबमोजिम त्यस माछाले कौवालाई बाबु तँ पार हुन सक्तैनस् नजा फिर्के, यता भयंङभयंङका जन्तु छन् र ती जन्तुले खान्छन्, म ती जन्तुका डरले यता लुक्न आकोछु, तँ फिर्के जान सक्तैनस् भनेर माछाले भनो अरे । त्यसपछि त्यो कौवा आफ्नो देशतिर फिर्क्यो अरे । फेरि तीन दिनमा कौवा घर आइपुगो अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताते मुखमा आउला ।

स्रोत: मकरजङ भट्टराई

चारपाने- ९, फूलबारी, झापा

## ३.४ छोराको मासु

एकादेशमा राजारानी रछन् अरे । ती राजारानीको एउटा छोरा रछ अरे । राजाले दुइटी बिहे गरेको रछ अरे । राजाका दुइटी स्वास्नी मध्येको जेठी चाहिँको एउटा छोरो रछ अरे । कान्छी चाहिँको रैनछ अरे । जेठी चाहिँ बिहे गरेको र कान्छी चाहिँ त्यत्तिकै ल्याएको रछ अरे । कान्छी चाहिँले जेठी चाहिँको छोरालाई जहिले पनि मार्ने प्रयास गर्दोरहेछ अरे । राजा चाहिँ राजगद्दीमा बसेपछि कमाउनलाई घुम्न जाँदोरैछ अरे । एक दिन राजाले सानो छोरालाई छोरा तिमी आज घरमै खेलेर बस, तिमी काहिँ नजाऊ भनेर भनेछ अरे अनि आमा चाहिँ पनि कतातिर गकी थिई । कान्छी आमा चाहिँ घरमै रैछ अरे । एक दिन आमाबाबु घरमा नभाको वेलामा कान्छी चाहिँले जेठीको छोरालाई बाबु आऊ म पनि तिम्रो आमा हुँ म पनि तिम्रो पालनपोषण गर्छु भनेर काखमा लिइछ अरे । अर्को दिन आमाबुबा नभाको बेलामा नानी भित्र आऊ भनेर जेठीको छोरालाई काखमा लिइछ अरे । काखमा ल्याएपछि कसो कसो गर्दा त्यो छोरो उसले मारिछ अरे । मारेपछि चकनैचकना पारेर त्यो छोरो पकाइछ । जेठी रानी र राजा पनि यसै वेला घरमा आइपुगेछन् अरे अनि जेठी रानीले भोक पो लाग्यो भनिछन् अरे अनि त खै त मेरो छोरो खै त देख्दिन त भनिछन् अरे । कान्छी चाहिँले छोरो माथि सुताइराखेकी छु भनिछ । कान्छी चाहिँले लु न त भात खाऊँ भनिछ । जेठीले म छोराको मुख नहेरीकन त भात खान्न भनिछ अरे । छोरो हेर्न जेठी चाहिँ जाँदा कान्छी चाहिँले नानी त ऐले भर्खर कता खेल्न गएछ भनिछ । त्यसपछि जेठी रानी र राजाले खाना खान थाले । कान्छी चाहिँले मासु र भात ल्याइदिई । मासु देखेपछि उनीहरूलाई सङ्का लाग्यो र दुवैले खाना खाएनन् अनि भरे म छोरो नल्याइकन खाना खान्न भनेर जेठी रानीले भनिछ । छोरो यताउता खोज्न थालेपछि गाउँको एउटा मान्छेले त्यस छोरालाई कान्छी चाहिँले काखमा हालेर भित्र लगेको देखेको रहेछ अरे । त्यसपछि कान्छी चाहिँले आफूले छोरो मारेर पकाएको कुरा बताएपछि त्यस आइमाइलाई नाक र मुख काटेर धपाइदिए अरे अनि राजारानी घरमा बसे अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: बिन्दा रेग्मी

अनारमनी - १ घन्टेबारी, झापा

## ३.५ ढडियाबहादुर साहु

एकादेशमा एउटा ढडियाबहादुर भन्ने साहु थ्यो अरे अनि त्यसको चाहिँ घरमा एउटा नोकर थ्योरे अरे । त्यो साहुले जैले पनि आफ्नो नोकरलाई तिमी यो काम गर म घर जग्गा दिन्छु भनेर भन्दोरैछ अरे । साहुले जैले नि यो काम गर अनि दिन्छु भनेर भुलाउने गरेको थ्यो अरे । एक दिन राजाको

घरमा एउटा सानो कार्यक्रम थ्यो अरे । त्यस कार्यक्रममा सबैलाई निमन्त्रणा थ्यो अरे । कार्यक्रममा साहु मात्र गएर नोकरलाई चाहिँ तैंले यही काम गर् भनेर भनेछ अरे । नोकर मात्र भएको वेला उसको साथी आएर हिंड् न किन यहाँ काम गरेर बसिराख्छस् राजाको घरमा जसले राम्रो कथा भन्छ त्यसलाई राजकुमारी बिहे गरिदिने अरे भनेर भन्छ । त्यसपछि तिनीहरू राजाकाँ गएछन् । राजाले जसले किताबबाट चिट नगरेर आफैं राम्रो कथा बनाको हुन्छ त्यसले मेरी छोरी विवाह गर्छ भनेर भनेछ अरे । नोकर चाहिँ अलि ढिलो गएछ अरे । जाँदाखेरि बाटामा मुसाले माटो खनेको रैछ अरे अनि उसले मुसाले माटो खन्दैछ खन्दैछ भनेर गएछ अरे अनि ढुकुरहरू उडेको देख्यो अरे र ढुक्कुरसुक्कुर बस्दैछ ढुक्कुरसुक्कुर बस्दैछ भनेर भन्यो अरे अनि न्याउली कुँदेको देख्यो अरे अनि ढडियाबहादुरलाई बाटोमा देख्यो अरे । त्यसपछि उसले झिलिक्क मिलिक्क मैले देखें, ढडियाबहादुरलाई बाटोमा भेटें भनेर भनेछ । ऊ राजाकाँ पुगेपछि राजाले मञ्चमा बोलाएर कथा भन्न लगाएछ अरे अनि उसले मुसाले माटो खन्दैछ खन्दैछ ढुक्कुरसुक्कुर बस्दैछ बस्दैछ , झिलिक्क मिलिक्क मैले देखें, ढडियाबहादुरलाई बाटोमा भेटे भनेछ अनि राजा खुसी भएर आफ्नी राजकुमारी बिहे गरिदिएछन् र त्यो नोकर आरामसित बसेछ अरे । यो कुरा ढडियाबहादुरले थाहा पाएर यिनीहरू के गरेका छन् मैले लाने भनेको केटी यले लगेछ भनेर भनेछ । राती राजकुमारी र नोकर सुतेको वेला ढडियाबहादुरले घरको प्वालबाट लुकेर हेरेछ । त्यसै वेला त्यस साहुको नोकरले अब एकपल्ट कथा भनेर निदाउनुपऱ्यो भनेर भनेछ र त्यस नोकरले मुसाले माटो खन्दैछ खन्दैछ , ढुक्कुरसुक्कुर बस्दैछ बस्दैछ झिलिक्क मिलिक्क मैले देखें ढडियाबहादुरलाई बाटोमा भेटें भनेर भनेछ अनि ढडियाबहादुर डरले भागेर घर गएछ । राजकुमारी र राजकुमारीको श्रीमान् आरामले निदाएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: कल्पना शाह

चारपाने- १, झापा

### ३.६ तीन भाइ मन्त्री

एकादेशमा दुइटा बूढाबूढी रैछन् । तिनेरूका तीन भाइ छोरा रैछन् । केही समयपछि बूढी चिइँ मरिछ । बूढी मरेपछि बूढाले कान्छी स्वास्नी बिहे गरो । कान्छी स्वास्नीले ती छोरालाई हेला गर्न थाली । बूढाले पनि हेला गर्न थालो । कान्छीपट्टिबाट एउटा छोरा जन्मिएपछि बूढाले र बूढाकी कान्छी स्वास्नीले जेठीतिरका सबै छोरालाई घरबाट खेदाए । यसपछि ती तीन भाइ छोराहरु जङ्गलको बाटो हुँदै एउटा जोगीको कुटीमा पुगेछन् । ती छोराहरूले जोगीसित सबै द:ख बताए । जोगीले तिनीहरूलाई आफ्नो कुटीमा बसाए । तिनीहरू जोगीका चेला बनेछन् । जोगीले उनीहरूलाई

धैरै ज्ञान सिकाउँथे । त्यसपछि उनीहरू धेरै विद्वान बनेछन् । एक दिन सपनामा ती तीनै भाइलाई शिवजीले दर्शन दिएछन् र तिमीहरू अब डराउनुपर्दैन, तिमीहरू अब तीनै भाइ मन्त्री बन्नेछौ भनेर भनेछन् । भोलिपल्ट बिहान तीनै भाइले सपनामा देखेको कुरा गरेछन् । जोगीले ती तीन जना चेलालाई एकादेशमा एउटा राजाका तीनवटी छोरी भएको र एउटै आमाका तीनवटा छोरालाई छोरी दिने खबर सुनाएछन् । राजा पनि घुम्दैघुम्दै जोगीको कुटीमा आइपुगेछन् । ती तीन भाइलाई आफ्नी तीनवटी छोरी बिहे गर्दिएछन् । त्यसपछि ती तीन भाइ चिइँ राजाका मन्त्री बनेछन् र सुखसित जीवन बिताएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला । स्रोत: टङ्कमाया गुरुङ ,खुदुनाबारी- ९, झापा

## ३.७ दुई बोक्सी

एकादेशमा एउटा जाल हान्ने गोडी थ्यो अरे अनि त जाल हान्दै हान्दे हान्दै आएछ अरे । आउँदाखेरि त एउटा नानी खुब रुन्छे । उसले के रैछ भनेर यसो हेरेछ अरे अनि त दुई जना बोक्सीले नानी निकालेर खुब खेलाउँदा रैछन् अरे । उसले ती बोक्सीहरू त्यहाँबाट अन्त गएपछि त्यस नानीलाई जालले छोपेछ अरे । त्यसपछि उसले त्यस नानीलाई गाउँ छेउमै भेटेकाले नानी बोकेर गाउँमा गएछ अरे अनि त गाउँमा गएर उसले यो नानी कसको हो भनेछ अरे । एक जना आइमाईले काँ भेट्नुभो यो त मेरो नानी हो भनिछ अनि त त्यस गोडीले म खोलामा माछा मार्दै आथें र त्यस वेला दुइटा बोक्सीले खेलाउँदै थे अनि त खेलाउँदाखेलाउँदै उनीहरू कतातिर गए, मेरो पालो जालले छोपेर नानी ल्याको भनेर भनेछ । त्यसपछि गोडीले नानीलाई जिम्मा लगाइदिएछ अनि त ती बोक्सीहरु पत्ता लगाउनका लागि प्रचारप्रसार भयो अरे । बोक्सीहरू पत्ता लागेछ । पत्ता लागेपछि ती दुईटी बोक्सीलाई गाउँवाट निकाला गरियो अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: अमृतबहादुर विश्वकर्मा
चारपाने - १, भैंसाबारी, झापा

## ३.८ दुई मीत

उहिले एकादेशमा स्याल र भालु रैछन् अरे । स्याल र भालुले मीत लगाएछन् अरे अनि दुई मीत यताउता जङ्गलमा घुम्दारैछन् अरे । स्याल र भालु घुम्दाखेरि भालुले स्याललाई मीत लगाऊँ भनेपछि उनीहरूले मीत लगाएछन् र दुई जना मिलेर हामी त्यत्तिकै बसेर त हुन्न अब त हामी केही काम

गर्नुपऱ्यो भनेर भनेछन् । उनीहरूले पाखा चट्ट फाँडेछन् । त्यहाँदेखि काँक्रा लगाउने बिचार गरेछन् । काँक्रा लगाएको मैना दिन बितेपछि काँक्रा राम्रो तरिकाले फल्न थाल्यो । यसपछि उनीहरूले काँक्रा खाने योजना बनाएछन् अरे । चट्ट काँक्रा खाने योजना बनाएछन् । एउटा साथी चाहिँ सार्कीकाँ गएछ र त्यस्तै खालको दरो खालको एउटा लुगा बनाएछ अनि भालु काँक्रा खान आएछ भने स्यालले चाहिँ कमजोर खालको मरेको बाघको लुगा बनाएछ अरे । काँक्रा खान थालेपछि भालुको पेट दुख्न थालेछ अरे । स्यालले काँक्रा टन्न खाएपछि पेट निको हुन्छ भनेर भालुलाई सम्झाएछ । भालुले टन्न काँक्रा खाएपछि उसको पेट टन्किन थालेछ अरे । स्यालले चाहिँ खाए जस्तो गरी लुकाउँदै फाल्दै गरेछ अरे । स्याल काँक्रा खाँदै त्यहीं रहेछ  भने भालु चाहिँ बेहोस भएछ । उले साथीलाई छोडिराखेर गएछ अनि त्यहाँबाट चट्ट स्याल साँझ परेपछि गुफामा गएछ अनि बिहान भालु त व्युँझिराखेको रैछ अरे । स्यालले साह्रै धोका दियो भनेर भालुले स्याललाई खेदाएछ अरे । खेदाएर लादाँलादाँ स्याल चाहिँ खुर्सानी बारीमा लुकेछ अरे । दुई साथीले त्यहाँ भेटेछन् अरे अनि भालुले मलाई धोका दिइस् भनेर स्याललाई धम्काएछ अरे । त्यस पिछाडि स्यालले मत राजाको खुर्सानीबारीमा खुर्सानी कुरेर बस्दैछु ओ भनेछ । यसरी स्यालले चट्ट गफ लगाइदेछ । घरीघरी कुखुरा पनि खान पाइन्छ भनेर झुक्याइराखेछ । होला त नि भनेर भालु पनि चट्ट खुर्सानीबारीमा खुर्सानी रुम्दै बसेछ । भालुले खुर्सानीबारीमा कुर्दाकुर्दा कुखुरा नआएपछि स्यालले बार बजे घाम लागेको बेला खुर्सानी जिउमा पनि दल्नुपर्छ आँखामा पनि दल्नुपर्छ अनि कुखुरा आउँछ भनेर गफ लाएछ । भालुले आँखामा पनि जिउमा पनि खुर्सानी दल्यो, पोलेर बर्बाद अनि भालुले यो साथीले धोकै द्याको रहेछ भनेर खेदाउन थालेछ । खेदाउदै खेदाउँदै खेदाउँदै लगेछ साथी चाहिँ पर एउटा बरको रूखनेर लडेछ अनि लामो लठ्ठी हातमा लिएर त्यहाँ एउटा ठूलो अरिङ्गालको गोलो रैछ अरे त्यहींनेरै स्याल बसिसकेछ अरे । त्यसपछि भालुल देखेछ र किन त्यहाँ बसेको भनेर भालुले धम्काएछ । भालुले धम्काएपछि स्यालले म त राजाको मौरी कुरेर बसेको मह पनि खान पाइन्छ भनेर भनेछ । त्यसो भए म बस्छु यहाँ भनेर भालु रूख चढेर बसेछ । स्यालले भालुलाई बार, एक बजेतिर लौरोले घोच्दैरनुपर्छ भनेकाले भालुले ठीक बार एक बजेतिर अरिङ्गालको गोलोलाई घोंचेछ । घोंचेपछि अरिङ्गाल टन्नै निस्केर साथीलाई टोकेछ । जिउसिउ फुल्लेर, गालासाला फुल्लेर भालु डरलाग्दो भैहालेछ । भालु रूखबाट झरेर साथीले धोका दियो भनेर स्याललाई खेदाउदै खेदाउँदै गएछ । जादाँ जादाँ जादाँ ठूलो जङ्गलमा पुग्दा स्यालले लहरा काटेको रैछ अरे । लरा काटेर स्याल सुइँसुइँ मजाले पिङ खेल्दो रैछ अरे । त्यहीं गएर फेरि भालुले धम्काएछ अरे र मौरीले टोकेर गालागाला सुन्यो तिमीले लास्टै धोका दियौ अब चाहिँ नखाई छाड्दिन भनेछ । स्यालले चाहिँ मलाई त राजाले पिङ

खेल्न लाछन् यस्तो मजा आउँछ भनेछ । भालुले त्यसो भए म पिङ खेल्छु भनेछ । भालु पहराबाट खसेछ अरे अनि स्यालले भालुको मासु खाएछ अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला । स्रोत : रण सुव्वा (आर्.बी.सुव्बा),दमक, झापा

## ३.९ पानको पातभित्रकी परी

एकादेशमा एउटा राजा थियो अरे । एक दिन सिकार खेल्न राजा र उसको मन्त्री पनि गएछन् । जाँदा जाँदा भित्र जङ्गलमा छिरिसकेर राजालाई प्यास लागेछ अनि राजाले मन्त्रीलाई हेर् त यहाँ कहीँ बकुला उडेको देख्तिस् भनेर भनेछ । त्यसपछि मन्त्रीले हेरिराछु सरकार ऊ यहाँ बकुला उडिराछ भनेर भनेछ । जा त्यहाँ इनार छ लेर अनि आइज भनेछ राजाले अनि मन्त्री गएछ । त्यहाँ साँच्चिकै इनार रैछ । इनारमा चाहिँ नाङ्लो जत्रै पानाको पाता रैछ । उसलाई पानाको पाता देखेर लोभ लागेछ कि अनि पानाको पाता छान्दाछान्दै राती नै भएछ । साँझै परेपछि ला आज त राजाले त मलाई काट्छ भनेर अनि कुद्देर गको रैछ अनि राजाले तँलाई पानी लेर आ भनेर पठाको कि मान्छे मरेको हेर्न आको भनेर भनेछ अनि मन्त्रीले केही छैन सरकार मैले आज त्यहाँ अचम्मको चिज देखें भनेर भनेछ । राजाले के देखिस् त्यस्तो भनेर भन्दा मन्त्रीले सरकार मैले त्यहाँ नाङ्लो जत्रो पानाको पाता देखें भनेर भनेछ । राजाले जुम् त हेरम् तैंले कुरा बनाको कि साँच्चिकै रैछ भनेर भनेछ अनि जान्छ कि तिनीहरू अनि मन्त्रीले पानाको पाता छान्दा छान्दा नआउने अनि राजाले खै म छान्छु भन्छ अनि राजाले आधा मात्र पानाको पाता खसाल्छ र घर लान्छ । त्यस पानाको पातालाई राजाले राती सुत्ने बेलामा छातीमा टाँसेर सुत्छ अनि बिहान उठेपछि भित्तामा टङ्गाएर राख्छ । त्यसपछि एक दिन राती भएपछि त्यस पानाको पाताबाट एउटा परी निस्किएछ । राजाको आमाले चाहिँ भात अनि अरू खाने थोक जैले नि राजाको कोठामा लगेर राखिदिन्छ । परीले चाहिँ पानाको पाताबाट निस्केर सप्पै काम सकिदिन्थ्यो । राजाको ओछ्यान मिलाइदिने अनि अरू काम पनि गरिदिन्थ्यो अनि आधा भात खाइदिन्थ्यो । राजालाई उठाउँथ्यो अरे अनि पानभित्र छिरिदिन्थ्यो । राजाले आमालाई आमा तपाईंले कस्तो भात राखिदिनुभा हुन्छ जैले नि कसले आदी भात खाइदिएको हुन्छ र बिहान उठ्दा पानको थुक थुकिद्याहुन्छ भनेर भनेछ । यसपछि राजाको नोकरले कसरी यस्तो हुन्छ भनेर राजाको कोठामा दिनभरि रातभरि लुकेर हेर्छ । उसले चुप्प लागेर लुकेर हेरिराखेको हुन्छ अनि त्यो पानाको पाताबाट कति राम्री परी निस्किन्छे । परीले राजाको सप्पै काम गरिदिन्छ । राजाको ओछ्यान मिलाइदिन्छ । यसपछि त्यो नोकरले तपाईंको पानाको पाताबाट कति राम्री परी निस्किन्छ र सबै काम गरिदिन्छ भनेछ । राजाकी आमाले पनि हो त छोरा तिम्ले

पानाको पात ल्याएदेखि मैले पनि केही काम गरेकी छैन भन्दा नोकरहरू पनि सप्पै काम खै आफै आफै हुँदोरैछ भन्छ । परी पानाको पाताबाट निस्केर राजाको आधा भात खाइदिन्छ । पूजा गरिदिन्छ अनि लङको पानी खाएर राजालाई उठाउँछ अनि राजा नउठेपछि पान थुकेर पानभित्र छिर्छ अनि राजाले केको पहरा गर्दछौ तिमीहरू फेरि आज मेरो जिउमा थुकिदिएछ भन्दा नोकरहरूले सरकार अचम्मको कुरा छ यो पानाको पातावाट एउटा परी निस्किन्छ अनि पूजा गरेर लङको पानी खाएर, आधा भात खाएर तपाईंलाई उठाउँछ अनि तपाईं उठ्नुहुन्न र थुकिदिन्छ भनेर भनेछ । राजाले पनि अब नोकरले जस्तै रात दिन ननिदाएर मुखमा पातलो लुगा च्याँपेर बिस्तरामा सुतेछ । त्यसपछि पानाको पाताबाट एउटा परी निस्किएर पूजा गरेर लङको पानी खाएर आधा भात खोएर राजालाई उठाएछ र राजा नउठेपछि उसको मुखमा थुकिदिएछ । यसै वेला राजाले परीको हातमा च्याप्प समाएर तिमी भूत हौ कि मसान हौ कि पिसास हौ कि मनुष्य हो भन्ने भए भन नत्र म तिमीलाई कारवाही गर्छु भनेर भनेछ । राजाले यस्तो भनेपछि परीले म भूत पनि हैन पिसाच पनि होइन मसान पनि होइन म परी हुँ म मनुष्य हुँ म यहीं बस्छु भनेछ । परीले म तपाईंलाई मन पराउँछु भन्छ र राजाले बिहे गर्छ अनि आमा आमा हेर्नुस् मेरो कोठामा को छ भन्छ । आमाले कति राम्री परी रैछ भन्छ अनि राजाले यो तपाईंको बुहारी हो भन्छ अनि आमा खुसी भएछ । त्यसपछि परीले राजालाई तपाईंले जे भनेको पनि म मान्छु तर मैले भनेको एउटा कुरा चाहिँ तपाईंले मान्नुपर्छ भनेछ अनि राजाले के कुरा हो भन न भनेछ अनि परीले तपाईंको राज्यमा चार कुना छ, तीन कुना सिकार खेल्न जानु तर एक कुनामा सिकार खेल्न कैले नजानु भनेर भनेछ । त्यसपछि राजाले किन एक कुना नजानु भन्यो परीले भनेर त्यही कुना जान्छ । राजा जानीजानी त्यहाँ त्यही नजानु भनेको कुनामा पुग्छ । त्यहाँ एउटा पन्सायकुमारी भन्ने केटी हुन्छे र त्यहाँ उसकी दिदी बसेकी हुन्छे जसले जसलाई पनि मोहनी लाएर राखिदिन्थी उसको नाम चाहिँ पनायरु हुन्छ । त्यहाँ जाँदाखेरि राजालाई मोहनी लगाएर राख्छ । एक वर्ष बित्छ, दुई वर्ष वित्छ तर राजा नआएपछि परीलाई नजानु भनेको कुनामा राजा गएछ भन्ने कुरा थाहा हुन्छ । त्यसपछि परीले आमा आमा म तीर्थ घुम्न जाँदैछु भनेछ आफ्नो सासूलाई अनि सासूले जान भनेछ । जाँदा जाँदै त्यो परी ठूलो सहरमा आइपुग्छ अनि त्यहाँ एउटा भैंसी किन्छ । उडुसको बाकस किन्छ । मुसाको किन्छ । छुचुन्द्रोको किन्छ । साङ्लाको किन्छ अनि यस्तो बस्त्र किन्छ उले बिछ्याउँदाखेरि सय हात अनि खुम्च्याउँदाखेरि एक मुठी हुने बस्त्र किन्छ । त्यसपछि एउटा चिठी लेखेर ए काग मेरो चिठी राजालाई लगिदे न भनेर भन्छ । म तँलाई दुदभात खान दिन्छु भनेपछि कागले मुखमा च्याँपेर चिठ्ठी लिएर जान्छ । चिठ्ठी लिएर जाँदा राजाले पोखरीमा नुहाइराखेको हुन्छ । त्यो चिठीलाई कागले राजाको कपडाको माथि राखिदिएर

जान्छ । त्यसपछि राजाले पन्सायकुमारी कहाँ जाँदैन भनेर लेखेर पठाउँछ । राजा एक दिन सहरतिर घुम्न गएको वेला आफ्नी श्रीमती परीसँग भेट हुन्छ । परीले किन जाँदैन भनेर खबर पठाउनभाको भन्छे अनि राजाले पन्सायको घरमा नजाने खबर पठाएको कुरा बताउँछ र राजा एवम् परी घर गएर बस्छन् । त्यसपछि राजा परीले नजानु भनेको ठाउँमा जान छाडेछ र उनीहरू सँगै सुखद जीवन बिताएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: अनुराधा कर्ण

चारपाने -१,झापा

## ३.१० पोखरीका रानीहरू

एकादेशमा एउटी बूढी मान्छे रैछ अरे । त्यसको एउटा छोरा थ्यो अरे । त्यसले छ महिना एउटा मान्छेले घाँस काटेको एकै भारी पारेर बोक्दथ्यो अरे । एक दिन ऊ घाँस बोकेर जाँदै थियो अरे । उसले एउटा उकालो बाटोमा गएर त्यो भारी बिसाएछ अरे अनि त बरपीपल चिइँ हातमा लेर अर्को मान्छे नाचिरारैछ अरे । एउटा हातमा बर र अर्को हातमा पीपल लिएर त्यो मान्छे नाचिरहेको रहेछ अनि त बरपीपल हातमा लेर नाच्नेले तपाईं कति बलियो हो, यत्रो घाँस बोकेर हिंड्ने सक्ने भनेर भनेछ अनि त घाँस बोक्नेले मु त के बल्यो हो र एकादेशमा एउटी बूढीको छोराले छ महिना एउटा मान्छेले काटेको घाँस बोक्न सक्थ्यो रे भनेर भनेछ अनि त बरपीपलबोका र घाँसबोका दुई जना भएर गएछन् । उनीहरू एउटा बूढीका घरमा पुगेछन् । बूढीले कागुनी छरेकी रैछ अरे । त्यो कागुनी चाँहि हात्ती आएर खाइदिंदो रैछ अरे । त्यो घाँसवोकालाई देखेपछि त्यो बूढी रोयो अरे । घाँसबोकाले किन रोको आमै भनेछ । यसपछि त्यस बूढीले म द:खी बूढीले छरेको कागुनी हात्तीले खाइदियो भनिछ । म बूढीले केही बेचेर खान्थें, केही आफै खान्थें हात्तीले खाइदियो भनिछ अनि त त्यस घाँस बोकेर जानेले हात्तीलाई च्याप्प समातेर पछाऱ्यो अरे । यसपछि बरबोका, घाँसबोका र बूढीको छोरो भएर तीन जना प्रदेश गएछन् अरे । बूढीको छोरो पनि बलियो रहेछ अरे । प्रदेश गएपछि एउटा खाडी थ्यो अरे र त्यही खाडीभित्र तीनवटी रानीहरू थे अरे । तीनवटी रानीले सुनको बाक्सा बोकेर खाडीभित्र लुकेथे अरे । त्यहाँ खाडीभित्र रानीहरु छन् भन्ने कुरा वैज्ञानिकहरूले पत्ता लगाका थे अरे तर त्यहाँ कुनै मनुष्य गयो भने मनुष्यको अनुहार नहेर्ने र कसैसँग बिहे नगर्ने तिनीहरूको प्रतिज्ञा थ्यो अरे अनि त ती तीन जनाले त्यो कथा सुनेछन् र त्यहाँ गएछन् । त्यहाँ गएपछि बूढीले छोरालाई लठारोले बाँधेर पोखरीभित्र घुसाएछन् । पोखरीमा गएपछि बूढीको छोराले

रानीहरू भेटेछ । उसले सुनको दरबार पनि भेटेछ । ऊ भोकले खट्न सकेनछ । पोखरीमा पस्नुभन्दा अगाडि लठारो हल्लाएपछि तान्न भनेको रहेछ । उसले भोकले खट्न नसकेपछि उसले लठारो हल्लायो र साथीहरूले उसलाई ताने । तान्दा त ऊ मात्रै निस्क्यो । उसले बाहिर निस्केर म भोकले मरें भनेछ अनि त त्यहाँ राजकुमारहरू सिकार खेल्न गाको रैछ र भान्से चाहिँ भात पकाएर बसिराको रैछ अरे । बूढीको छोराले भात मागेर खानुपर्‍यो भन्दा त भात पकाउने मान्छे त बिरालोको घोडा चढेर बसेको रैछ अरे अनि त त्यस बिरालोको घोडा चढेर बस्ने मान्छेले ए नछो मर्लास् भनेछ । त्यसपछि त्यस बिरालोको घोडा चढ्ने मान्छेले बरबोका, घाँसबोका र बूढीको छोरा सबैलाई मुन्ट्याइदिएछ अरे । त्यसपछि जंगलमा सिकार खेल्न गएका तीन भाइ राजकुमारहरू पनि आइपुगेछन् अरे । यसपछि रूखमा लठारो बानेर तीनै भाइ पोखरीमा गएर तीनवटी रानीहरू लेर आएछन् अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: नैनासिंह प्रधान

सुरुङ्गा -५, चोकबजार, झापा ।

### ३.११ बिन्द्राबनका स्याल र भालु

एकादेशमा एउटा स्याल र एउटा भालु बिन्द्राबन भन्ने जङ्गलमा बस्दथे । स्याल र भालु दुई मीत थिए अरे । एक दिन ती स्याल र भालुँ दुवै मीत मिलेर अब हामी घुम्न जाऊँ है भनेर बाटो लागे । जादाँजादाँ एक ठाउँ काँग्राबारी पुगेछन् । त्यहाँ  पुगेपछि अब काँग्रा खाऊँ हामीलाई भोक लागेउ भनेछन् । काँग्रा खान थालेपछि भालुले चाहिं धेरै काँग्रा खाइसकेछ र त्यही काँग्राबारीमा सुत्न थालेछ । त्यसपछि स्यालले अहो मीतज्यू तपाईं त काँग्रा धेरै खान सक्ने रहेछौ र सुतेर खानु अप्ठयारो हुने परेउ अनि म अब काँग्रा टिप्दै खुवाउँछु ल मीतज्यू भनेउ । भालुले हुन्छ मीतज्यू भनेउ । त्यसपछि स्याल मीतज्यू ले काँग्रा दिप्दै खुवाउन थालेउ । भालुले काँग्रा धेरै खाइसकेपछि स्यालले भालुको जिउ उठाएर बल्ल घिसाउँदै दोबाटोमा बल्ल पुर्‍याएर एउटा लउरो टेक्दै बस मीतज्यू भनी राखेछ स्याल मीतज्यू ले भालु मीतज्युलाई । हुन्छ स्याल मीतज्यू भनेर भालु दोबाटोमा बसेउ र स्याल बाटो लागेउ । भालुलाई दोबाटोमा हिंड्ने जति मान्छेहरूले एक लठ्ठी एक लठ्ठी दिँदै गएछन् । भालुले टेकेको लठ्ठी नै खोस्दै कुट्दाकुट्दा ती भालु मरेउ । त्यो स्याल पनि उखुबारी उखु खाँदै बस्दा मान्छेले भेटेर कुटी मारेछन् र दुवै मीत मरेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: बिमला राई
तोपगाछी - २, झापा

### ३.१२ बुद्धि र केथा

एकादेशमा बुद्धि र केथा थे अरे अनि बुद्धिले बाटोमा पैसा भेटाएछ अनि बुद्धि र केथा घुम्न गएछन् । केथाले बुद्धि तँ यहीँ बस्दै गर् म चिइँ ट्वाइलेट जान्छु भनेर भनेछ । यसपछि बुद्धि पनि ट्वाइलेट गएछ र केथा चाहिँ बाहिर अडिएछ । यत्तिकैमा एउटा मान्छे आएर केथालाई भाइ भाइ तिम्रो नाम केहो भनेर भनेछ अनि केथाले केथा भनेर भनेछ । फेरि त्यो मान्छेले तिम्रो नाम के हो भनेपछि केथा भनेर भनेछ । त्यसपछि त्यो मान्छेले तिम्रो बुद्धि काँ छ भनेर भनेपछि केथाले ट्वाइलेटमा भनेर भनेछ । केथाले यस्तो उत्तर सुनेपछि सबै मान्छेहरू हाँसेछन् । त्यसपछि केथा र बुद्धि भएर सहरतिर घुम्न गएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत : तनु धिमाल
चारपाने- १, धिमालगाउँ , झापा

### ३.१३ बूढो बाबु र छोराहरू

उहिले एकादेशमा एक जना बूढो मानिस र उसका दुईजना छोरा थिए अरे । एक दिन ती बूढा बा बिरामी परेछन र उनका छोरा चाहिँ साह्रै अल्छी थिए अरे अनि ती बाले हेर छोराहरू अब म मर्ने बेला भयो, तिमीहरू साह्रै अल्छी छौ, राम्ररी काम गरेर खानु भनेछन् । त्यसपछि ती छोराहरू गफ गर्न थालेछन् । एउटाले भनेछ "अब हाम्रा बा मर्न लाग्नुभयो र मरेपछि कहाँ लानु?" ती छोराहरूमध्ये एउटाले हाम्रा बा मरेपछि माई लानुपर्छ भनेछ । त्यसैगरी अर्काले होइन खर्च लाग्छ बरु रत्वा लानुपर्छ भनेछ । धेरै खर्च हुन्छ भनेर छोराहरू बाजाबाज गर्दागर्दै बूढा बाले सुनेछन् र खै तिमीहरूले काहिँ लानुपर्दैन , त्यो मेरो लठ्ठी र टोपी यता लेऊ म आफै जान्छु भनेछन् र बूढा हिंड्न थालेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: गीता पौडेल
दमक, बेलडाँगी, झापा

भुटानी सरणार्थी शिविर

c/4 - Hut no 20

### ३.१४ बूढो स्याल र दुई बहिनी

एकादेशमा दिदी र बहिनी रछन् अरे । बहिनी चाहिँ अलि धनी रछ अरे अनि दिदी चाहिँ गरिब रछ अरे । दिदीलाई चाहिँ दु:ख रछ अरे । दु:ख भएको कारणले दिदी रातदिन त्यही बहिनीको घरमा काम गर्न जानुपर्दोरछ अरे अनि त्याँबाट दिदीले जति राम्रो काम गरे पनि बहिनीले यो काम भएन, यस्तो भएन भन्दोरछ अरे अनि त्याँबाट कसैगर्दा जस पाइनछ दिदीले अनि त दिदी चाहिँ हे भगवन् केही गर्दा भएन भनेर रुँदै रुँदै आफ्नो घरमा गैछ अरे । बुइनीले गाली गरेको गऱ्यै, खाने कुरा घरमा केही पनि छैन, बालबच्चाहरू च्याउँच्याउँ म्याउँम्याउँ गर्छन् अनि आधा बाटा जाँदा एउटा स्यालले त्यस दिदीलाई भेटेछ र सोधेछ "ए मनुष्य तँ काँबाट आको ?" दिदी चाहिँले बुइनीकाँबाट आको, बुइनीले जति काम गरे पनि जस दिन्न, बालबच्चा भोकै छन् भनिछ अरे । त्यसपछि त्यस बूढो स्यालले लु जा अब तेरो घरदार चारै कुना लिप्घस् गर् एकदम सरसफाइ गर् अनि ढोकामा बत्ती बाल्दै, ठाउँठाउँमा भकारीहरू थापिराख् र तँ छपक्क सुत् भनेर भनेछ अरे अनि त्याँबाट दिदीले लिप्घस् गरी बत्ती बाली भकारी थापेर सुतिछ ।
सुतेपछि बिहान उठ्दा त भकारीभरि पैसापैसा बूढो स्यालले बनाइदेछ अरे अनि दिदी चाहिँ त्यसपछि बहिनीकाँ पाथी माग्न गैछ अरे। बहिनीले यो गरिबले पनि केको पाथी माग्ने के गर्ने हो भनेर पाथीको पिछाडिपट्टि खोटो टाँसिदिइछ । दिदीले पैसा भरी अनि पाथीको पिछाडि टाँसिएर कतिवटा पैसा गयो । बहिनीले काँवाट यले पैसा ल्याई भनेर सोधखोज गर्न थालिछ । दिदीले तैंले जस दिनस् अनि त बूढो स्यालले मलाई पैसैपैसा घरभरि बनाइदियो भनिछ अरे । बहिनीले पनि दिदीले भने जस्तै रुँदै बसिछ अरे । यसपछि स्यालले लिप्घस् गर चारै कुना बत्ती बाल् र सुत् भनेछ अरे । त्यसपछि बुइनी सुतेपछि स्यालले घर वरिपरि छेरिदिएछ अरे ।
सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: दलबहादुर बन

अर्जुनधारा - ७, भिटाबारी, झापा

### ३.१५ भाले दुलाहा

एकादेशमा एउटा राजा थिए अरे । ती राजाको छोराछोरी थिएनन् अरे अनि त त्यहाँबाट उनी घुम्दैघुम्दै घर देखि टाढा गएछन् अरे । घुम्दै जाने वेला एक जना साधुले आँपको दाना ख्वाएपछि छोराछोरी हुन्छन् भनेपछि राजाले आँपको दाना ल्याएर ख्वाएछन् अनि त त्यसपछि एउटा छोरा जन्मेछ । त्यसपछि अरू दुइटा छोराहरु पनि जन्मेछन् । तीन जनामध्ये एउटा चाहिँ भाले जन्मेछ अरे अनि त त्यो भालेका लागि केटी माग्न गएछन् अरे राजा अनि त अर्का राजाकी छोरी दिएछन् अरे । त्यसपछि त्यस भाले दुलाहाले बेउली लिएर आयो अरे अनि त फेरि मैंतालु जादाँ सिन्दूर पखाल्न गएछन् अरे बेउला- बेउलीहरु । त्यस भाले दुलाहाले नुहाउन जाँदा भालेको रूप बाहिर राखेछ अरे अनि त त्यहाँदेखि उसले नुहाउन थालेछ अरे । त्यसपछि भाले दुलाहा चकचकचक उज्यालो मान्छे भएछ अरे । त्यसपछि त्यो दुलाहा माइतमा गएछ अरे । माइतमा गएपछि उसले जेठी सासूलाई मन पराएछ अरे । त्यसपछि उसले जेठी सासूलाई बैनी बैनी तिम्रा त धेरै जुम्रा परेछन् भनेर पोखरीमा लगेर जुम्रा कड्याककड्याक मार्दैछ अरे अनि त लु न्वा बैनी तैंले भनेछ अरे । त्यसपछि त्यो बैनी चाहिँ पोखरीमा नागको अँगालोमा परिछ अरे । त्यस दुलाहाले त्यो बैनीलाई नागबाट बचाएछ अरे अनि त त्यसपछि त्यो बैनीले  को हो भन्न थालिछ । त्यसपछि घरमा गएछन् अरे । घरमा गएपछि त्यस दिन राती एउटा डायनी आइछ अरे । त्यस डायनीले नकुट नकुट कुटुनी बूढी म बालालाई दुद ख्वाउँछु  म तुरुन्त कालीदह जान्छु भनिछ अरे । त्यसपछि गाईभैंसी कराएछन् अरे अनि त्यसपछि त्यस डायनीले नकराऊ नकराऊ गाईभैंसी तिमीलाई दाना देर म जान्छु भनेर भनिछ अरे अनि त त्याँदेखि त्यो डायनी त्यहाँवाट हिँडिछ अरे । त्यो डायनी दिनदिनै यस्तै गर्दोरैछे । एक दिन कुटुनी बूढीले त्यस दुलाहालाई तिम्रा घरमा यस्तो यस्तो खाले आइमाई हो कि लोग्ने मान्छे हो आउँछ । आउने वेला नकुट नकुट कुटुनी बूढी म बालालाई दुद ख्वाउँछु म तुरुन्त कालीदह जान्छु भन्छ, जाने वेला कुटकुट कुटुनी बूढी भन्छ भनेर भनिछ अरे अनि त त्यहाँदेखि लोग्ने खुकुरी ल्याएर रातभरि बसेछ अरे । त्यसपछि सल्र्याङ्सल्र्याङ् गर्दै त्यस दिन पनि त्यो डायनी आइछ । त्यो डायनी त उसले पहिले बिहे गरेकी श्रीमती रैछे अनि त त्याँदेखि च्याप्प पक्डेर झापट दिन आँटेछ अरे । त्यसपछि त्यस आइमाईले नपक्ड नपक्ड अहिले नाग आएर खान्छ भनिछ । त्यसपछि उसले तेरो नागलाई म तीन टुक्रा पारिदिन्छु भनेछ । त्यसपछि धेरै बेरपछि एउटा नाग आएछ अरे । सननन गर्दै नाग आएछ अरे अनि त त्यस नागलाई त्यस लोग्नेले च्वाट्च्वाट् तीन टुक्रा पारेछ अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताते मुखमा आउला ।

स्रोत: अमृतबहादुर विश्वकर्मा

चारपाने - १, भैंसाबारी, झापा

### ३.१६ मधेसको किसान र वीर मसान

उहिले मधेसमा एउटा ठूलो जङ्गल रैछ अरे र त्यस जङ्गल फाँडेर एउटा किसान बस्दोरैछ अरे । किसान बहुत मेहेनती रैछ । त्यस किसानले जङ्गल फाँडेर पाँचसय जति गाईवस्तु र तीनसय जति बाखा पालेछ । किसान बिहान खानासाना खाएर जङ्गलमा गाईवस्तु चराउन जादोरैछ अरे । गाईवस्तु चराएपछि साँझ चारपाँच बजेतिर गाईवस्तु बाँधेर खाना खाएपछि किसानले डोरी बाट्ने काम गर्दोरैछ अरे । एक दिन किसानले डोरी बाटिरहेको वेला अदृश्य रुपमा किसानलाई खै केले हो केले उचालेर एकातिर फालिदिएछ अरे । फेरि दोश्रोपल्ट पनि उचालेर फालेछ तर

किसान केही चाल गरेन । तेश्रोचोटि चाहिँ किसानले अँगालो मार्ने जस्तो हात बनाएछ र एउटा मसान भेटेछ र मसानलाई समातिहालेछ अरे । यसपछि मसान र किसानको लडाइँ परेछ अरे लडाइँ पर्दापर्दापर्दा रातको एक बजेतिर चिइँ किसानले मसानलाई जित्न खोजेछ । उसले धेरै दाम्लोले मसानलाई बाँधेछ । मसानलाई उसले सिमलको बुटाँ लगेर बानेछ । दाम्लोले कुट्दा कुट्दा कुट्दा त्यो मसानलाई अमन बनाएछ । अमन बनाएपछि मसानले विन्ति गरेछ । भाल्यो डाको अगाडि छाडेपछि म बाँचें नत्र भनी म मरेँ भनेर विन्ति गरेछ । त्सस भए उपाय के छ त भनेर मसानलाई किसानले सोधेछ । मसानले म तिमीलाई धेरै असर्फीहरू दिन्छु भनेर किसानलाई भनेछ । दुई तीन बोरा कति चाहिन्छ दिन्छु भनेछ । नछाडेपछि मेरो अस्तित्व खतम हुन्छ भनेछ । त्यस भए बाचाबन्धन गर भनेपछि मसानले म ल्याइदिन्छु भनेर भनेपछि किसानले टक्क छाडिदिएछ मसानलाई । त्यसपछि मसानले आफ्नो भको सम्पत्ति दुई चार बोरा ल्याइदेछ र म फेरि सोमवार आउँछु मनुष्य भनेर त्यस किसानलाई बोलाएछ । त्यसपछि त्यस किसान घर फर्किएर आएछ अनि घरमा आएपछि त्यसको घर पछाडि बस्ने एउटा लोभी भाइ रहेछ तर बहुत धनी त्यससँग भेट भएछ । त्यसपछि किसान त्यस बेला पाथीमा पैंसा भर्ने चलन भएकाले भाइकाँ पाथी माग्न गएछ अरे । बुहारी चाहिँ अलि चलाख रैछ । के कामको लागि रैछ भनेर रहस्य पत्ता लाउनका लागि पाथी पछाडि खोटो टाँसिदिइछ । किसानले पाथी लगेछ र ती असर्फीहरू भरेर राखेछ । यसपछि किसानले

त्यो पाथी भाइको घरमा लैदिएछ । यसपछि त्यस बुहारीले के रहेछ रहस्य भनेर पत्ता लगाउँदाखेरि त्यस पाथी पछाडि एउटा असर्फी टाँसिएको रहेछ । फेरि बुहारीले अरू रहस्य पत्ता लगाउनका लागि किसानलाई पाथी लग्नुको कारण सोधिछ । यसपछि किसानल सबै बृतान्त बताएछ । उसले दाम्लो बाट्न लागेको वेला मसान आएको , मसानसँग लडाइँ परेको, मसानलाई आफूले जितेको र सिमलको रूखमा बाँधेको र मसानले आफूलाई छाडिदिएमा असर्फीहरु ल्याइदिने सर्तमा मसानलाई छाडेपछि मसानले असर्फीहरु ल्याइदिएको आदि सबै कुरा बताएछ । यो कुरा सुनेपछि त्यस बुहारी पनि लोभिइछ । यसपछि किसानले त्यस बुहारीलाई सोमवार मसानले फेरि बोलाछ त्यसदिन भाइ र म जान्छौ भनेर भनेछ । त्यसपछि त्यस बुहारीले लल मेरो श्रीमान् पनि जान्छ भनेर भनिछ । त्यसपछि सोमवार आएपछि किसान र उसको भाइ चट्ट सिमलको रूखनेर गएछन् । भाइ चाहिँ सिमलको दोश्रो हाँगामा चढेर बसेछ । बस्दा बस्दा रातको बार बजेपछि मसानहरू टक्क आएछन् । चारपाँच सय मसानहरू ल्याएर ठूलो जटा बोकेर वीर मसान आएछ । यसपछि लोभी भाइ डरले काम्न थालिहालेछ । दाइ चाहिँ पहिलेकै मसान हो भनेर केही मानेनछ । वीर मसानबाहेक अरू सबै मसानले धनपैसा त्यही सिमलको रूखमुनि जम्मा गरेछन । एउटा मसान चाहिँ जुन किसानका हात कुटाइ खान्थ्यो त्यसले न्याउरो मुख लाएर बसेछ । त्यसपछि वीर मसानले ए तैंले ल्याको धनपैसा खै भनेछ । त्यसपछि त्यस मसानले किसानसित लडाइँ परेको र किसानसित हारेपछि असर्फीहरू किसानलाई लगिदिएको कुरा बताएछ । त्यसपछि वीर मसान बहुत जङ्गिएछ । वीर मसानले म भए त्यस मनुष्यलाई यसरी खाइदिन्थें कि ह्याङ्ङ दाह्रासारा किट्थें भनेछ । वीर मसानको कुरा सुनेपछि लोभी भाइ डरले काँप्न थालिहालेछ । यसै बखत वीर मसान झन् जङ्गिएछ र तैंले यस्तो खालको मनुष्यलाई तह लगाउन सकेन्स भनेछ । वीर मसान यसपछि साह्रै जङ्गिएर चार पाँचसय जनाले बोकेर ल्याको बिराट जटा देखाउन थालेछ । वीर मसान झन् जङ्गिन थालेपछि डरले भाइ चाहिँ रूखको हाँगावाट खसेछ । भाइ मसानहरूको टाउकामाथि खसेछ । मसानका टाउकामाथि मनुष्य खसेको देखेपछि वीर मसान एकदम डराएछ र चार पाँचसय जनाले बोकेर ल्याएको जटा एक्लै बोकेर भागेछ । यसपछि दाजु पनि रूखबाट झरेछ । अरू मसान सबै तितरबितर भएछन् । यसपछि मसानहरूले जम्मा गरेका असर्फीहरू दुई दाजुभाइले ओसारेछन् । यस पछाडि कुटाइ खाने मसानले वीर मसानलाई भेटेछ र थाहा पाउनु भो मनुष्यहरु कस्ता हुँदारैछन् भनेछ । वीर मसानले मैले पनि मनुष्यहरुलाई चिनें खतरा हुँदारैछन् भनेछ र कुटाइ खाने मसानलाई माफ गरेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताते मुखमा आउला ।

स्रोत: रण सुव्बा (आर्.बी. सुब्बा)

दमक, झापा ।

### ३.१७ मूर्ख छोराहरू

उहिले एकादेशमा एक जना राजाका तीन भाइ छोरा थे अरे । तीनै भाइ छोरा मूर्खैमूर्ख थे अरे । त्यसले गर्दा बाबुले एक दिन छोराहरूलाई छोरा हो तिमीहरू मूर्खैमूर्ख भयौ अब के गर्ने भनो अरे । यसपछि तीनै भाइ सल्लाह गरेर त्यहाँबाट हिंडे अरे । जादाँजादाँ एकादेशमा पुगेर एउटा स्कुल रैछ अरे जेठो त्यही पसो । जादाँ जादाँ माहिलो पनि स्कुल भेटाएर पसो । जादाँ जादाँ कान्छो पनि स्कुल भेटाएर पढ्न थालो । सबै भाइ पढ्न थाले । पढिसकेर जेठो चाहिँले अहो मेरा भाइहरू कहाँ गए भनेर भाइहरू खोज्न हिंडेछ अरे । त्यसैगरी माहिलो पनि दाजुभाइ कहाँ गए भनेर खोज्न हिंडेछ अरे । कान्छो पनि दाजुहरू कहाँ गए भनेर खोज्न हिंडेछ अरे । हिंडदा हिंडदा तीन भाइ बाटामा भेट भएर उनीहरू चिनजान गरेछन अरे । त्यसपछि तीन भाइ घरतिर जुम् भनेर हिंडेछन् अरे । हामी यत्रो वर्ष घरदेखि बाहिर बस्यौं र अब त्यत्तिकै त जान भएन भनेर के पढिस् त भाइ भनेर जेठाले कान्छालाई सोधेछ अरे । त्यसपछि कान्छाले मैले देख्ने पढें दाजु भनेछ अरे अनि माहिलालाई सोध्दा मैले हिंडने पढें भनेछ अरे । जेठाले मैले सुर काट्ने पढें भने अरे । अब हामी यतै बसौ भनेर तीनै भाइ एउटा राजाका घरमा गएर बसेछन् अरे । राजाले तिमीहरू के गर्छौ त भन्दाखेरि तिनीहरूले हामी जे परिआउँछ, त्यही गर्छौं भनेछन् । परिआको गर्छौं भने बस भनेर राजाले भनेपछि बसेछन् अरे । त्यसपछि राजाकी श्रीमती अन्तिम बिरामी भैछिन् अरे । राजाले ज्योतिषकाँ चिना हेराउन जाँदा बार बजेभित्रमा नदीको छेउमा भएको पोखरीको बीचको फिंज ख्वाएपछि रानी बाँच्छिन् भनेर ज्योतिषले भनेछ । राजाले घर आएर ती तीन भाइलाई यो काम अराएछन् अनि फिंज कहाँ छ भनेर दाजुभाइ सल्लाह गर्दाखेरिन् जेठाले सुरँ काटने पढ्याथ्यो । माहिलाले हिंड्ने पढ्याथ्यो । कान्छाले देख्ने पढ्याथ्यो । जाँदाखेरिन् दाजुभाइ सल्लाह गरेर गए । त्यसपछि माहिलो चाहिँ गएर फिंज ल्याएर आयो । फिंज ल्याएर ख्वाएपछि रानी बचिन् अरे । त्यसपछि ती राजाले खुसी भएर ती तीन भाइलाई धेरै धनसम्पत्ति दिएर बिदा गरेछन् अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: जीवनाथ ढुङ्गेल

शनिश्चरे- ७, बुटाबारी, झापा

## ३.१८ राजकुमारी

एकादेशमा एउटा राजा थ्यो अरे । उसको एउटा छोरी थ्यो अरे । छोरी बिहे गर्ने उमेरको भैसकेको थ्यो अरे । यसै वेला उसको घरमा एउटा जोगी आएछ अरे । यत्तिकै छोरी मान्छे घराबाहिर निस्कन हुँदैनथ्यो अरे । तैपनि छोरी घरबाहिर निस्केर जोगीसँग हात हेराई अरे । जोगीले राजकुमारीको हात हेर्दा राजासँग तपाईंकी छोरीको भाग्य त ठीकै छ तर बिहे भएकै दिन उसको बूढो मर्छ भनेछ । यसपछि राजकुमारी चाहिँ रुँदै रुँदै गएर आमा आमा जोगीले यस्तो भन्छ भनेपछि आमाले त्यस जोगीलाई मेरी एउटी छोरीलाई यस्तो भन्दिने भनेपछि जोगीले तपाईंकी छोरीको भाग्यमा जे लेखेको छ त्यही भनेको हुँ भनेछ । एक देशको राजा चाँहि जोगीले भनेको कुरा नमानी म बिहे त्यही केटीसँग गर्छु भनेछ । उसले त्यही राजकुमारीसित बिहे गरेछ । बिहे सकिएपछि त्यही मण्डपमा ढलेर राजकुमारीको बूढो मरेछ । उसले मर्नुभन्दा अघि यस्तो त म मान्दिन तर यदि म मरिहालें भने मान्छेको आगमन नहुने ठाउँमा सुनको खाटमा राखेर जङ्गलमा लगेर छोडिदिनु भनेको थियो अरे । राजकुमारीको बूढो मरेपछि उसले भने जस्तै गरी जङ्गलमा लगेर राखिदिएछन् । एक महिना बित्यो दुई महिना बित्यो राजकुमारीले खालि उसकै याद गरेर बस्न थालिछ । राजकुमारीको नोखरानीले उसको दु:ख देखेर राजकुमारी तपाईंलाई के हुँदैछ म तपाईंको सहायता गर्छु भनो अनि राजकुमारीले मेरो बूढो जहाँ मरेको छ मलाई त्यहीँ लगिदेऊ भनिछ । त्यसपछि लुकेर नोखरानी र राजकुमारी राजकुमारीको बूढोको मृत शरीर भएको ठाउँ गएछन् । जाँदाखेरि बूढो चाहिँ त्यस्तै अवस्थामा थ्यो अरे । एक छिन पिछाडि स्वर्गवाट परीहरू पनि त्यही ठाउँ आइपुगेछन् । परीहरु नाच्दै नाच्दै आएछन् । परीहरूले राजकुमारीको बूढोको सिरानीमुनि भएको लठ्ठी तानेर उसको खुट्टामुनि राखिदिँदा हामीजस्तै उठेर बसेछ । परीहरूले स्वर्गवाट उसलाई विभिन्न परिकारहरु ल्याइदिएका रैछन् । उसले खादै गरेछ अनि परीहरू नाच्दै गरेछन् र उनीहरूले लुकेर हेरेछन् । त्यसपछि फेरि लठ्ठी उसको खुट्टाबाट झिकेर सिरानीमुनि राख्दा ऊ मरेछ । मरेपछि जस्ताको तस्तै छाडेर परीहरू त्यहाँबाट गएछन् । जङ्गलमा कोही नभको वेलामा राजकुमारीले उसको बूढोको सिरानमा भएको लठ्ठी झिकेर खुट्टामुनि राखिदिएपछि बूढो उठेछ । त्यसपछि राजकुमारी रुन थालिछ र तपाईंले कसरी मलाई छाडेर यहाँ आउनुभो भनिछ अनि नोखरानी चाहिँ फर्केर आयो अनि राजकुमारी त्यहीँ बस्न थाल्यो । बस्दा बस्दा स्वर्गबाट परीहरू आउँदा भात ल्याउँदाखेरि बूढाले खाटमा एउटा दुलो बनाएर राख्थ्यो अनि राजकुमारीलाई पनि दिन्थ्यो । यसो हुँदाहुँदै राजकुमारीको पेटमा नानी भएछ । त्यस पिछाडि इन्द्रांसनको परीहरूले यहाँ मनुष्यको आगमन छ, यहाँ मनुष्यको गन्ध आउँदैछ भनेर भनेछ । अब तँ यहाँ बस्नुहुँदैन हामीसँग जानुपर्छ भनेर भनेछ राजकुमारीको बूढालाई अनि राजकुमारी

रोएछ अनि त्यतिखेर राजकुमारीको नानी जन्मिने वेला पनि भएको थियो । त्यसपछि राजकुमारीको बूढाले मेरो आमा पूरै दयालु हुनुहुन्छ भनेर ठेगाना बताइदिएछ । यस्तो यस्तो जानु, दुद बोकेर दुद बेच्दै जानु अनि मेरो नानी जन्मदैछ एउटा ठाउँ दिनुस् भन्नु अनि आमाले ठाउँ दिन्छ भनेछ । त्यसपछि स्वर्गबाट चार जना परीहरू आएर राजकुमारीको बूढोलाई खाटैसँग बोकेर लगेछन् अनि राजकुमारी दुद बेच्ने बहाना बनाएर गएछ आफ्नो बूढोको घरमा अनि त्यति वेलै उसलाई बेथा लागेछ अनि आमा मलाई एउटा कोठा दिनुस् नानी जन्मने वेला भाको छ भनेर भनेछ अनि दया लागेर राजकुमारीको बूढाको आमाले चाहिँ एउटा घर देछ । घर दिँदाखेरि उसको बूढाले स्वर्गवाट पनि खाने कुरा पठाइदिँदोरैछ । इन्द्रासनको पान पनि उसको बूढाले स्वर्गबाट पठाइदिँदोरैछ । राजकुमारीको पान खाने बानी रैनछ । यति वेलै उसको एउटा छोरा जन्मिएछ । छ दिनका दिन राजकुमारीको साथीले सिरानमा पान भेटेछ । यसले काँबाट इन्द्रासनको पान ल्याको छ भनेर राजकुमारीलाई त्यहाँबाट निकाल्देछ अरे । त्यसपछि राजकुमारी रुँदै रुँदै एउटा जङ्गलमा गैछ अरे । त्यस जङ्गलमा एउटा ऋषिले तपस्या गर्दारैछन अरे । उनी छ महिना सुत्ने र छ महिना उठ्ने गर्दारैछन् अरे । छ महिना सुतेर उठ्नलाई एक दुई दिन बाँकी थ्यो अनि ऋषिको जिउमा पूरै घाँस पलाएको रैछ अनि राजकुमारीले यो मान्छे त जिउँदै रैछ भनेर त्यो घाँस उखेल्न थालेछ । उखेल्दा उखेल्दा परेला नै उखल्देछ । त्यसपछि ऋषि बिउँतेछ अनि राजकुमारी छिटोछिटो खाटमुनि लुक्न थालेछ अनि ऋषिले कले यस्तो दुस्साहस गऱ्यो म श्राप देर भस्म पारिदिन्छु भनेछन् । राजकुमारीले हात जोडेर ऋषि मलाई यस्तो नगर्दिनुस् म यस्तो दु:ख व्यथा लेर आको छु भनेर भनेछ । त्यसपछि राजकुमारीले ऋषिसँग मलाई मेरो पतिकहाँ जाने बाटो देखाइदिनुहोस् भनेपछि ऋषिले म तेरो छोरालाई हेरिदिन्छु तँ यही बाटो जा भनेछन् । ऋषिले जाँदा जाँदा तैंले यस्तो नृत्य देखाउनु कि त्यसबाट इन्द्र प्रभावित भएर तैंले जे माग्यो त्यही दिन्छन् र तेरो बूढाले तबला बजाइराखेको हुन्छ त्यही मागेस् भनेछन्. । नाच्दानाच्दै त्यो राजकुमारी स्वर्गमा गएर यस्तो नृत्य देखाएछ कि सबैलाई मन लोभ्याउने खालको । त्यसपछि इन्द्रंले यस्तो नृत्य त मैले अझसम्म देखेको थिएन तिमीले जे माग्छौ म त्यही दिन्छु भनेछन् । त्यस पिछाडि राजकुमारीले पहिले सर्त राख्नुस् अनि मात्रै म भन्छु भनेछ । इन्द्रले तिम्रो सर्त मानिन भने असी कोष नर्कमा गएर झरुम् भनेर भनेछन् । राजकुमारीले तबला बजाउने मान्छे दिनुस् भनेर भनेछ । इन्द्रले माग्न त केही मागिनस् तर मेरो ठूलो सम्पत्ति मागिस् तर केही छैन मैले सर्त गरिसकेको छु भनेर भनेछन् । तर केही छैन मैले सर्त गरिसकेको छु भनेर इन्द्रले भनेछन् । त्यसपछि राजकुमारी र उसको बूढो साथै घर आएछन् । आउने वेला ऋषिले उनीहरूको छोरालाई अमृत ख्वाएर राखेका हुन्छन् । उनीहरूले ऋषिलाई धन्यवाद दिन्छन् र घर

आउँछन् । घर आएपछि उसको साथीले सबै कथा बताउँछ अनि सासूले उनीहरूलाई अँगाल्छिन् । त्यसपछि राजकुमारी र उसको बूढो खुसी भएर बस्छन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: अनुराधा कर्ण

चारपाने - १,झापा ।

### ३.१९ सपना र बिपना

उहिले एकादेशमा बूढापाकाको जमानामा विष्णुले नारदलाई मञ्चकुलमा खबर दिन पठाएछन् अरे । विष्णुले नारदलाई ढोल पिटेर खबर भन्न पठाएछन् । सपनामा जसले जे देख्छ त्यसले त्यै खान पाउँछ , सपनामा जसले जसलाई बिहे गर्न गैराछ , त्यसले त्यसैलाई बिहे गर्न पाउँछ भन्ने खबर विष्णुले पठाएपछि यो खबर लिएर नारद ढोल पिटेर सारा संसार र स्वर्गलोकमा गएछ । त्यसपछि एउटा ठूलो सिमलको रूखनेर नारद गए अरे । सिमलको रूखमुनि ठूलो हात्ती र रूखमा एउटा गरुड रैछ अनि गरुडले राती ठूलो हात्ती खाएको सपना देखेछ अरे अनि बिहान उठेर यतायता हात्ती कहाँ छ भनेर हेरेछ अरे । गरुडले सपनामा मैले हात्ती खाए बिपनामा पनि खान पाउनुपर्ने हो भनेर भनेछ अरे । तर यो हात्ती पो काँ छ भनेर चारै तिर हेरेछ अरे । उसले टाउको घुमाईघुमाई हेरेछ अरे । त्यसपछि घाम निक्लेपछि बिहान आठ, नौ बजेतिर हात्ती लुखुरलुखुर बाटो लागेछ अरे । गरुडले हात्तीलाई देखेपछि  ए हात्ती काँ जान लाको हूँया आ हूँया आ भनेछ अरे । त्यसपछि हात्तीले तँ त उडेर गएर केके खान्छस् म पनि पेट भर्न जान लाको नि भनेछ । गरुडले मेरो कुरा सुन् पहिला भनेपछि हात्तीले यहाँ मुनि आइज न त भनेछ । त्यसपछि गरुड उडेर सिमलको रूखमुनि आएछ र भनेछ तँलाई खबर छ कि छैन नारदले के भनेका थिए सपनामा जसले जे खान्छ त्यसले बिपनामा पनि खान पाउछ, जसले सपनामा विहे गर्छ त्ससले बिहे गर्न पाउछ भनेको हो कि होइन भनेछ । त्यसपछि हात्तीले त्यो त हो नि भनेछ । त्यसपछि गरुडले म आज तँलाई सपनामा खाएँ म आज तँलाई खान्छु भनेछ अनि हात्तीले हेर् भाइ तेरो कुरा त ठीकै हो तर तँ यति सानोले म यत्रोलाई कसरी खान्छस् भनेछ । गरुडले म जसरी भए पनि खान्छु भनेछ । त्यसपछि हात्तीले मलाई खान त खा तर यहाँ नखा उहीँ स्वर्गलोकमा लगेर खा भनेछ । त्यसपछि गरुड र हात्ती झगडा गर्दै जङ्गलको बाटो स्वर्गलोकतिर लागेछन् । बाटोमा एउटा उल्लु भेटिएछ  र ए के को झगडा गरेको हँ तिमीहरू भनेछ । गरुडले मैले यसलाई सपनामा खाएँ यसलाई बिपनामा खान पाउनुपरो नि भनेछ । यसपछि उल्लुले तैंले खान त पाउँछस् तर यत्रो ठूलो हात्तीलाई कसरी खान्छस् भनेछ । हात्तीले उल्लु भाइ

हिंड् तँ पनि स्वर्गलोक, मलाई खाने भए उही खान दिन्छु नत्र म खान दिदैन भनेछ । उल्लु पनि हात्तीको पुच्छरमा झुण्डिएर स्वर्गलोकतिर लागेछ । जाँदा जाँदा जाँदा रात पऱ्यो अरे । रात परेपछि नारदसँग भेट भएछ र गरुडले तैंले अस्ति ढोल पिटेको हो कि होइन भनेछ र नारदले हो भनेछ । त्यसो भए मैले यो हात्तीलाई सपनामा खाएँ बिपनामा पनि खान पाउँछु कि पाउँदिन भनेर गरुडले भनेछ । त्यसपछि नारदले खान त पाउँछस् तर विष्णुसँग छलफल नगरी तैंले खान पाउँदिनस् भनेर भनेछ । ठीकै छ नि त , कैले छ त छलफल भनेर गरुडले भनेछ ।नारदले भोलि बिहान दस बजे सभा बस्छ त्यसपछि आउनु भनेर भनेछ । भोलि बिहान दस बजे सबै  सभामा गएछन् भने उल्लु चाँहि अगाडि खाँबामा बसेछ अरे । सभा सुरु भएपछि गरुड र हात्ती सभामा भएको वेला उल्लु खाँबोमा भएकाले विष्णुले उल्लुलाई पनि बोलाएर ल्याओ जाओ भनेछन् । त्यसपछि गरुडले उल्लुलाई बोलाउन लाग्दा त उल्लुले विष्णुकी छोरी बिहे गरेको सपना देखेको रैछ । ऊ झसङ्ग व्युँझिएछ । यसपछि उल्लु पनि सभामा गएछ र मैले विष्णुकी छोरी बिहे गरेको सपना देखें मैले बिहे गर्न पाउने कि नपाउने भनेछ । विष्णुले उल्लुलाई पनि कसरी छोरी दिनु भनेर बक्क परेछन् । यसपछि विष्णुले नारदलाई सपनामा खाएको  देखेकाले खान पाउँदैन सपनामा बिहे गरेकाले बिहे गर्न पाउँदैन भनेर ढोल फुक्न लगाएछन् । नारदले फेरि विष्णुको आदेशबमोजिम सपनामा खाएको देखेकाले खान पाउँदैन सपनामा बिहे गरेको देखेकाले बिहे गर्न पाउँदैन भनेर ढोल फुकेर स्वर्गतिर गएछन र गरुड उल्ललाई तपाईपनि सपनामा बिहे गरेको र खाएकोलाई बिपनामा खान र बिहे गर्न पाउनुहुन्न भनेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला ।

स्रोत: बसन्त धिमाल

चारपाने- १, झापा

### ३.२० सुन्तला र नासपाती

एकादेशमा सुन्तला र नासपाती रैछन् अरे । तिनले मीत लाएछन् अरे । एक दिन सुन्तलाले नासपतीलाई मीतजु, मीतजु अब हामी देश घुम्न जुम् भनेछ । नासपातीले कुन देश जानु भनेछ । सुन्तलाले पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर जुम् भनेछ । त्यसपछि दुवै मीतजु घुम्न हिंडेछन्  विभिन्न ठाउँमा वास बस्तै बस्तै एक वर्ष जतिका ती दुई मीतजु धेरै देश घुमेछन् । बाटामा एक दिन एउटा कागले नासपातीलाई खान आँटेछ । आफ्नो मीतलाई खान थालेपछि सुन्तलालाई पिर परेछ र भनेछ “कागदाजै कागदाजै नखाऊ मेरो मीतजुलाई, खायौ भने तिम्लाई

पनि कसैले बन्दुकले हान्ला , खाला, बरु हाम्लाई हिमाल जाने बाटो सिकाइदेऊ, बाटो सिकाइदेउ भने धर्मै र लाग्ला ।" यति भनेपछि कागले सुन्तला र नासपातीलाई जुम् जुम् मीतजु भनेछ र ती दुई मीतजु हिमालतिर लागेछन् । हिमालमा केही दिन बसेपछि ती दुई मीतजु पहाडतिर झरेछन् । हिंड्दा हिंड्दा साह्रै रात परेछ र नासपातीले सुन्तलालाई मीतजु आज यतै वास बसौं भनेछ । सुन्तलाले कतातिर वास बस्ने भनेपछि नासपातीले माइको तीरमा बसौं भनेछ । त्यसपछि उनीहरू कनकाई माईको तीरमा वास बसेछन् र राती ठूलो भेल आएपछि ती दुई मीतजुलाई माईको भेलले बगाएर लगेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातातातै मुखमा आउला ।

स्रोत: जय राजवंशी

भद्रपुर - ३, झापा

### ३.२१ सेतो खसी क्याम्म

एकादेशमा दुई जना बूढाबूढी थे अरे । बूढीले अलि फेसन गर्थी अरे । त्यो बूढीलाई अर्कै केटा मन परेछ अरे । त्यो अर्कै केटासँग लागेको रैछ अरे । त्यसकारणले घरको बूढोलाई उसले भन्ने गर्थ्यो अरे "हेर बूढा आज म चिइँ त्याँ पारिको मन्दिर गएर आउँछ ।" उसको बूढोको आँखा अलि कमजोर कमजोर रैछ अरे । जैले नि बूढी जान थालेपछि बूढोले चिइँ विचार गरेछ अरे ।

जैले नि बूढी अर्को केटो भेट्न जाने ठाउँमा एउटा रूख थ्यो अरे । त्यही रूखनेर एकदिन बूढो लुकेर बसेछ अरे । अर्को केटो भेट्न गएको वेलामा बूढीले जैले नि सेतो खसी क्याम्म मेरो बूढोको आँखा चाहिँ ड्याम्म भन्थ्यो अरे । उसले बूढोको आँखा फुटेपछि म अर्कासित जान पाउँछु भनेर यस्तो भन्थ्यो अरे । त्यहाँ उसको बूढो लुकेर सेतो खसी क्याम्म बूढोको आँखा चाहिँ ड्याम्म भन्दोरैछ अरे । यो कुरा बूढीलाई बूढो हो भन्ने थाहा रैनछ । त्यसैले बूढी ओ साँच्चै नै मेरो बूढाको आँखा चिइँ ड्याम्मै हुन लागेछ भनेर खुसी भएछ । बूढो अर्कै बाटोबाट आएर बूढीभन्दा अघि नै घरमा बसिराखेको हुन्थ्यो अरे । बूढाले के भनेर आइस् त भन्दाखेरि बूढीले मैले प्रार्थना गरेर आको छु भन्दोरैछ अरे । बूढी दिनकै मन्दिरमा प्रार्थना गर्न जान्थ्यो अरे अनि बूढो पनि चोर बाटोबाट बूढीभन्दा अगि नै मन्दिरनेर लुकेर बूढीले प्रार्थना गर्ने वेला सेतो खसी क्याम्म बूढोको आँखा ड्याम्म भन्दोरैछ अरे । बूढीले अब साँच्चै नै बूढोको आँखा फुट्ने नै भयो त्यसैले म अर्को केटोसँग बिहे गर्छु भन्ने सोंच बनाई अरे । त्यो दिन बूढीले आँगनमा बिस्कुन सुकाइथी अरे । बूढाले बूढी मेरो आँखा चाहिँ अब ड्याम्म भैहाल्यो, फुटिहाल्यो त्यसैले मलाई कुखुरा धपाउन एउटा लौरो पनि दिइराख्, म अब कुखुरा धपाउन आँखा पनि देख्दिन भनेर भनेछ अरे अनि हुन्छ भनेर एउटा लौरो दिएर बूढी फेरि त्यही बाटो गएछ अरे । बूढो पनि चोर बाटोबाट गएर त्यहाँ लुकेर बसेर सेतो खसी क्याम्म, बूढोको आँखा ड्याम्म भनेछ अरे । त्यसपछि बूढीले अब खसी पनि ल्याएछ अरे अनि बूढीसित लाग्ने अर्को केटोलाई बोलाएछ अरे । त्यसपछि खसी काटेर मासु पकाएर बूढीले र बूढीसित लाग्ने केटाले मजासित खाएछन् अरे अनि बूढालाई पनि अलिकति नराम्रो खालको मासु छुट्याएर दिएछन् अरे । बूढो चाहिँ अन्धा जस्तो भएर अगाडि कुखुरा खेदाउँदै बसेको थियो अरे । त्यति वेला बूढाले तेरो चाल यो पो रैछ, त्यहाँ भित्र बोल्ने म पो त भनेर बूढीलाई र बूढीसित लाग्ने केटालाई लौरैलौराले हिर्काएर खेदाएछ

अरे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताती मुखमा आउला ।

स्रोत: कोपिला राई

चारपाने- १, धिमालगाँउ, झापा

## ३.२२ हड्डीको हाँसो

एकादेशमा एउटा च्या उद्योग रैछ । च्या उद्योगमा मजदुरहरू च्या मालिकसँग रुष्ट भएछन् । रुष्ट भएर उनीहरूले एक दिन एउटा योजना बनाएछन् । उनीहरूले के योजना बनाएछन् भने यो मालिकले दाम देन, यो बज्याले हाम्रो श्रमशोषण धेरै गऱ्यो, अब यसको सारा च्या चोरेर लैजाम् टाकटुक भनेर भनेछन् । तीस चालीस जनाले रातभरिमा सप्पै मुना टिपेर लगम् तीस चालीस जनाले त सकिन्छ होला रातभरिका भनेर भनेछन् । यही योजना बनाएर पूर्णिमाको टहटह जून लागेको वेला उनीहरू सप्पै जना कतापट्टिबाट चिया टिपौं त भनेर सलाल्ह गर्दै मात्रै गर्दै हुन्छन् ठीक त्यत्तिकैमा एउटा अट्टाहस हाँसो हा, हा, हा, हा आवाज आउँछ । उनीहरूले हाम्रो कोही साथी हाँस्यो कि भनेर यताउता हेर्छन् अनि झन् साह्रो हाँसेको देख्दा छक्क पर्छन् । राम्ररी हेर्दा त एउटा रूखमा एउटा हड्डी झुण्डिराखेको नाइकेले ए तँ को होस् भनेर सोध्दछ अनि त्यो गोरुको हड्डीले ए तिमीहरू किन यसरी यहाँ आएका तिमीहरूले यो के काम गर्न आँटेका भनेर भन्छ त्यसो भन्दा तिनीहरूले तँ को होस् किन यसरी हाँस्छस् भन्दा उसले आफ्नो कथा यसरी बताउँछ "हेर भाइ हो यो मेरो छोराको च्या बगान हो र पैला हामी एकदमै गरिब थियौं । गरिब भएकै कारणले गर्दाखेरि हामी प्रदेश जानुपर्थ्यो । प्रदेश जाने क्रममा एक दिनको कुरो हो छोरो छुट्टेर बस्याथ्यो । छुट्टेर बस्ने क्रममा हामी आ-आफ्नो तरिकाले खानासाना लेर प्रदेश हिंड्ने भैयो । हिंड्न त हिंडियो तर बाटैमा मेरो चामल सक्यो । भोलि ब्यान उठेर त पुगिन्थ्यो । यो रातलाई मलाई खाने चामल सक्केको कारणले गर्दा मैले छोरालाई ए नानी मलाई पनि एक माना लगाइदे है भनेर भनें । खाइपिइ गरियो राती अनि व्यान उठेर गैयो अनि प्रदेश पुगियो । प्रदेश पुगेर दुई चार महिना काम गरियो अनि फर्केर आउँदाखेरि एउटा बिरुवा पाइयो र यसको नाम क्या हो भन्दा च्या च्या भने सबैले अनि यो के गर्नुपर्छ भन्दाखेरि यो चाइनि अत्यन्तै राम्रो खान पनि काम दिन्छ र यताउता गरेर पैसा पनि हुन्छ भनेर त्यो प्रदेश डाँडापारिका मान्छेले भने । ल त्यसो भए लैजाऊँ न त हाम्रातिर पनि काम दिन्छ कि भनेर छोराले र मैले ल्याएर रोप्यौं । हाम्रो जगगा त खास्सै धानसान नफल्ने ठाउँ थ्यो । त्यो च्याको लागि त बढिया ठाउँ रैछ । च्या त मजाले फस्टाएर आयो कि बिस्तारै हामी चाहिँ यो गाउँका धनाढ्य भयौं तर त्यति वेला हाम्रो अवस्था एकदम नाजुक थियो र के भयो भनेर भन्छौ भने च्या खेती त गऱ्यौं । पैसा पनि कमायौं । मेरो पनि गतिलै घर भयो तर म चाहिँ कालगतिले मरे । म मरेपछि छोराले लगेर दाहसंस्कार गऱ्यो । दाहसंस्कार गरेपछि ऊ घर फर्क्यो । काजक्रिया पनि गऱ्यो तर पछाडि पुनर्जन्म भयो मेरो । पुनर्जन्म कसरी भयो भन्छौ भने त्यो मैले प्रदेश जाँदा छोरासित एक माना चामल ऋण मागेर नतिरेका कारणले गर्दा म मेरो छोराको घरमा बाच्छो भएर

जन्म लिएँ । छोराले पालो हुर्कायो र बूढो हुँदासम्म एकदम जोत्यो । बूढो भएर गोरुबाट पनि म मरें । म मरे पछाडि उले लगेर खोलाको छेउमा पुर्‍यो । खोलाको छेउमा पुर्देपछि एक दिनको कुरा हो बाढी ठूलो आयो बाढी ठूलो आएका कारणले गर्दा मलाई पुरेको ठाउँ पनि खोलाले बगाएर लग्यो । खोलाले बगाएर लाँदा चिइँ मेरो हड्डी पनि बगाएर छोराको घर छेउमै लगेर उताद्‍यो । एक दिन छोरो घुम्दै आयो । हड्डी देखेर उसले मलाई पनि  बिर्स्यो । गोरु पुरेको पनि बिर्स्यो । उसले बाउ हो भन्ने पनि मानेन अनि उले ओहो यो हड्डीले मलाई त काम पो दिन्छ भनेर चिया बगानमा लगेर राख्यो झुण्ड्याएर हेर । नानी हो त्यै पनि यो फाँसी देकोछ र अझै पनि के के हुनुपर्छ । एक दिन प्रदेश जाँदाखेरि खाको एक माना चामल नतिर्नाले मैले यत्रो जन्म पुनर्जन्मको फल भोग्नुपर्‍या छ । तिमीहरूले यत्रो बगानको चिया चोरेर लगेपछि कहिले तिर्छौ त भनेर हड्डीले भनेपछि सबै जना छक्क परेर हो त नि हामीले चिइँ यस्तो गर्न त नहुँदोरैछ अब हामी मालिकसँग हाम्रा कुरा सिधै राख्नुपर्छ हामीले खान लाउन पाउनुपर्छ भनेर भन्नुपर्छ भनेर सबै जना त्यहाँबाट फर्के अरे । सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला ताततातै मुखमा आउला

स्रोत: वासुदेव कोइराला

सुरुङ्गा - २, झापा

### ३.२३. हाङ्पाङ् मुङ्ग्रो

एकादेशमा एउटा परिवारमा दुई जना मान्छे थिए अरे । एउटा सौतेनी आमा थिई भने अर्को सौतेनी छोरो थियो । त्यस छोरालाई सौतेनी आमाले जैले पनि हेला गर्थी । त्यस आइमाईले आफूले पिठोको रोटी र सौताको र सौताको छोरालाई भुसको रोटी दिन्थी । यसैगरी त्यस आइमाईले सौताको छोरालाई सधै अत्याचार गरिराख्थी । त्यो  छोरो चाहिँ अत्याचार सहेर भए पनि चुप लागेर बसिरहन्थ्यो । एक दिन उसलाई आमा चिइँले धेरै गाली गरी । त्यस छोराले पीडा सहन नसकी एक दिन घरबाट हिड्ने निर्णय गरेछ । यो खबर सुनेपछि त्यस सौतेनी आमा चिइँ धेरै खुसी हुन्छे । उसले घर छाडेर हिंड्ने दिन सौतेनी आमाले एउटा भुसको रोटी, एउटा मकैको रोटी र एउटा कनिकाको रोटी दिएर पठाउँछे । छोरो बाटामा विभिन्न धुम्ती र पहाडहरु पार गर्दै  धेरै टाढा गइपुग्छ र साँझ परेपछि एउटा गुफामा बस्ने निर्णय गर्छ । त्यस गुफामा तीन जना राक्षसहरू बस्तारहेछन् । ती राक्षसहरूले गाउँलेहरूलाई सधैं सताइराख्दारहेछन् । ती राक्षसहरुसँग एक एकवटा हतियार रहेछन् । एउटा राक्षससित खिरपाकताउली रहेछ र यसमा खिरपाक् भनेपछि जतिखेर पनि खिर पाग्दोरैछ । अर्को राक्षससित चिइँ सुनकबाखी रहेछ र सुनकबाखीले सुन हग्दोरहेछ । अर्को तेश्रो

राक्षससँग चाहिँ हाङ्पाङ् मुङ्ग्रो रहेछ । त्यस हाङ्पाङ मुङ्ग्राले टाढाटाढाका शत्रुलाई पनि सखाप पार्दोरैछ । ती राक्षसहरूको गुफादेखि अगाडि बसेर त्यस छोराले रोटी खान थालो र भनो " एक खाऊँ कि दुई खाऊँ कि तीनै खाऊँ?" यो कुरा सुनेपछि राक्षसहरूले जुम् जुम् भागौं भनेछन् । फेरि त्यस छोराले भनेछ "एक खाऊँ कि दुई खाऊँ कि तीनै खाऊँ?" उसले कतिवटा रोटी खाने एउटा खाने कि दुईवटा खाने कि तीनवटा खाने भनेको हुन्छ तर राक्षसहरूले आफूहरूलाई खान लाग्यो भनेर हामीलाई नखा बरु हामीसँग भएको सामानहरू दिन्छौं भनेछन् । त्यो छोराले आफू गरिब भएकोले ती सामान लगेर आमालाई दिने र आफू धनी बन्ने सोंच्दछ । त्यसपछि ऊ सामान लगेर त्यहाँवाट हिंड्छ र हिंहदा हिंड्दा एउटा राजाका घरमा पुग्छ । त्यहाँ राजालाई दुस्मनहरूले दु:ख दिइरहेका हुन्छन् । त्यस छोराले राजाका बारेमा सबै कुरा थाहा पाउँछ र उसले भन्छ "महाराज म तपाईंका शत्रुहरुलाई खेदाइदिन्छु ।" राजाले तैंले कसरी खेदाउँछस् मेरा शत्रु भन्छ र त्यस छोराले मसँग हाङ्पाङ् मुङ्ग्रो छ र यसले टाढाटाढाका शत्रुहरूलाई पनि परास्त गर्न सकिन्छ भन्छ । शत्रुलाई खेदाएपछि दरबारमा राख्ने सर्तमा राजाले त्यस छोरालाई युद्ध गर्न पठाउछन् र त्यस छोराले हाङ्पाङ् मुङ्ग्रोको सहायताले राजाका शत्रुहरुलाई खेदाउँछ । शत्रु खेदाएपछि राजा खुसी भएर उसैसित आफ्नी राजकुमारीको विवाह गरिदिन्छन् र त्यो छोरा सुखी जीवन बिताउँछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेला तातताती मुखमा आउला ।

स्रोत: रामप्रसाद भण्डारी, दमक-१५, झापा ।

# चौथो परिच्छेद

## सङ्कलित लोककथाहरूको समाजशास्त्रीय विश्लेषण

## ४.१ राज्य

### ४.१.१ राज्यको उत्पत्ति

नेपाली लोककथाहरूमा राज्यको उत्पत्तिसम्बन्धी विवरणहरू भेटिन्छन् । यसैगरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि यस्ता तथ्यहरू फेला पर्दछन् ।

समाजशास्त्री विद्वान्हरूले राज्यको उत्पत्तिसम्बन्धी विभिन्न सिद्धान्तहरूको ब्याख्या गरेका छन् । यस्ता सिद्धान्तमध्ये दैवी उत्पत्तिको सिद्धान्तले राज्यको उत्पत्ति ईश्वर एवम् यस्तै कुनै अलौकिक शक्तिद्वारा भएको मान्दछ । यसले राजालाई उसको प्रतिनिधिको रूपमा हेर्दछ । हालसम्म देखापरेका अधिकांश नेपाली लोककथाहरू राजा, महाराजा, रानी, महारानी, राजकुमार, तथा राजकुमारी आदिसँग सम्बन्धित रहेका छन् । यस्ता केही लोककथाहरूमा 'अद्भुत औंठी' (३.१),'कान्छो छोरालाई राजगद्दी' (३.२), 'छोराको मासु' (३.४), 'ढडियाबहादुर साहु' (३.५), 'तीन भाइ मन्त्री' (३.६),'दुई मीत' (३.८), 'पानको पातभित्रकी परी' (३.९), 'पोखरीका रानीहरू' (३.१०), आदि रहेका छन् । 'अद्भुत औंठी' (३.१), शीर्षकको लोककथामा एकादेशमा राजा, रानी र उनका चार भाइ छोरा रहेको र उनीहरूले त्यस राज्यमा शासन गरेको तथ्य भेटिन्छ । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा एकादेशका राजाका चार भाइ छोरा रहेको र राजाले बुद्धिको चालअनुसार कान्छो छोरालाई राजगद्दी दिएको प्रसङ्ग भेटिन्छ । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एकादेशका राजाकी दुइटी श्रीमती रहेको र जेठीतिरबाट एउटा छोरो पनि रहेको एवम् त्यस छोरालाई कान्छी रानीले टुक्राटुक्रा पारी काटेर त्यसको मासु पकाएको तथ्य भेटिन्छ । 'ढडियाबहादुर साहु' (३.५) शीर्षकको लोककथामा ढडियाबहादुर भन्ने साहुको घरमा बस्ने एक नोकरले राजाको दरबारमा भएको कथावाचन प्रतियोगितामा उत्कृष्ट कथा सुनाएर राजकुमारीसँग बिहे गरी सुखसँग जीवन बिताएको प्रसङ्ग भेटिन्छ । 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथामा एउटा साधुको आश्रममा बस्ने तीनवटा चेलाहरूले एउटा राजाकी तीनवटी छोरीसँग विवाह गरी तीनै भाइ राजाका मन्त्री बनेको तथ्य भेटिन्छ । 'दुई मीत' (३.८) शीर्षकको लोककथामा भालुको मीत स्यालले राजाको खुर्सानीबारी एवम् मौरी कुरेको सन्दर्भ भेटिन्छ । 'पानको

पातभित्रकी परी' (३.९) शीर्षकको लोककथामा पानको पातबाट एउटा परी निस्किएको र त्यस परीलाई एकादेशमा राजाले बिहे गरेको प्रसंङ्ग आएको छ भने 'पोखरीका रानीहरू' (३.१०) शीर्षकको लोककथामा एकादेशका चार राजकुमारले आफ्ना चारवटी रानीहरू पोखरीभित्र लुकाएर सिकार खेल्न गएको र पछि सिकार खेलेर आएपछि पोखरीबाट चारवटी रानीहरू निकालेको प्रसङ्ग भेटिन्छ । यी तथ्यहरूबाट के स्पस्ट हुन्छ भने राज्यको उत्पत्तिकालमा प्राय: राजा तथा महाराजाहरूले शासन गर्दथे । विश्वका केही मुलुकमा अझैसम्म राजतन्त्र कायम रहेकाले पनि यस कुराको पुष्टि हुन्छ ।

राज्यको उत्पत्तिबारे व्याख्या गर्ने क्रममा सामाजिक सम्झौताको सिद्धान्तले आदिम मानवले आफू जस्तै अन्य मानव समुदायसँग र प्रकृतिसँग सम्झौता गर्ने क्रममा राज्यको स्थापना भएको मान्दछ । यस सिद्धान्तको पुष्टिका लागि 'अद्भुत औंठी' (३.१), 'मधेसको किसान र वीर मसान' (३.१६) आदि लोककथाहरूलाई अघि सार्नुपर्ने देखिन्छ । 'अद्भुत औंठी' (३.१) शीर्षकको लोककथामा एकादेशका राजाका चार भाइ छोरामध्ये कान्छा छोराले अर्को राज्यका नागराजा तथा उनको दरबारसँग सम्झौता गरेको सन्दर्भ आएको छ भने 'मधेसको किसान र वीर मसान' (३.१६) शीर्षकको लोककथामा एउटा किसानले प्रकृतिसँग सम्झौता गर्दै प्रकृतिका भूत, मसान जस्ता दुस्तत्त्वहरूसँग गरेको सङ्घर्ष पनि भेटिन्छ । यसरी राज्यको उत्पत्तिकालमा मानवले प्रकृतिसँग सम्झौता तथा कठिन सङ्घर्ष पनि गर्नु परेको थियो । बल सिद्धान्तले राज्यको उत्पत्ति शक्तिशाली व्यक्तिहरूको समूहले निर्बालमाथि शासन गर्ने क्रममा भएको मान्दछ । यसको पुष्टिका लागि 'हाङ्पाङ् मुङ्ग्रो' (३.२३) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ एकादेशका राजालाई उनका शत्रुहरूले दु:ख दिइरहेको वेला हाङ्पाङ् मुङ्ग्रोको सहायताले शत्रु परास्त गरी आफ्नो राज्यको अस्तित्व जोगाएको पाइन्छ ।

राज्यको उत्पत्तिको व्याख्या गर्ने क्रममा मातृसत्तात्मक एवम् पितृसत्तात्मक सिद्धान्तले चाहिँ राज्यलाई परिवारको बृहत् रूप मान्दछन् । यहाँ परिवारको बृहत् रूप भन्नाले कुनै शक्तिशाली परिवार भन्ने बुझ्नुपर्छ । यसबाट प्राचीन कालमा कुनै शक्तिशाली परिवारले शासन गर्दथे भन्ने पुष्टि हुन्छ । प्राचीन कालमा सामन्त तथा राजपरिवारले राज्य सञ्चालन गर्दथे र उनीहरूका परिवार नै शक्तिशाली हुन्थे ।

### ४.१.२ राज्यको विकास

राज्य ऐतिहासिक विकासको परिणति हो । लोककथाहरूमा राज्यको विकास कसरी भयो भन्ने बारेमा पनि केही जानकारीहरू भेटिन्छन् । समाजशास्त्रीहरूले नातेदारी, धर्म, द्वन्द्व तथा राजनैतिक चेतना आदिले राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको मान्दछन् ।

मैकाइबरले नातेदारी व्यवस्थाबाट समाज र समाजबाट राज्यको जन्म हुन्छ भनेका छन् । प्राचीन कालमा नातेदारहरू मिलेर शासन गर्दथे । इतिहास पल्टाउने हो भने पनि प्राचीन कालमा एक राज्यका शासकले अर्को राज्यका शासकसँग नातासम्बन्ध स्थापना गरी आफ्नो राज्यको अस्तित्व बचाएको पाइन्छ । नेपालका अंशुवर्माले तिब्बती राजा स्रङ्चङ् गम्पोसँग आफ्नी छोरी भृकुटीको विवाह गरिदिएर नातासम्बन्ध स्थापना गरेका थिए । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि नातेदारी व्यवस्थाले राज्यको विकासमा महत्वपूर्ण भूमिका खेलेको तथ्य भेटिन्छ । यसको पुष्टिका लागि 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ एकादेशका राजाले कुनै एक सामान्य परिवारका तीनवटा छोराहरूसँग आफ्नी तीनवटी छोरीको बिहे गरिदिएर नातेदारी स्थापना गरी उनीहरूलाई मन्त्री बनाएर आफ्नो राज्य बलियो बनाएको पाइन्छ ।

नातेदारी व्यवस्थापछि धर्मले राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसको पुष्टिका लागि 'सपना र बिपना' (३.१९) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ स्वर्गलोक र पृथ्वीलोकको प्रसङ्ग पनि आएको छ र विष्णु जस्ता देवताको सन्दर्भबाट प्राचीन राज्यव्यवस्थामा धर्मको प्रभाव बढी परेको पाइन्छ । यसका साथै यहाँ बूढापाकाको जमानाको सन्दर्भ प्राचीन राज्यव्यवस्थासँग जोडिएर आएको छ । पाकिस्तान धर्मका आधारमा स्थापना भएको राज्य हुनुबाट पनि प्राचीन राज्यव्यवस्थामा धर्मको गहिरो प्रभाव परेको तथ्य स्पस्ट हुन्छ ।

नातेदारी र धर्मले एकताको कार्य गर्न नसकेपछि द्वन्द्वले राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यसको पुष्टिका लागि 'हाङ्पाङ् मुङ्ग्रो' (३.२३) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यस लोककथामा एकादेशमा राजालाई उनका शत्रुहरुले दु:ख दिएको वेला हाङ्पाङ् मुङ्ग्रोको सहायताले शत्रु परास्त गरी आफ्नो राज्यको रक्षा गर्नु यसको स्पष्ट प्रमाण हो । राज्यको विकासकै क्रममा दुईवटा महायुद्धको पीडा पनि मानवले सहनु परेको छ । अहिले पनि

संसारभर हुने गरेका विभिन्न प्रकारका युद्धहरूले गर्दा मान्छेको जीवन त्रासले भरिएको छ । द्वन्द्व सिद्धान्तले यस्ता द्वन्द्वहरूबारे अध्ययन गर्दछ ।

यसैगरी राजनैतिक चेतनाले पनि राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । शिक्षाको विकाससँगै राजनैतिक चेतनाको गति अगि बढेको पाइन्छ । यसको पुष्टिका लागि 'कान्छो छोरालाई राजगद्‌दी' (३.२) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ एकादेशका राजाले बुद्धिको चालअनुसार कान्छो छोराले राजगद्‌दी पाएको प्रसङ्ग आएको छ । जेठो छोराले राजगद्‌दी प्राप्त गर्ने परम्परा पाइन्छ तर यसको विपरीत बुद्धिको चालअनुसार राज्य प्राप्त गर्नु राजनैतिक चेतनाकै परिणाम हो । राजनैतिक चेतनाबारे चर्चा गर्दा एक महत्त्वपूर्ण राजनैतिक घटना '**झापा काण्ड'** लाई पनि भुल्न मिल्दैन ।

यसरी नातेदारी, धर्म, द्वन्द्व तथा राजननैतिक चेतना आदिले राज्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ र नेपाली लोककथाहरूमा यस्ता थुप्रै सामग्रीहरू भेटिन्छन् ।

### ४.१.३ शासन व्यवस्था

प्राचीन राज्यव्यवस्थामा शासन गर्ने पद्धति वर्तमान परिवेशभन्दा अलि भिन्न हुन्थ्यो । त्यस समयमा राजा, महाराजा तथा सामन्तहरूले शासन गर्दथे । त्यस समयमा राज्यहरू स-साना एकाइमा विभाजन भएका हुन्थे । बाईसे चौबीसे राज्यहरू यसैको उपजका रूपमा देखा पर्दछन् । 'कौवा र माछो' (३.३) शीर्षकको लोककथामा एउटा काग एकादेशबाट अर्को देशमा घुम्न गएको प्रसङ्ग आएको छ र यस्ता देशहरूले स-साना राज्यको सङ्केत गरेका छन् । त्यस समयमा नीति, नियम, कानुन आदिको उचित प्रबन्ध मिलाइएको पाइँदैन । तसर्थ त्यस समयमा शासन व्यवस्था पनि सुव्यवस्थित थिएन । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययनबाट पनि यही तथ्य फेला पर्दछ ।

#### ४.१.३.१ मन्त्रीमण्डल

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन राज्यव्यवस्थाअन्तर्गत मन्त्रीमण्डल कस्तो रहन्थ्यो भन्ने बारेमा पनि केही जानकारीहरू फेला परेका छन् । त्यस समयमा मन्त्रीमण्डल अनौपचारिक खालको हुन्थ्यो । सङ्ख्याको आधारमा यो सानो आकारको हुन्थ्यो । 'तीन भाइ मन्त्री' ( ३.६) शीर्षकको लोककथामा एकादेशका राजाले आफ्नो शासनभारलाई सघाउनका लागि तीन जनाको मन्त्रीमण्डल गठन गरेको तथ्य भेटिन्छ भने 'पानको पातभित्रकी परी' (३.९) शीर्षकको लोककथामा एउटा राजाले आफ्नो सहायताका लागि एउटा मन्त्री चयन गरेको पाइन्छ ।

## ४.१.३.२ राजगद्दीसम्बन्धी व्यवस्था

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन राज्यव्यवस्थाअन्तर्गत राजगद्दीसम्बन्धी व्यवस्था कस्तो थियो भन्ने बारेमा पनि केही जानकारीहरू प्राप्त भएका छन् । जेठो छोराले गद्दी प्राप्त गर्ने परम्परा पाइन्छ तर योग्यता, दक्षता तथा बौद्धिकताका आधारमा जुनसुकै छोराले पनि गद्दी हात पार्न सक्तथ्यो । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा एकादेशका राजाका चार भाइ छोरामध्ये बुद्धिको चालअनुसार कान्छो छोराले गद्दी हात पारेको तथ्य भेटिन्छ ।

## ४.१.३.३ न्याय तथा दण्डनीति

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन राज्यव्यवस्थामा न्याय तथा दण्डनीति कस्तो थियो भन्ने बारेमा पनि केही जानकारीहरू फेला पर्दछन् । त्यस समयमा अहिलेको जस्तो अड्डा अदालत नभएकाले न्याय प्रणाली पनि व्यवस्थित थिएन । ठूलाबडाले जे निर्णय गर्दथे त्यही कुरो सबैले मान्नुपर्दथ्यो । उनीहरूका निर्णय जति वेला पनि बदलिन सक्तथे । यसको पुष्टिका लागि 'सपना र बिपना' (३.१९) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ बूढापाकाको जमानामा विष्णुले नारदलाई सपनामा खाएको देखेकाले त्यही कुरा बिपनामा खान पाउँछ र सपनामा बिहे गरेको देखेकाले त्यसैसँग बिहे गर्न पाउँछ भनेर सारा संसार र स्वर्गलोकमा खबर भन्न पठाएको र सपनामा गरुडले हात्तीलाई खाएको देखेको र उल्लुले विष्णुकी छोरी बिहे गरेको देखेपछि विष्णुले सपनामा खाएको देखेकाले बिपनामा खानपाउँदैन र सपनामा बिहे गरेको देखेकाले बिपनामा बिहे गर्न पाउँदैन भनेर मुद्दा फैसला गरेका थिए ।

प्राचीन राज्यव्यवस्थाअन्तर्गत दण्डनीति पनि व्यवस्थित थिएन । यसको पुष्टिका लागि 'छोराको मासु' (३.४) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ एकादेशका राजाकी कान्छी श्रीमतीले जेठीतिरको छोरालाई हत्या गरेपछि राजाले उसलाई नाकमुख काटिदिएर घरबाट धपाएको प्रसङ्ग आएको छ । यस सन्दर्भमा पृथ्वीनारायण शाहले कीर्तिपुरेका नाककान काटेको तथ्यलाई पनि भुल्न मिल्दैन । 'बिन्द्राबनका स्याल र भालु' (३.११) शीर्षकको लोककथामा स्याल र भालुलाई मान्छेहरूले कुटेर मारेको सन्दर्भ भेटिन्छ र यसले मानवमा भएको फाँसीवादी प्रवृत्तिको सङ्केत गर्दछ । 'मूर्ख छोराहरू' (३.१७) शीर्षकको लोककथामा एकादेशका राजाका तीन छोराहरू मूर्खैमूर्ख भएका कारण दण्डस्वरूप उनीहरूलाई केही समयको लागि घरबाट निकाला गरिएको पाइन्छ ।

### ४.१.३.३ कूटनैतिक सम्बन्ध

कूटनीति, राजनीति र विदुरनीति एकाअर्कामा सम्बन्धित रहेको पाइन्छ । कूटनीति आफ्नो फाइदाको लागि गरिने व्यवहार हो । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन राज्यव्यवस्थाअन्तर्गत कूटनैतिक सम्बन्ध कस्तो रहन्थ्यो भन्ने बारेमा पनि केही विवरणहरू फेला परेका छन् । 'अद्भुत औंठी' (३.१) शीर्षकको लोककथामा एकादेशका राजाका कान्छा छोराले नागराजाको दरबारसँग कूटनैतिक सम्बन्ध स्थापना गरेका र नागराजाले दिएको अद्भुत औंठीको शक्तिले उनको परिवार धनी बनेको प्रसङ्ग आएको छ । यसबाट के स्पस्ट हुन्छ भने प्राचीन कालमा एक राज्यका शासकहरूले अर्को राज्यका शासकहरूसँग आफ्नो फाइदाको लागि कूटनैतिक सम्बन्ध स्थापना गर्दथे ।

### ४.१.४ शैक्षिक अवस्था

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन कालमा शैक्षिक अवस्था कस्तो थियो भन्ने बारेमा पनि केही जानकारीहरू भेटिन्छन् । त्यस समयमा गुरुको आश्रममा गएर शिक्षादीक्षा ग्रहण गर्ने गरेको पाइन्छ । यसको पुष्टिका लागि 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यहाँ एक परिवारका तीनवटा छोराले साधुको आश्रममा गएर शिक्षादीक्षा ग्रहण गरेको प्रसङ्ग आएको छ । 'मूर्ख छोराहरू' (३.१७) शीर्षकको लोककथामा एकादेशमा राजाका तीनवटा छोराले विद्यालयमा शिक्षा ग्रहण गरेको तथ्य भेटिन्छ । यसबाट झापा जिल्लामा प्राचीन कालदेखि नै शिक्षाको क्षेत्रमा विकास भएको स्पष्ट हुन्छ र अहिले पनि शिक्षाको क्षेत्रमा झापा जिल्लाको स्थान उच्च रहेको छ ।

### ४.१.५ नारीहरूको अवस्था

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा प्राचीन राज्य व्यवस्थाअन्तर्गत नारीहरूको अवस्था कस्तो थियो भन्ने बारेमा पनि केही जानकारीहरू फेला परेका छन् । त्यस समयमा नारीहरूको अवस्था माथि उठ्न सकेको देखिँदैन । राजा तथा महाराजाहरूले स्त्रीहरूलाई रखौटीको रूपमा राख्ने गर्दथे । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एकादेशका राजाले कान्छी श्रीमतीलाई रखौटीको रूपमा राखेको प्रसङ्ग भेटिन्छ । त्यस कान्छी श्रीमतीलाई दण्डस्वरूप राजाले नाकमुख काटेर धपाएका छन् । त्यस समयमा नारीलाई बोक्सीको आरोपमा दु:ख दिने गरेको पाइन्छ । 'दुई बोक्सी' (३.७) शीर्षकको लोककथामा दुई नारीलाई बोक्सीको आरोपमा गाउँबाट निकाला गरेको प्रसङ्ग आएको छ । शिक्षाको क्षेत्रमा पनि नारीहरू पछाडि नै थिए । यसर्थ प्राचीन राज्यव्यवस्थामा नारीहरूको अवस्था नाजुक देखिन्छ ।

## ४.२ समाज

### ४.२.१ समाजको उत्पत्ति

नेपाली लोककथाहरूमा समाजको उत्पत्तिसम्बन्धी विवरणहरू भेटिन्छन् । यसैगरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि यस्ता जानकारीहरू फेला पर्दछन् ।

समाजको उत्पत्तिका सम्बन्धमा समाजशास्त्रीहरूले विभिन्न सिद्धान्तको ब्याख्या गरेका छन् । समाजको उत्पत्तिबारे व्याख्या गर्ने क्रममा दैवी उत्पत्तिको सिद्धान्तले ईश्वरले संसारको निर्माण गर्ने क्रममा समाजको उत्पत्ति भएको मान्दछ । 'सपना र बिपना' (३.१९) शीर्षकको लोककथामा विष्णुले नारदलाई सारा संसार र स्वर्गलोकमा खबर भन्न पठाएको सन्दर्भ आएको छ । यस लोककथाको केही अंश यसप्रकार रहेको छ "उहिले एकादेशमा बूढापाकाको जमानामा विष्णुले नारदलाई मञ्चकुलमा खबर दिन पठाएछन् अरे ।" यहाँ स्वर्गलोक र पृथ्वीलोकको प्रसङ्ग

आएको छ । संसारको उत्पत्तिसँगै समाजको उत्पत्ति भएको हो भन्ने कुराको पुष्टि पृथ्वीलोकको सन्दर्भबाट हुन्छ । बल सिद्धान्तले समाजको उत्पत्ति बलियो वर्गले निर्बलमाथि शासन गर्ने क्रममा भएको मान्दछ । कार्ल मार्क्सले मानवसमाजको इतिहासलाई वर्गसङ्घर्षको इतिहास भन्नुबाट पनि यससम्बन्धी आधारहरू भेटिन्छन् । यस सन्दर्भमा 'हड्डीको हाँसो' (३.२२) शीर्षकको लोककथालाई

अगि सार्नुपर्ने देखिन्छ । यहाँ हुनेखाने वर्गले हुँदा खाने बर्गमाथि शासन गर्ने क्रममा एक औद्यौगिक समाजको स्थापना हुन पुगेको प्रसङ्ग भेटिन्छ । यस लोककथामा झापा जिल्लाका चिया बगान तथा चिया उद्योगका मजदुरमाथि हुने गरेको शोषणको यथार्थ प्रस्तुति भेटिन्छ ।

समाजको उत्पत्तिबारे व्याख्या गर्ने क्रममा सामाजिक सम्झौताको सिद्धान्तले समाजलाई मानवका आवश्यकताहरू पूर्तिका लागि बनेको एक सम्झौताको रूपमा हेर्दछ । यसको पुष्टिका लागि 'सेतो खसी क्याम्म' (३.२१) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । आधुनिक समाजमा विवाहलाई एक सम्झौताको रूपमा स्वीकार गरिन्छ । यहाँ एकादेशका बूढा र बूढीले विवाहरूपी सम्झौता गरेका छन् । बूढी अन्तै सल्कन थालेको थाहा भएपछि उनीहरूको सम्बन्ध बिग्रँदै जान्छ र बूढीले अर्को केटासँग सम्झौता गर्न पुग्दछे । यस प्रवृत्तिले विवाहको केन्द्रलाई भङ्ग गरेको छ । यस प्रवृत्तिले विषाक्त संस्कृतिसँग हातेमालो गर्दै अगि बढेको देखिन्छ । यसैको परिणामस्वरूप भारतमा नेपाली चेलीहरू बेचिने जस्ता नराम्रा र मानवता विरोधी कार्यहरू पनि यहाँ भैरहने गर्छन् । एक गिरोहले यस्तो प्रवृत्तिसँग सम्झौता गरेको पाइन्छ । सचेत नागरिकको यसतर्फ ध्यान केन्द्रित हुनु आवश्यक देखिन्छ । यसर्थ अहिलेको युगमा सामाजिक सम्झौताको सिद्धान्तका मान्यताहरूले महत्त्वपूर्ण स्थान राख्तछन् ।

समाजको उत्पत्तिबारे व्याख्या गर्ने क्रममा मातृसत्तात्मक एवम् पितृसत्तात्मक सिद्धान्तले समाजलाई परिवारको बृहत् रूप मान्दछन् । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा यी दुई सिद्धान्तसँग सम्बन्धित विवरणहरू भने फेला परेका छैनन् । विकासवादी सिद्धान्त

समाजको उत्पत्तिका सम्बन्धमा वैज्ञानिक व्याख्यातर्फ केन्द्रित रहेको छ । विकासवादी चिन्तकहरूले लोककथाको उत्पत्तिको आधार विकासवादलाई मानेका छन् । यस सिद्धान्तले समाजलाई क्रमिक विकासको उपजका रूपमा व्याख्या गर्दछ । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा परम्परित समाजको झलक पाइन्छ । परम्परित समाज रूढि तथा लोकाचारद्वारा नियन्त्रित रहन्थ्यो । 'बुद्धि र केथा' (३.१२) शीर्षकको लोककथामा आधुनिक समाजको चित्रण भएको पाइन्छ । मानवमा आधुनिक एवम् वैज्ञानिक चेतनाको विकास भएको समाज आधुनिक समाज हो । यस लोककथामा सहरबजार , बाटोघाटो तथा मानवमा आधुनिक चेतनाको विकास भएको प्रसङ्ग आएको छ । बुद्धि र केथा आधुनिक समाजका युवाहरू हुन् । युगले परम्परित समाजबाट आधुनिक समाजमा प्रवेश गर्नु विकासकै परिणति हो ।

यसरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा समाजको उत्पत्तिसम्बन्धी विवरणहरू फेला पर्दछन् ।

### ४.२.२ समाजका प्रकार

समाजशास्त्रीहरूले समाजलाई मूल रूपमा तीन वर्गमा विभाजन गरेका छन् । यस्ता समाजहरूमा जनजातीय समाज, कृषक समाज र औद्यौगिक समाज रहेका छन् । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा ती तीनवटै समाजको उपस्थिति रहेको पाइन्छ । केही विद्वान्हरूले परम्परित समाज र आधुनिक समाज गरी समाजलाई दुई भागमा विभाजन गरेका छन् तर मूल रूपमा समाज तीन प्रकारका रहेका छन् ।

#### ४.२.२.१ जनजातीय समाज

नेपालका विभिन्न भूभागमा जनजातीय समाज रहेको पाइन्छ । झापा जिल्लामा पनि यस्तो समाज रहेको छ । यस्तो समाजले प्राकृतिक पर्यावरणको निकट रहेर आर्थिक क्रियाको निर्धारण गर्दछ । माछा मार्ने, सिकार खेल्ने तथा यसबाट रासन जम्मा गर्ने जस्ता प्रवृत्तिहरू यस समाजमा पाइन्छन् । 'दुई बोक्सी' (३.७) शीर्षकको लोककथामा माछा मारेर यसलाई बेचबिखन गरी जीविका चलाउने जनजातीय समाजको एक व्यक्तिको उपस्थिति भेटिन्छ । उक्त व्यक्ति यस लोककथामा प्रतिनिधि पात्र बनेर देखापरेको छ ।

### ४.२.२.२ कृषक समाज

प्रमुख आर्थिक क्रिया कृषिमा आधारित भएको समाजलाई कृषक समाज भनिन्छ । झापा तराईको जिल्ला भएकाले यहाँ प्रशस्त कृषिजन्य वस्तुको उत्पादन हुने गर्छ । यही कारणले यस जिल्लालाई अन्नभण्डारको रूपमा पनि व्याख्या गरिएको पाइन्छ । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा कृषक समाजको उपस्थिति भेटिन्छ । 'पोखरीका रानीहरू' (३.१०) शीर्षकको लोककथामा एउटी बूढीले आफ्नो जग्गामा कागुनी छरेको र सो कागुनी हात्ती आएर खाइदिने गरेको प्रसङ्ग भेटिन्छ । झापा जिल्लामा हात्तीले सताउने गरेको यथार्थ घटनाको प्रस्तुति यस लोककथामा पाइन्छ । यसबाट लोककथाको उत्पत्तिको एक आधार यथार्थवाद पनि हो भन्ने कुराको पुष्टि हुन्छ । यसैगरी 'मधेसको किसान र वीर मसान' (३.१६) शीर्षकको लोककथामा पनि कृषक समाजको उपस्थिति भेटिन्छ । यस लोककथामा गाईबाखा पाल्ने तथा खेतीकिसानी गर्ने एक किसानको जीवनचर्या भेटिन्छ । यसैगरी अर्को कृषक उसको भाइको पनि उपस्थिति भेटिन्छ ।

### ४.२.२.३ औद्योगिक समाज

उद्योगधन्दासँग सम्बन्धित समाज औद्योगिक समाज हो । यस्तो समाजमा उद्योग, उद्योगपति, श्रमिक, श्रम, आदिसँग सम्बन्धित निकायको महत्त्वपूर्ण स्थान रहन्छ । 'हड्डीको हाँसो' ( ३.२२) शीर्षकको लोककथामा औद्योगिक समाजको उपस्थिति भेटिन्छ । यहाँ एउटा चिया उद्योगमा श्रमिकमाथि हुने गरेको शोषणको यथार्थ प्रस्तुति भेटिन्छ । यही कारणले मजदुरहरू मालिकप्रति रुष्ट भएका छन् । यस लोककथाले झापा जिल्लाका चियाबगान तथा चिया उद्योगका मजदुरहरूको स्थितिलाई राम्ररी केलाएको छ । हड्डीको सन्दर्भबाट यस लोककथामा अतियथार्थवादी चिन्तन पनि झल्किएको छ । यसर्थ अतियथार्थवाद पनि लोककथाको उत्पत्तिको
एक आधार हो ।

यसरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा तीनवटै समाजको उपस्थिति भेटिन्छ ।

## ४.३ परिवार

### ४.३.१ परिवारको उत्पत्ति

नेपाली लोककथाहरूमा परिवारको उत्पत्तिसम्बन्धी विवरणहरू भेटिन्छन् । यसैगरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि यस्ता तथ्यहरू फेला पर्दछन् । परिवारको उत्पत्तिका

सम्बन्धमा समाजशास्त्रीहरूले विभिन्न सिद्धान्तको व्याख्या गरेका छन् । यस सन्दर्भमा समाजशास्त्री मोर्गनको दृष्टिकोण महत्त्वपूर्ण रहेको छ ।

समाजशास्त्री मोर्गनले परिवारको उत्पत्तिबारे व्याख्या गर्ने क्रममा सुरुमा हाडनाताको सम्बन्धमा आधारित परिवारको अस्तित्व रहेको बताएका छन् । यसलाई रक्तसम्बन्धीय परिवार पनि भनिन्छ । परिवारको यस अवस्थामा परिवारका हरेक सदस्यहरू एकआपसमा यौनसम्पर्कमा स्वतन्त्र थिए । मोर्गनले यस परिवारपछि समूह परिवारको अस्तित्व रहेको बताएका छन् । परिवारको यस अवस्थामा अगम्यागमन विवाहमा प्रतिबन्ध लगाइए तापनि लैङ्गिक सम्बन्धको निश्चितता भने थिएन । यसपछि युगल परिवारको अस्तित्व रहेको पाइन्छ । परिवारको यस अवस्थामा एक पुरुष र एक स्त्रीबीच बिहे गर्ने परम्पराको सुरुवात भए तापनि परिवारमा विवाहित स्त्रीसँग परिवारका हरेक पुरुषले यौनसम्पर्क गर्न पाउँथे । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा यी तीन परिवारसँग सम्बन्धित विवरणहरू फेला परेका छैनन् । युगल परिवारपछि पितृसत्तात्मक परिवारको उत्पत्ति भएको दृष्टिकोण मोर्गनको रहेको छ । परिवारको यस अवस्थामा परिवारमा पुरुषको आधिपत्य स्थापना भएको पाइन्छ । यस अवस्थामा पुरुषले एक वा एकभन्दा बढी स्त्री बिहे गर्न सक्तथ्यो । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा पितृसत्तात्मक परिवार भेटिन्छ । यहाँ एकादेशमा राजाले दुईवटी श्रीमती बिहे गरेका छन्  र पछि कान्छी चाहिँलाई घरबाट धपाएर परिवारमा आफ्नो आधिपत्य स्थापना गरेका छन् । यसैगरी 'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा पनि यस्ता तथ्यहरू भेटिन्छन् । यहाँ एकादेशका राजाका तीन छोरामध्ये एउटा भाले जन्मिएको र पछि त्यसले मान्छेले रूप धारण गरेको एवम् उसले दुइटी श्रीमती बिहे गरी जेठी चाहिँलाई त्यागेको प्रसङ्ग भेटिन्छ । यसरी

उसले परिवारमा आफ्नो आधिपत्य स्थापना गरेको पाइन्छ । यसर्थ यी विवरणहरूका आधारमा पितृसत्तात्मक परिवारको स्वरूप प्रस्ट हुन्छ ।

समाजशास्त्री मोर्गनले पितृसत्तात्मक परिवारपछि आधुनिक परिवारको उदय भएको मान्दछन् । यस्तो परिवारमा पुरुष र नारीको समान अधिकार रहन्छ । 'बूढो स्याल र दुई वहिनी' (३.१४) शीर्षकको लोककथामा आधुनिक परिवार भेटिन्छ । यस लोककथामा एकादेशमा दुई बहिनी रहेको र उनीहरूको बिहे पनि भएको पाइन्छ । बहिनीको विवाह अलि धनाढ्य परिवारमा र दिदीको चाहिँ गरिब परिवारमा भएको पाइन्छ । यी दुवै दिदी बहिनीले घरको कामका साथै पुरुषसरह घर बाहिरको काम पनि गर्ने गरेको पाइन्छ । दिदी र बहिनी दुवैको परिवारमा पुरुषको मात्र आधिपत्य

स्थापना नभएर पुरुष र नारीको समान अधिकार रहेको पाइन्छ । आधुनिक परिवारबारे चर्चा गर्दा उत्तरआधुनिक परिवारबारे पनि चर्चा गर्नु आवश्यक देखिन्छ । उत्तरआधुनिकतावादका सबै मान्यताहरू नराम्रा छैनन् तर यसका खराब र विषाक्त पक्षहरूले परिवार तथा समाजमा बढी प्रभाव पारेका छन् । पारिवारिक विघटन उत्तरआधुनिक परिवारको एक मूलभूत विशेषता हो । 'सेतो खसी क्याम्म' (३.२१) शीर्षकको लोककथामा उत्तरआधुनिक परिवार भेटिन्छ । यस लोककथामा एकादेशका एक पुरुष र एक स्त्रीले विवाह गरी एक आधुनिक परिवारको स्थापना गरेका छन् भने त्यो स्त्री चाहिँ अर्कै केटासँग सल्कन थालेपछि उनीहरूको परिवार विघटन भएको छ । यसबाट विवाहको केन्द्र पनि भङ्ग भएको छ । केन्द्र भङ्ग हुनु एवम् परिवार विघटन हुनु उत्तरआधुनिक प्रवृत्ति हो । उत्तरआधुनिकतासँगै स्वतन्त्रताको नाउँमा छाडापनको बहुलताका कारण पारिवारिक विघटन हुने प्रक्रिया कायमै छ । यहाँ सर्वप्रथम स्वतन्त्रता भनेको छाडापन होइन भन्ने बुझ्नुपर्छ । झापा जिल्लामा मात्र नभएर नेपाली पारिवारिक व्यवस्थामा नै पारिवारिक विघटनको प्रवृत्तिले प्रभाव पारेको छ र यस्तो प्रवृत्तिको विद्रोह गर्दै एक सभ्य पारिवारिक व्यवस्थाको निमार्णमा आवाज उठाउनुपर्ने जिम्मेवारी युगले हामीलाई दिएको छ ।

यसरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा परिवारको उत्पत्तिसम्बन्धी विवरणहरू फेला पर्दछन् । यस सन्दर्भमा समाजशास्त्री मोर्गनको दृष्टिकोण महत्त्वपूर्ण रहेको छ ।

### ४.३.२ परिवारको प्रकार

समाजशास्त्रीहरूले विभिन्न आधारमा परिवारको वर्गीकरण गरेका छन् । यस्ता आधारहरूमा सङ्ख्या, निवास, अधिकार, उत्तराधिकारी, वंशनाम तथा विवाह रहेका छन् ।

सङ्ख्याको आधारमा केन्द्रीय, संयुक्त र विस्तृत गरी परिवारलाई तीन वर्गमा विभाजन गरिन्छ । केन्द्रीय परिवार सानो आकारको परिवार हो । यस्तो परिवारमा पतिपत्नी र उनीहरूका अविवाहित सन्तान रहन्छन् । 'अद्भुत औंठी' (३.१), 'कान्छो छोरालाई राजगद्दी' (३.२), आदि लोककथाहरूमा केन्द्रीय परिवार भेटिन्छ । 'अद्भुत औंठी' (३.१),शीर्षकको लोककथामा चार अविवाहित छोराहरू र उनीहरूका आमाबाबुसहितको केन्द्रीय परिवार भेटिन्छ । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा पनि चार अविवाहित छोराहरू र उनीहरूका आमाबाबुसहितको केन्द्रीय परिवार भेटिन्छ । संयुक्त परिवार भनेको तीन वा तीनभन्दा बढी पुस्ताका सदस्यहरू एकैसाथ बसोबास गरेको परिवार हो । 'राजकुमारी' (३.१८) शीर्षकको लोककथामा संयुक्त परिवार भेटिन्छ । यहाँ राजकुमारी, उसको लोग्ने र उनीहरूको एउटा छोरो तथा राजकुमारीको

सासूसहितको संयुक्त परिवार भेटिन्छ । यहाँ तीन पीढीका सदस्यहरुको उपस्थिति भेटिन्छ । विस्तृत परिवार पितृपक्षीय तथा मातृपक्षीय सदस्यहरू एकैसाथ बसोवास गरेको परिवार हो । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा विस्तृत परिवारसम्बन्धी विवरणहरू भने फेला परेका छैनन् ।

निवासका आधारमा पितृस्थानीय, मातृस्थानीय, नवस्थानीय, मामास्थानीय, पितृमातृस्थानीय र द्वि-स्थानीय गरी परिवारलाई छ वर्गमा विभाजन गरिएको छ । विवाहपछि पतिपत्नी पतिका आमाबाबुको घरमा गै बसेमा पितृस्थानीय परिवार बन्दछ । 'पानको पातभित्रकी परी' (३.९) शीर्षकको लोककथामा पितृस्थानीय परिवार भेटिन्छ । यहाँ एउटा राजाले परीसँग विवाह गरेपछि उनीहरू राजाको आमाबाबुको घरमा बसेकाले उनीहरूको परिवार पितृस्थानीय परिवार हो । विवाहपछि पतिपत्नी पत्नीको आमाबाबुको घरमा गएर बसेमा मातृस्थानीय परिवार वन्दछ । 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथामा मातृस्थानीय परिवार भेटिन्छ । यहाँ एकादेशमा राजाले आफ्नी तीनवटी छोरीको विवाह साधुको आश्रममा बसेका तीनवटा चेलाहरूसँग गरिदिएपछि ती चेलाहरू र उनीहरूका श्रीमतीहरू राजाको घरमा गएर बसेको प्रसङ्ग आएको छ । यसैगरी 'हाङ्पाङ् मुङ्ग्रो' (३.२३) शीर्षकको लोककथामा पनि मातृस्थानीय परिवार भेटिन्छ । यहाँ एकादेशमा सौतेनी छोरो र सौतेनी आमा रहेको र त्यस सौतेनी छोराले एकादेशमा राजाका शत्रुहरू खेदाएपछि उसले राजकुमारीसँग बिहे गरी दरबारमै बसेको प्रसङ्ग भेटिन्छ । विवाहपछि पतिपत्नी दुवैका आमाबाबुका घरमा नगै अन्यत्र गएर बस्छन् भने त्यस्तो परिवारलाई नवस्थानीय परिवार भनिन्छ । 'सेतो खसी क्याम्म ' (३.२१) शीर्षकको लोककथामा नवस्थानीय परिवार भेटिन्छ । यहाँ पतिपत्नी विवाहपछि दुवैका आमाबाबुको घरमा नगै अन्यत्रै गएर बसेका छन् । पतिपत्नी पतिको मावल गै बसेमा मामास्थानीय परिवार बन्दछ । पतिपत्नी पुरुषको घर र पत्नीको माइत दुवै ठाउँ बसेमा पितृमातृस्थानीय परिवार बन्दछ । पतिपत्नी आ-आफ्नो जन्म परिवारमा गएर बस्छन् भने त्यस्तो परिवारलाई द्वि-स्थानीय परिवार भनिन्छ । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा यी तीन परिवारसँग  सम्बन्धित विवरणहरू भने फेला परेका छैनन् ।

अधिकारका आधारमा मातृसत्तात्मक र पितृसत्तात्मक गरी परिवारलाई दुई वर्गमा विभाजन गरिन्छ । मातृसत्तात्मक परिवारमा सम्पूर्ण अधिकार आमा तथा स्त्रीमा रहन्छ भने पितृसत्तात्मक परिवारमा सम्पूर्ण अधिकार पुरुष तथा पितामा रहन्छ । 'बूढो स्याल र दुई बहिनी' (३.१४) शीर्षकको लोककथामा मातृसत्तात्मक परिवार भेटिन्छ । यस लोककथामा दिदी र बहिनीको दुईवटा परिवारको

उपस्थिति भेटिन्छ । दुवै परिवारमा सम्पूर्ण अधिकार स्त्रीमा नै रहेको छ । दिदी र बहिनीले आ-आफ्नो परिवारमा वर्चस्व कायम गरेका छन् । 'कान्छो छोरालाई राजगद्दी' (३.२), 'छोराको मासु' (३.४) आदि लोककथाहरूमा पितृसत्तात्मक परिवार भेटिन्छ । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा एउटा राजाका चार भाइ छोरासहितको परिवार रहेको छ र परिवारमा सम्पूर्ण अधिकार राजामा नै केन्द्रित रहेको छ । यसर्थ यहाँ पितृसत्तात्मक परिवार भेटिन्छ । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एउटा राजा र उनकी दुईवटी श्रीमतीसहितको परिवार रहेको पाइन्छ र त्यस परिवारमा सम्पूर्ण अधिकार राजामा नै रहेको छ । यसर्थ यस लोककथामा पनि पितृसत्तात्मक परिवार भेटिन्छ ।

उत्तराधिकारीका आधारमा पितृमार्गी परिवार र मातृमार्गी परिवार गरी परिवारलाई दुई वर्गमा विभाजन गरिन्छ । मातृमार्गी परिवारमा आमाको मृत्युपछि उत्तराधिकारी मातृ पक्षबाट चयन गरिन्छ भने पितृमार्गी परिवारमा उत्तराधिकारी रहने श्रेय जेठो छोरालाई रहन्छ । 'पानको पातभित्रकी परी' (३.९) शीर्षकको लोककथामा पितृमार्गी परिवार भेटिन्छ । यस लोककथामा एकादेशका एक राजा, उसकी श्रीमती र राजाकी आमा सदस्य रहेको पितृमार्गी परिवार भेटिन्छ । राजा हुने श्रेय जेठो छोरालाई रहने तथा राजपरिवारमा उत्तराधिकारीको चयन जेठो छोरालाई गरिने भएकोले यो परिवार पितृमार्गी परिवार हो । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा मातृमार्गी परिवारसम्बन्धी विवरणहरू भने फेला परेका छैनन् ।

वंशनामका आधारमा पितृवंशीय र मातृवंशीय गरी परिवारलाई दुई भागमा विभाजन गरिन्छ । बाबुको वंशका आधारमा स्थापित भएको परिवार पितृवंशीय परिवार हो भने वंशपरम्परा आमाको थरका आधारमा स्थापित भएको परिवार मातृवंशीय परिवार हो । वंशपरम्परा भनेको बाबु या आमाको थर सन्तानमा जोडिनु हो । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा स्पष्ट रूपमा वंशपरम्पराको चित्रण भएको पाइदैन । यसो भए तापनि नेपाली समाज पितृवंशीय परिवारमा आधारित भएकोले यी लोककथाहरूमा पितृवंशीय परिवार भेटिन्छ । यसको पुष्टिका लागि 'अद्‌भुत औंठी' (३.१) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ । यस लोककथामा राजदम्पत्ती तथा उनीहरूका चार भाइ छोरासहितको एक राजपरिवारको उपस्थिति भेटिन्छ । नेपालको इतिहासले के देखाउँछ भने राजपरिवार पितृवंशीय परिवार हो । यसकारण यहाँ पितृवंशीय परिवार भेटिन्छ । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा मातृवंशीय परिवारसम्बन्धी विवरणहरू भने फेला परेका छैनन् ।

विवाहका आधारमा परिवारलाई एक विवाही परिवार र बहुविवाही परिवार गरी दुई वर्गमा विभाजन गरिन्छ । एक विवाही परिवारमा स्त्री तथा पुरुषलाई एउटा मात्र विवाह गर्ने अधिकार रहन्छ भने बहुविवाही परिवारमा चाहिँ एकैपटक एकभन्दा बढी विवाह गर्ने प्रचलन रहेको पाइन्छ । बहुविवाही परिवारअन्तर्गत बहुपत्नी विवाह परिवार र बहुपति विवाह परिवार गरी दुई भेद रहेका छन् । बहुपत्नी विवाह परिवारमा एउटै पुरुषका एकभन्दा बढी स्त्रीहरू रहन्छन् भने बहुपति विवाह परिवारमा एउटै स्त्रीका पतिहरू एकभन्दा बढी रहन्छन् । बहुपति विवाह परिवारअन्तर्गत भातृ बहुपति विवाह परिवार र अभातृ बहुपति विवाह परिवार गरी दुई भेद छन् । भातृ बहुपति विवाह परिवारमा सबै भाइकी एउटै श्रीमती हुन्छे भने अभातृ बहुपति विवाह परिवारमा दाजुभाइ मात्र नभएर अन्य पुरुषहरु पनि पति हुन्छन् । 'मूर्ख छोराहरू' (३.१७) शीर्षकको लोककथामा एक विवाही परिवार भेटिन्छ । यहाँ एकादेशका राजाका तीन भाइ छोराहरू मूर्खैमूर्ख भएको र ती राजाले केही समयका लागि छोराहरूलाई घरबाट निकाला गरेको प्रसङ्ग आएको छ । त्यसपछि ती तीन छोराहरू अर्को देशका राजाको दरबारमा गएर काम गरेको र ती राजाले एउटा मात्र स्त्री बिहे गरेको सन्दर्भ पनि भेटिन्छ । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एकादेशका राजाले दुई स्त्री बिहे गरेको प्रसङ्ग भेटिन्छ । तसर्थ यहाँ बहुविवाही परिवारअन्तर्गत बहुपत्नी विवाह परिवारको उपस्थिति भेटिन्छ । जेठीलाई राजाले विवाह नै गरेका थिए भने कान्छी चाहिँलाई गान्धर्व विवाह गरी ल्याएका थिए । 'मनुस्मृति' नामक ग्रन्थमा विवाहका आठ भेदको वर्णन गरिएको छ । यस्ता भेदहरूमा ब्रह्म, देव, आर्ष, प्रजापत्य, गान्धर्व, आसुर, राक्षस र पैचास विवाह पर्दछन् । ब्रह्म, देव, आर्ष, र प्रजापत्य गरी अगिल्ला चार विवाहलाई उत्तम मानिएको छ भने पछिल्ला चार विवाहलाई खराब एवम् निन्दनीय भनिएको छ । राजाले कान्छी श्रीमतीसँग गरेको जस्तो गान्धर्व विवाहलाई वर-कन्या मिली पतिपत्नी भयौं भनी गरिएको मैथुन विवाह भनिएको छ । 'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा एकादेशका राजाका तीन छोरा जन्मिएका र तीमध्ये एउटा भाले जन्मिएको जसले पछि मान्छेको रूप धारण गरको प्रसङ्ग आएको छ । उसले पहिले एउटी स्त्रीसँग बिहे गरेको र पछि माइत गएपछि जेठी सासूलाई मन पराएर उसलाई पनि बिहे गरको पाइन्छ । यसर्थ उसको परिवार बहुपत्नी विवाह परिवार हो । झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा बहुपति विवाह परिवारसम्बन्धी विवरणहरू भने फेला परेका छैनन् ।

यसरी झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा समाजशास्त्रीहरूले उल्लेख गरेका विविध परिवारमध्ये केही परिवारसँग सम्बन्धित विवरणहरू मात्र फेला पर्दछन् । सबै खाले परिवारहरू फेला परेका छैनन् ।

## ४.४ संस्कृति

### ४.४.१ संस्कृतिको परिचय

'संस्कृति' शव्दको अर्थ परिष्कृत भन्ने हुन्छ । यो शव्द 'संस्कृत' शव्दबाट बनेको हो । केही समाजशास्त्रीहरूले चाहिँ संस्कारबाट संस्कृति शव्द बनेको मान्दछन् । संस्कारको अर्थ परिमार्जन भन्ने हुन्छ । संस्कृतिले मानवलाई सुसंस्कृत बनाउनका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । संस्कृतिविना मानव पशुसरह हुने भएकाले यसले मानवलाई मानवको रूपमा बाँच्न सिकाउँछ । आफ्नो संस्कृतिलाई भुलेर विषाक्त संस्कृति ग्रहण गर्न खोज्दा आजको मानव पशुतुल्य छाडा बनेको छ । यसर्थ नेपाली संस्कृतिको रक्षार्थ आवाज उठाउनुपर्ने देखिन्छ ।

संस्कृतिअन्तर्गत मानवसमाजद्वारा स्वीकृत सम्पूर्ण भौतिक र अभौतिक पक्षहरू पर्दछन् । यसर्थ यसको क्षेत्र व्यापक छ र यसको अध्ययन एक जटिल कार्य हो । यस सन्दर्भमा झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पाइने सांस्कृतिक पक्षको अध्ययन निम्नलिखित शीर्षकहरूका आधारमा गर्न सकिन्छ । ती यसप्रकार रहेका छन् :

#### ४.१.१.१ धर्म तथा अनुष्ठान

'धृयते अनेन इति धर्म' अर्थात् मानवले मात्र जे धारण गर्दछ त्यो धर्म हो । धर्मले मानवलाई सुमार्गमा दौडाउनका लागि प्रेरणा प्रदान गर्दछ । हरेक व्यक्ति कुनै न कुनै रूपमा धर्मको परिधिमा बाँधिएको हुन्छ । यसैको परिणामस्वरूप विभिन्न धार्मिक सम्प्रदायहरूको जन्म भएको छ । धर्म आस्थाको दियो पनि हो । लक्ष्य प्राप्तिको मार्ग अनुष्ठान हो । यसअन्तर्गत जप, तप, पूजा, पाठ आदि पर्दछन् । पुनर्जन्मप्रति विश्वास राखी मानवले अर्को जन्ममा राम्रो चोला पाइयोस् भनेर धार्मिक कार्य गर्दछ । धर्म एक विश्वास पनि हो जसअन्तर्गत धार्मिक व्यक्तित्वहरू, दैवी शक्ति, अर्द्धदैविक शक्ति एवम् अतृप्त आत्मा आदिसँग सम्बन्धित विश्वासहरू पर्दछन् । यसै क्रममा पाप र पुण्य जस्ता कर्महरू पनि धर्मकै परिधिमा समेटिन्छन् ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा धर्म तथा अनुष्ठानसम्बन्धी विवरणहरू फेला पर्दछन् । 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथामा एउटा साधु र उनको आश्रमको प्रसङ्ग आएको छ । साधु धार्मिक व्यक्तित्व हुन् । 'दुई बोक्सी' (३.७) शीर्षकको लोककथामा अर्द्धदैविक शक्तिको रूपमा बोक्सीको प्रसङ्ग आएको छ । नेपाली लोकसमाजमा बोक्सीप्रति विश्वास मान्ने परम्परा अहिले पनि कायमै छ । 'बूढो बाबु र छोराहरू' (३.१३) शीर्षकको लोककथामा कनकाई माई र रतुवा माईको प्रसङ्ग आएको छ । कनकाई माईको उद्गम स्थल इलाम हो । 'सुन्तला र नासपाती' (३.२०) शीर्षकको लोककथामा पनि कनकाई माईको प्रसङ्ग आएको छ । धार्मिक चिन्तनका दृष्टिले कनकाई मााईको स्थान उच्च छ । यस नदीका विभिन्न स्थानमा माघे सङ्क्रान्तिका दिन मेला लाग्ने गर्छ । सुरुङ्गास्थित धामलाई कनकाई माई धाम भनिन्छ ।

'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा साधुले दिएको आँप खाएपछि एकादेशका राजाका सन्तान भएको प्रसङ्ग आएको छ । यहाँ धार्मिक व्यक्तित्वको रूपमा साधुको प्रसङ्ग आएको छ र अतृप्त आत्माका रूपमा डाइनीको उपस्थिति भेटिन्छ । 'मधेशको किसान र वीर मसान' (३.१६) शीर्षकको लोककथामा वीर मसान र अन्य मसानहरूको उपस्थिति भेटिन्छ । मसानलाई अतृप्त आत्माको रूपमा लिने गरिन्छ । 'राजकुमारी' (३.१८) शीर्षकको लोककथामा एउटा ऋषि तथा स्वर्गका राजा इन्द्रको प्रसङ्ग आएको छ । 'सेतो खसी क्याम्म' (३.२१) शीर्षकको लोककथामा बलिप्रथा, मन्दिर, प्रार्थनाजस्ता धार्मिक पक्षहरू भेटिन्छन् भने 'हड्डीको हाँसो' (३.२२) शीर्षकको लोककथामा पुनर्जन्मप्रतिको विश्वास भेटिन्छ ।

#### ४.४.१.२ संस्कार

संस्कारको अर्थ परिमार्जन भन्ने हुन्छ । यसले मानवलाई परिमार्जन गर्दछ । धर्मशास्त्रमा द्वि-जातिका सोह्र संस्कारको वर्णन गरिएको छ । यस्ता संस्कारहरूमा गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्रासन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म , केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि रहेका छन् ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा यस्ता केही संस्कारसँग सम्बन्धित तथ्यहरू फेला पर्दछन् । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एकादेशका राजाले जेठीसँग गरेको विवाह एक संस्कार हो । 'बूढो बाबु र छोराहरू' (३.१३) शीर्षकको लोककथामा अन्त्येष्टि संस्कारसम्बन्धी विवरणहरू भेटिन्छन् । यहाँ एकादेशमा एउटा बूढो मानिस र उसका दुईवटा छोराहरू भएको र बूढो साह्रै बिरामी भएपछि बूढाले आफू मर्ने वेला भएकाले छोराहरूलाई राम्ररी

गरी खानु भनेपछि एउटा छोराले दाहसंस्कारका लागि रतुवा माई लाने भनेको छ भने अर्को छोराले कनकाई माई लाने भनेको छ । दाहसंस्कार तथा अन्त्येष्टि संस्कार सोह्र संस्कारमध्ये अन्तिम संस्कार हो । 'मूर्ख छोराहरू' (३.१७) शीर्षकको लोककथामा विद्यारम्भ संस्कार भेटिन्छ । यहाँ एकादेशका राजाका तीन छोराले स्कुलबाट विद्यारम्भ गरेको प्रसङ्ग भेटिन्छ । जेठो छोराले सुर काट्ने, माहिलो छोराले हिंड्ने र कान्छो छोराले देख्ने पढेको थियो ।

### ४.४.१.३ डाइनी तथा बोक्सीप्रतिको विश्वास

डाइनी तथा बोक्सीप्रतिको विश्वास लोकसंस्कृतिको एक पाटो हो । नेपाली लोकसमाजमा डाइनी तथा बोक्सीप्रतिको विश्वास पाइन्छ । डाइनी डाँकिनी शव्दको नजिक रहेको छ तर यसको स्रोत चाहिँ दंश हो र डाइनीलाई दंशकारिणी स्त्रीका रूपमा लिने गरेको गरिन्छ । बोक्सी पनि तन्त्रमन्त्र तथा टुनामुनाका आधारमा कसैलाई दु:ख दिने तथा सताउने स्त्री हो भन्ने चलन रहेको छ । कसैप्रति रिस उठेमा तथा आफ्ना इच्छाहरू पूरा नभएमा बोक्सीहरूले दु:ख दिन्छन् भन्ने विश्वास रहेको पाइन्छ । डाइनी तथा बोक्सीलाई शिवपार्वतीका गणविशेषका रूपमा हेर्ने चलन रहेको पाइन्छ । नेपाली समाजमा बोक्सीलाई पार्वतीको अंश र धामीलाई शम्भोको अंशका रूपमा लिने गरिन्छ । डाइनीलाई अतृप्त आत्मा र बोक्सीलाई अर्द्धदैविक शक्तिका रूपमा हेर्ने गरिन्छ ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा डाइनी तथा बोक्सीको प्रसङ्ग भेटिन्छ । 'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा एक डायनीको प्रसङ्ग आएको छ । यहाँ एकादेशका राजाका तीन छोरामध्ये एउटा भाले जन्मिएको र पछि उसले मानवको रूप धारण गरी दुईवटी स्त्री बिहे गरेको एवम् उसकी पहिलेकी श्रीमतीले डाइनीको रूप धारण गरेको तथ्य फेला पर्दछ । यस लोककथाको केही अंश यस प्रकार रहेको छ ।"त्यसपछि सर्ल्याङ्सर्ल्याङ् गर्दै त्यस दिन पनि त्यो डायनी आइछ । त्यो डायनी त उसले पहिले बिहे गरेकी श्रीमती रैछे ।" 'दुई बोक्सी' (३.७) शीर्षकको लोककथामा दुई स्त्रीलाई बोक्सीको आरोपमा गाउँलेहरूले दु:ख दिएको प्रसङ्ग आएको छ ।

### ४.४.१.४ भूतप्रेत तथा मसानप्रतिको विश्वास

नेपाली लोकसमाजमा भूतप्रेत तथा मसानप्रतिको विश्वास रहेको पाइन्छ । धर्मशास्त्रले भूतलाई शिवगणअन्तर्गत पर्ने देवयोनि विशेषका रूपमा चिनाएको छ । प्रेतलाई चाहिँ नरक तथा फोहर ठाउँमा रहने दुस्तत्त्व विशेष मानिन्छ । मसानको अर्थ चाहिँ अलि भिन्न रहेको छ । सामान्य अर्थमा मुर्दा पोल्ने तथा गाड्ने स्थानलाई मसान भनिन्छ तर यतिले मात्र मसानको अर्थ स्पष्ट हुँदैन

। संस्कृत साहित्यमा प्रलयकालको आधारस्थलको रूपमा श्मसानलाई चिनाइएको छ । मसानलाई भूतहरूमध्ये माथिल्लो तहमा आउने दुस्तत्त्व विशेष मानिएको छ । मसानहरूको प्रमुखलाई वीर मसान तथा करवीर मसान भनिन्छ ।

'बूढो बाबु र छोराहरू' (३.१३) शीर्षकको लोककथामा कनकाई माई र रतुवा माईको चित्रण घाटको सन्दर्भमा भएको छ । भूत एवम् मसान घाटसँग जोडिएर आउने तत्त्वहरू हुन् । 'मधेशको किसान र वीर मसान' (३.१६) शीर्षकको लोककथामा मसानहरूको समूह तथा उनीहरूको नेतृत्व गर्ने वीर मसानको प्रसङ्ग आएको छ । वीर मसानको जटा पालेको डरलाग्दो स्वरूप भेटिन्छ । यहाँ वीर मसानले चार पाँच सय जना मसानले बोकेर ल्याएको जटा एक्लै बोकेर हिँडेको कुरा पनि भेटिन्छ ।

### ४.४.१.५ जादु, तन्त्रमन्त्र र योगप्रतिको विश्वास

जादु, योग र तन्त्रमन्त्रप्रतिको विश्वास लोकसंस्कृतिको एक पाटो हो । जादु तथा तन्त्रमन्त्र इन्द्रजालसँग सम्बन्धित विषयहरू हुन् । जादुको बन्धन, मुक्ति एवम् यसबाट प्राप्त सिद्धिहरू आदि कुराहरू जादुसँग सम्बन्धित रहेका छन् । मारण, मोहन, उच्चाटन, वशीकरण, रूपान्तरण, झारफुक आदिसँग सम्बन्धित विश्वासहरू तन्त्रमन्त्रसँग सम्बन्धित रहेका छन् । योग चाहिँ मनलाई एकाग्र पार्ने युक्ति हो । योगका माध्यमबाट विभिन्न सिद्धिहरू प्राप्त गर्न सकिन्छ भन्ने विश्वास रहेको छ । योगीहरूले यस्तो सिद्धि प्राप्त गरेको हुन्छन् ।

'अद्भुत औंठी' (३.१) शीर्षकको लोककथामा जादुको औंठीको प्रसङ्ग आएको छ । एकादेशका राजाका कान्छा छोराले नागराजाको दरबारसँग सम्बन्ध गाँसेपछि नागराजाले उनलाई एक अद्भुत औंठी दिएका थिए । 'हाङ्पाङ् मुङ्ग्रो' (३.२३) शीर्षकको लोककथामा खिरपाक ताउली, हाङ्पाङ् मुङ्ग्रो तथा सुनकबाखी गरी तीनवटा जादुका सामानको उपस्थिति भेटिन्छ । 'पानको पातभित्रकी परी' (३.९) शीर्षकको लोककथामा एकादेशका राजा सिकार खेल्न गएका वेला पनायरु नामक स्त्रीले राजालाई मोहनी लगाएर राखेको र पछि राजा मोहनीबाट मुक्त भएर घर फर्किएको प्रसङ्ग भेटिन्छ । 'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा भाले मान्छेमा र डाइनी नागमा रूपान्तरण भएको पाइन्छ । यी कुराहरू तन्त्रमन्त्रसँग सम्बन्धित विषयहरू हुन् । 'तीन भाई मन्त्री' (३.६) शीर्षकको लोककथामा योगको प्रसङ्ग आएको छ । यहाँ साधुको आश्रममा बस्ने तीन चेलाहरू योगका कारण मन्त्री बनेको प्रसङ्ग आएको छ । यसैगरी ' राजकुमारी' (३.१८) शीर्षकको लोककथामा सिद्धि प्राप्त

योगीले एउटी राजकुमारीको भविष्यवाणी गरेको तथ्य फेला पर्दछ । यहाँ ऋषिको तपस्या तथा ऋषिले राजकुमारीलाई उसको पतिसँग भेट गराइदिएको प्रसङ्ग पनि आएको छ । यी तथ्यहरू योगसँग सम्बन्धित विषयहरू हुन् ।

### ४.४.१.६ लोकविश्वास

लोकविश्वास लोकआस्थाको प्रतीक हो । रीतिरिवाज, आस्था, निष्ठा, भविष्यवाणी, भाग्य, श्राप, परीक्षा, निषेध, पदार्थ, समाज आदिसँग सम्बन्धित विश्वासहरू लोकविश्वासअन्तर्गत पर्दछन् र यी लोकसंस्कृतिका रूपमा जीवित रहेका छन् ।

झापा जिल्लाका प्रचलित नेपाली लोककथाहरूमा विभिन्न खाले लोकविश्वासहरू भेटिन्छन् । 'तीन भाइ मन्त्री' (३.६) शीर्षकको लोककथामा सपनाका माध्यमबाट व्यक्त भएको भविष्यवाणी पाइन्छ । यस लोककथामा साधुको आश्रममा बसेका तीन चेलालाई शिवजीले सपनामा दर्शन दिएर तीनै भाइ मन्त्री हुने भविष्यवाणी गरेको र पछि ती तीनै भाई मन्त्री बनेको पाइन्छ । मानवसमाजमा भविष्यवाणीप्रति विश्वास मान्ने परम्परा जीवितै रहेको छ ।

'मूर्ख छोराहरू' (३.१७) शीर्षकको लोककथामा ज्योतिषले भविष्यवाणी गरेको प्रसङ्ग आएको छ । यहाँ एकादेशमा राजाकी श्रीमती बिरामी परेको वेला बाह्र बजेभित्र नदीको छेउमा भएको पोखरीको बीचको फिँज खुवाएपछि रानी बाँच्छिन् भनेर ज्योतिषले भविष्यवाणी गरेको र पछि सो फिँज खुवाएपछि रानी बाँचेको कुरा भेटिन्छ । 'राजकुमारी' (३.१५) शीर्षकको लोककथामा एउटा योगीले एकादेशमा राजाकी छोरीको हात हेर्ने क्रममा राजकुमारीको बिहे भएकै दिन उसको श्रीमान्को मृत्यु हुने भविष्यवाणी गरेको पाइन्छ र पछि बिहे भएकै दिन राजकुमारीको श्रीमान्को मृत्यु भएको प्रसङ्ग भेटिन्छ । 'ढडियाबहादुर साहु' (३.५) शीर्षकको लोककथामा ढडियाबहादुर भन्ने साहुको घरमा काम गर्ने नोकर पछि उसको भाग्यका कारणले राजाकी छोरीसँग बिहे गरी सुखद जीवन बिताएको पाइन्छ । 'भाग्यमानीको भूतै कमारो' भन्ने नेपाली उखानले पनि भाग्यसम्बन्धी विश्वासलाई पुष्टि गर्दछ । 'राजकुमारी' (३.१८) शीर्षकको लोककथामा एउटा ऋषिको तपस्या भङ्ग गरिदिएकाले ऋषिले राजकुमारीलाई श्राप दिएर भस्म पारिदिन्छु भनेको सन्दर्भ पाइन्छ । 'कान्छो छोरालाई राजगद्दी' (३.२) शीर्षकको लोककथामा चतुर्‍याइँको परीक्षा भेटिन्छ । बुद्धिको चालअनुसार कान्छो छोराले गद्दी हात पार्नु यसको स्पस्ट प्रमाण हो ।

### ४.४.१.७ अतिकल्पनाप्रतिको विश्वास

लोकसमाजमा अतिकल्पनाप्रति विश्वास मान्ने परम्परा जीवित रहेको पाइन्छ । यो लोकसंस्कृतिको एक महत्त्वपूर्ण पाटो हो । देवी एवम् देवता जस्ता दैवी शक्ति, भूत, राक्षस, दानव जस्ता अर्द्धदैविक शक्तिका साथै सामर्थ्यवान् मानव, असाधारण वस्तु आदिसँग सम्बन्धित विश्वासहरू अतिकल्पनाप्रतिका विश्वासहरू हुन् । यी कुराहरूका साथसाथै स्वर्ग, पृथ्वी, पाताल, अप्सरा, असाधारण शक्ति भएका जीवजन्तुहरू आदिप्रतिका विश्वासहरू पनि यसैअन्तर्गत पर्दछन् ।

झापा जिल्लाका प्रचलित नेपाली लोककथाहरूमा यस्ता विश्वासहरू भेटिन्छन् । 'भाले दुलाहा' (३.१५) शीर्षकको लोककथामा नागको सन्दर्भ आएको छ । नाग देवयोनिअन्तर्गत पर्दछ भन्ने गरिन्छ । 'सपना र बिपना' (३.१९) शीर्षकको लोककथामा विष्णु, नारद आदि देवता तथा स्वर्गलोक, पृथ्वीलोक आदिको प्रसङ्ग आएको छ । । 'हाङ्पाङ् मुङ्ग्रो' (३.२३) शीर्षकको लोककथामा अर्द्धदैविक शक्तिका रूपमा तीनवटा राक्षसहरूको उपस्थिति भेटिन्छ । यस्ता विश्वासहरू अतिकल्पनाप्रतिका विश्वासहरू हुन् ।

### ४.४.१.८ आत्मशीलताप्रतिको विश्वास

लोकसमाजमा आत्मशीलताप्रति विश्वास रहेको पाइन्छ र यसले संस्कृतिको रूप धारण गरेको छ । मानवसभ्यताको प्रारम्भिक चरणदेखि लिएर हालसम्म पनि यसको प्रभाव कायमै छ । पदार्थ एवम् हरेक प्राणीमा आत्मा, विवेक तथा चेतना रहेको हुन्छ भन्ने चिन्तनलाई आत्मशीलता भनिन्छ । लोकसाहित्यका अन्य विधाका साथै लोककथामा पनि यस्ता तथ्यहरू भेटिन्छन् ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पनि यस्ता विश्वासहरू भेटिन्छन् । 'अद्भुत औंठी' (३.१) शीर्षकको लोककथामा मुसो, बिरालो, नाग र औंठीको सन्दर्भमा आत्मशीलता प्रकट भएको पाइन्छ । एकादेशमा राजाका कान्छा छोराले बजारबाट मुसो र बिरालो किनेर ल्याएका थिए र ती मुसो र बिरालोले राजाको घरबाट सुनारले छकाएर लगेको औंठी फिर्ता ल्याउन सफल भएका थिए । यस तथ्यबाट यी प्राणीहरूमा पनि मानवमा झैं बुद्धि र विवेक रहेको स्पस्ट हुन्छ । यहाँ नागको छोराले राजाको कान्छो छोरासँग मीत लगाएर उसलाई घर लगेको र घर गएपछि नागराजाले राजाको कान्छो छोरालाई एक अद्भुत औंठी दिएको प्रसङ्ग पनि आएको छ । हाम्रो समाजमा नागको पूजा गरिन्छ भने औंठीलाई ग्रहदशा शान्त पार्ने वस्तुका रूपमा ज्योतिष तथा

तान्त्रिकहरूले वर्णन गरेको पाइन्छ । 'पोखरीका रानीहरू' (३.१०) शीर्षकको लोककथामा एउटा मान्छेले बरपीपल हातमा लिएर नाचेको सन्दर्भ भेटिन्छ । हिन्दू परम्परामा बर र पीपललाई श्रद्धा गर्ने गरेको पाइन्छ । यहाँ बनस्पतिमा आत्मा रहन्छ भन्ने विश्वास प्रकट भएको छ । यस्ता खाले विश्वासहरू आत्मशीलताप्रतिका विश्वासहरू हुन् र लोकसंस्कृतिमा यिनीहरूको आफ्नै स्थान रहेको छ ।

### ४.४.१.९ सामन्ती संस्कृति

सामन्तवादको प्रारम्भिक युग मध्यकालका नामले चिनिन्छ र यसको उदयसँगै सामन्ती संस्कृतिको पनि विकास भएको पाइन्छ । सामन्तवादको उदय पाँचौ शताब्दीतिर युरोपमा भयो र यसले क्रमश: विश्वका अन्य मुलुकमा आफ्नो स्थान जमायो ।

सामन्तहरूले धर्मको दुरुपयोग गरी यसैका आडमा शासन गर्न खोजेको पाइन्छ । राजा तथा महाराजाहरूले आफूलाई विष्णुको अवतारका रूपमा चिनाउन खोज्नु यसको ज्वलन्त उदाहरण हो । यसर्थ धर्मको दुरुपयोग गर्नु सामन्ती संस्कृतिको एक विशेषता हो । नारीलाई भोग्याको रुपमा हेर्ने प्रवृत्ति तथा बहुविवाह, रखौटीप्रथा जस्ता कुराहरू पनि यसै संस्कृतिभित्र पर्दछन् । श्रमको शोषण गर्ने तथा नोकरचाकर राख्ने जस्ता प्रवृत्तिहरू पनि सामन्त संस्कृतिकै उपजका रूपमा देखा पर्दछन् । यस संस्कृतिले व्यक्तिलाई महत्त्व दिँदैन र व्यक्तिका अधिकारहरू सामन्तहरूमा केन्द्रित रहन्छन् । यसर्थ यो संस्कृति निरङ्कुश प्रवृत्तिको हुन्छ ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा सामन्ती संस्कृतिको पनि चित्रण भएको पाइन्छ । प्राचीन राज्यव्यवस्थाको सञ्चालन सामन्तहरूले गर्दथे । राजतन्त्र यसैको उपजका रूपमा देखा पर्दछ । 'छोराको मासु' (३.४) शीर्षकको लोककथामा एकादेशमा राजाले दुईवटी श्रीमती बिहे गरी कान्छीलाई चाहिँ रखौटीको रूपमा राखेको प्रसङ्ग आएको छ । बहुविवाह एवम् रखौटीप्रथा सामन्ती संस्कृतिका उपजका रूपमा देखा पर्दछन् । 'ढडियाबहादुर साहु' (३.५) शीर्षकको लोककथामा ढडियाबहादुर नाम गरेको एउटा साहुले घरमा काम गर्ने नोकर राखेको र त्यस नोकरलाई शोषण गर्ने गरेको तथ्य फेला पर्दछ । नोकरचाकर तथा सुसारेहरू राख्ने प्रवृत्ति पनि सामन्ती संस्कृतिको एक पाटो हो ।

### ४.४.१.१० पुँजीवादी संस्कृति

मानवसमाजको विकासका क्रममा सामन्तवादको विरोधमा पुँजीवादी चिन्तनको उदय भएको हो। पुँजीवादको विकासका सन्दर्भमा युरोपमा भएको विकासलाई आधार मान्ने गरिन्छ। चौधौं पन्ध्रौं शताव्दीतिर यसको विकास भयो र पछि यसले विश्वका अन्य मुलुकमा आफ्नो स्थान जमायो।

पुँजीवाद सुरुमा सामन्तवादको विरोधमा देखा परे तापनि हाल यो सामन्तवाद तथा साम्राज्यवादसँग हातेमालो गर्दै अगि बढेको देखिन्छ। पुँजीवादी संस्कृतिले पनि यही प्रक्रिया अपनाएको छ। सामन्तवादले व्यक्तिलाई महत्त्व दिएको पाइँदैन भने पुँजीवादले चाहिँ व्यक्तिको अधिकारमाथि जोड दिन्छ। पुँजीवादी संस्कृतिले विज्ञान, साहित्य, कला आदिको क्षेत्रमा नयाँ चिन्तनको सुरुवात गराएको छ। यस संस्कृतिले भौतिकवादी चिन्तनको विकासमा पनि भूमिका खेलेको छ। पुँजीवादका मालिकहरूले स्वतन्त्रताको नाउँमा मजदुरहरूको श्रमशोषण गर्ने गरेको पाइन्छ। पुँजीवादकै कारण धनी अझै धनी र गरिब चाहिँ अझै गरिब बनेको पाइन्छ। यसर्थ असमानता पुँजीवादी संस्कृतिको एक मूलभूत विशेषता हो। पुँजीवादी संस्कृति सीमित व्यक्तिको हितमा मात्र केन्द्रित रहने भएकाले यो समाज विकासको मार्गमा एक वाधक तत्त्व भएर देखापरेको छ। यसर्थ पुँजीवादी संस्कृति उचित देखिदैन र सबैलाई हित हुने संस्कृतिको निर्माण गर्नुपर्ने देखिन्छ।

झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा पुँजीवादी संस्कृतिको चित्रण भएको पाइन्छ। यसको पुष्टिका लागि 'हड्डीको हाँसो' (३.२२) शीर्षकको लोककथालाई अगि सार्नुपर्ने देखिन्छ। यहाँ पुँजीपति वर्गले मजदुर वर्गमाथि दु:ख दिने तथा श्रमशोषण गरेको तथ्य भेटिन्छ। यसैको परिणामस्वरूप मजदुरहरू मालिकप्रति रुष्ट भएका छन्। मालिक पुँजीपति वर्गको प्रतिनिधि बनेर मजदुरहरूको श्रमशोषण गरी पुँजीवादी संस्कृतिको विकासमा भूमिका खेलेको छ। श्रमजीवी जनताको शोषण गर्ने प्रवृत्ति पुँजीवादी संस्कृतिको चिनारी हो।

### ४.४.१.११ साम्राज्यवादी संस्कृति

साम्राज्यवादी संस्कृति पुँजीपति वर्गको हितलाई ध्यानमा राखेर निर्माण गरिएको छ। यस संस्कृतिले मानवलाई पशु वृत्तितिर फर्काउँने प्रयत्न गर्दछ र नग्नता तथा छाडापनमा विशेष जोड

दिन्छ । मानवता ह्रास हुँदै जानु यस संस्कृतिको एक विशेषता हो । तसर्थ यस संस्कृतिलाई विषाक्त संस्कृति पनि भन्ने गरिन्छ ।

साम्राज्यवादी संस्कृतिले व्यक्तिवादी तथा उपभोक्तावादी चिन्तनको प्रचार गर्दछ । यसले मानवलाई व्यक्तिगत समस्यामा अल्झाएर समाज विकासको मार्गमा अवरोध पुऱ्याउँछ । यसले मानवलाई अन्ततः पश्चगामी दिशातिर डोऱ्याउँछ । उपभोक्तावादले उत्पादित वस्तुहरूको उपभोगमा तीव्र बृद्धि गराउने प्रयत्न गर्दछ । मानवलगायत हरेक वस्तुको बिक्रीलाई समान ठान्नु उपभोक्तावादको मूलभूत विशेषता हो । यसैको परिणामस्वरूप मानव बेचविखन जस्ता खराब कार्यको विकास भएको पाइन्छ । मानव बेचविखनको क्षेत्रमा झापा जिल्लाको नाउँ पनि अगाडि नै आउँछ । यसै जिल्लाको पूर्वी भूभाग काँकडभिट्टा नाका भएर नेपाली चेलीहरू भारतमा बेचिने गर्छन् । दुईतिर भारतसँगको सिमाना एवम् धराने संस्कृतिको प्रभावले गर्दा यहाँको समाज र संस्कृति जटिल बनेको छ ।

साम्राज्यवादी संस्कृतिले फाँसीवादी चिन्तनको उपयोग गर्दै नवउपनिवेश आदिको स्थापनामा विशेष जोड दिन्छ । अमेरिकाले सद्दाम हुसेनलाई फाँसी दिएर इराकमा नवउपनिवेशको स्थापना गर्नु यसको ज्वलन्त उदाहरण हो । यस संस्कृतिले समाज धुमलेको छ । सच्चा संस्कृतिले मानवलाई परिष्कृत गर्ने तथा उन्नतितिर पाइला चाल्न प्रेरणा प्रदान गर्दछ भने यस संस्कृतिले मानवलाई पशुभन्दा माथि उठ्न नदिने प्रयत्न गर्दछ । तसर्थ साम्राज्यवादी संस्कृतिको विद्रोह गर्दै मानवलाई परिष्कृत गर्ने तथा उन्नतितिर डोऱ्याउने एक सभ्य संस्कृतिको निर्माणमा आवाज उठाउनुपर्ने देखिन्छ । 'सेतो खसी क्याम्म' (३.२१) शीर्षकको लोककथामा दुईजना बूढाबूढीको परिवार रहेको पाइन्छ र श्रीमतीले छाडापनलाई अपनाएर साम्राज्यवादी संस्कृतिको विकासमा भूमिका खेलेकी छ । उसको बढी फेसन गर्ने प्रवृत्ति उपभोक्तावादी चिन्तन र नग्नतासँग जोडिएको छ । यस्तै कारणले गर्दा उनीहरूको सम्बन्धबिच्छेद भएको छ र उनीहरूको जीवन अप्ठ्यारोमा परेको छ । यसप्रकार साम्राज्यवादी संस्कृतिले अन्ततः मानवलाई अँध्यारोतिर डोऱ्याउँछ । तसर्थ यसप्रति सचेत रहनु आवश्यक देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा मानवसमाजद्वारा स्वीकृत सम्पूर्ण भौतिक र अभौतिक तत्त्वहरू संस्कृतिअन्तर्गत पर्दछन् । यसर्थ यसको क्षेत्र व्यापक छ ।

## ४.५ निष्कर्ष

यहाँ निष्कर्षमा के भन्नु उपयुक्त देखिन्छ भने लोकसाहित्यको समाजशास्त्रीय अध्ययनपद्धति समाजशास्त्रका सिद्धान्तका आधारमा गरिने अध्ययन हो । यो लोकसाहित्यको अन्तर्विषयक अध्ययनपद्धति हो । यस्तो अध्ययन राज्य, समाज, परिवार, संस्कृति आदि पक्षसँग सम्बन्धित रहन्छ । यस परिच्छेदमा झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन एवम् विश्लेषण गरिएको छ ।

# पाँचौं परिच्छेद

## उपसंहार

झापा जिल्लामा लोकसाहित्यिक सामग्रीहरू छरिएर रहेका छन् र यिनीहरूको अध्ययन एवम् अनुसन्धान गर्नु आवश्यक देखिन्छ । यहाँ लोककथा, लोकगाथा, लोकगीत, लोकनाटक, उखान, टुक्का आदि सामग्रीहरू रहेको देखिन्छ । यस्ता सामग्रीहरूमध्ये केही लोककथाहरूको सङ्कलन गरी यिनीहरूका माध्यमबाट यस जिल्लाको पहिचान गराउने उद्देश्य लिएर प्रस्तुत शोधकार्य गरिएको हो र यस क्रममा समाजशास्त्रका मान्यताहरूलाई आधार मानिएको छ । आवश्यक सामग्रीहरूलाई पाँच परिच्छेदमा समेटिएको छ र हरेक परिच्छेदमा आवश्यक विषयवस्तुको उपयोग गरी अध्ययन र विश्लेषण गरिएको छ ।

### ५.१ सारांश

यस शोधपत्रको पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ । यसमा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि एवम् शोधपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ । यसरी पहिलो परिच्छेद शोध परिचयका रूपमा रहेको छ ।

दोस्रो परिच्छेदमा समाजशास्त्रको सैद्धान्तिक परिचय रहेको छ । यस परिच्छेदमा समाजशास्त्रको परिचय, परिभाषा, समाजशास्त्रका विशेषताहरू, समाजशास्त्रका शाखाहरू, समाजशास्त्र र ज्ञानका अन्य शाखाबीच सम्बन्ध, समाजशास्त्रको क्षेत्र, समाजशास्त्रको ऐतिहासिक विकासक्रम, राज्य, समाज, परिवार र संस्कृतिका बारेमा चर्चा गरिएको छ । यस शोधपत्रको तेस्रो परिच्छेदमा झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन रहेको
छ ।

यस शोधपत्रको चारौं परिच्छेदमा झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ र यस कार्यका लागि समाजशास्त्रका मान्यताहरुलाई अगि सारिएको छ ।
यस क्रममा राज्य, समाज, परिवार र संस्कृतिका बारेमा अध्ययन र विश्लेषण गरिएको छ । यस शोधपत्रको पाँचौं परिच्छेद अन्तिम परिच्छेदका रूपमा रहेको छ र यसमा सारांश, निष्कर्ष र सुझावहरू रहेका छन् ।

## ५.२ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूमा राज्यको उत्पत्ति एवम् प्राचीन राज्यव्यवस्थासम्बन्धी विवरणहरुका साथै वर्तमान परिवेशको पनि चित्रण भएको पाइन्छ । यस अध्ययनबाट प्राचीन राज्यव्यवस्थाको सञ्चालन सामन्त तथा राजा, महाराजाहरूले गर्दथे भन्ने कुराको पुष्टि हुन्छ र यस तथ्यलाई नेपालको इतिहासले पनि प्रमाणित गरेको छ । यहाँका लोककथाहरूमा यहाँको समाज भेटिन्छ र यहाँको समाज अलि जटिल देखिन्छ । यस्ता लोककथाहरूमा जनजातीय समाज, कृषक समाज र औद्योगिक समाज गरी तीनवटै समाजको उपस्थिति भेटिन्छ र झापा जिल्लामा यी तीनवटै समाजको बसोवास रहेको तथ्य पनि फेला पर्दछ । यहाँका लोककथाहरूमा परिवारको उत्पत्तिसम्बन्धी विवरणहरू पनि भेटिन्छन र यस सन्दर्भमा समाजशास्त्री मोर्गनको दृष्टिकोणलाई आधार मानिएको छ । यहाँ प्रचलित लोककथाहरूमा समाजशास्त्रीहरूले उल्लेख गरेका विविध खाले परिवारमध्ये केही परिवारहरू फेला पर्दछन् । यसैगरी यी लोककथाहरूमा प्राचीन आर्यसंस्कृतिदेखि लिएर विषाक्त संस्कृतिको पनि चित्रण भएको पाइन्छ र झापा जिल्लाको सांस्कृतिक परिवेश पनि यही परिधिभित्र समेटिन्छ । यसर्थ समाजशास्त्रीय अध्ययन भनेको समाजको अध्ययन पनि हो र यस्तो अध्ययन वैज्ञानिक हुनुपर्छ ।

## ५.३ केही सुझावहरू

झापा जिल्लामा लोकसाहित्यका सामग्रीहरू छरिएर रहेको पाइन्छ र यिनीहरूको अध्ययन एवम् अनुसन्धानका थुप्रै सम्भावनाहरू रहेका छन् । झापा शिक्षाको क्षेत्रमा उच्च स्थानमा भए तापनि यस कार्यतर्फ खासै चासो नदेखाउनु पक्कै पनि दु:खको कुरो हो र अबका दिनमा भने यसतर्फ पनि ध्यान जानेछ भन्ने आशा गर्न सकिन्छ । समाजको अध्ययनविना लोकसाहित्यको अध्ययन अपूर्ण हुने भएकोले अबका दिनमा अध्येताहरूले समाजशास्त्रीय एवम् मानवशास्त्रीय अध्ययनपद्धतिमा पनि जोड दिनुपर्ने देखिन्छ । तत्त्वका आधारमा लोकसाहित्यको अध्ययन गर्ने परम्परा हाल पुरानो भैसकेको छ  र अबका दिनमा भने नयाँ परम्पराको थालनी हुनुपर्ने देखिन्छ । यस क्रममा लोकसाहित्यको माध्यमबाट झापा जिल्लाको पहिचान गराउनका लागि भावी अनुसन्धानकर्ताले निम्नलिखित शीर्षकहरूमा अनुसन्धान गर्न सक्ने छन् ।

१. झापा जिल्लामा प्रचलित लोकनाटकको समाजशास्त्रीय अध्ययन ।

२. झापा जिल्लामा प्रचलित लोकगीतहरूको समाजशास्त्रीय अध्ययन ।

३.	झापा जिल्लामा प्रचलित लोकगाथाहरूको समाजशास्त्रीय अध्ययन ।

४.	झापा जिल्लामा प्रचलित लोकोक्तिको अध्ययन ।

५.	झापा जिल्लामा प्रचलित उखानहरूको अध्ययन ।

६.	झापा जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन ।

*

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, रेसराज, समाजशास्त्र र मानवशास्त्रको परिचय ,(काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, ए.सं, २०६४) ।

२. अब्राहम, एम्. फ्रान्सिस, मोडर्न सोसियोलोजिकल थ्यौरी , (नयाँ दिल्लीः अक्सफोर्ड विश्वविद्यालय प्रेस, चौधौं सं., भारत , सन् २००८) ।

३. कोइराला, शम्भुप्रसाद, लोकसाहित्यः सिद्धान्त र विश्लेषण, (बिराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५) ।

४. गौतम, टीकाराम, समाजशास्त्र र सांस्कृतिक मानवशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू , (काठमाडौंः अक्सफोर्ड इन्टरनेसनल पव्लिकेसन , २०६३) ।

५. घिमिरे, कपिल (सम्पा) ‘मधुपर्क’ वर्ष ३५, अङ्क ४, २०५९ भदौ ।

६. चापागाई, निनु , सन्दर्भः संस्कृति र सांस्कृतिक रूपान्तरण , (काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा. लि., २०५९) ।

७. चेम्जोङ, इमानसिंह, किराँती दन्त्यकथा , (काठमाडौंः रायल नेपाल एकेडेमी, २०२१) ।

८. तिम्सिना, कृष्णप्रसाद, नेपाली साहित्यमा झापा जिल्लाको योगदान ,(स्नातकोत्तर शोधपत्र, त्रि. वि. कीर्तिपुर, २०५५) ।

९. थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहियत्यको विवेचना , (काठमाडौंः पा.वि.के.त्रि.वि., २०४१) ।

१०. दिवस, तुलसी, नेपाली लोककथा ,(काठमाडौंः ने.रा.प्र.प्र, २०३२) ।

११. ______________ , नेपाली लोककथाः केही अध्ययन , (काठमाडौंः ने.रा.प्र.प्र., २०३३) ।

१२. नेपाल, सूर्य , झापा दर्पण , (झापाः लसुने प्रकाशन, बिर्तामोड, २०५९) ।

१३. पराजुली, मोतीलाल, नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन , (विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि., २०५४) ।

१४. ___________________ , सोरठी नृत्यनाटिका , (काठमाडौंः दीक्षान्त पुस्तक भण्डार, २०६३) ।

१५. बन्धु ,चूडामणि, नेपाली लोकसाहित्य , (काठमाडौंः एकता बुक्स, २०५८) ।

१६. भट्टराई, बद्रीविशाल , (सम्पा) , प्रयोगात्मक नेपाली शव्दकोश , (काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि. , २०६१) ।

१७. विद्याभूषण र डि. आर्. सचदेव, समाजशास्त्रके सिद्धान्त , (इलाहावाद: किताब महल, 22–A सरोजनी नायडू मार्ग, दो. सं , भारत, सन् १९९९) ।

१८. शर्मा, अर्जुनदेव , (अनु) , मनुस्मृति , ( काठमाडौं: प्रवेश प्रकाशन , २०६१ ) ।

१९. शर्मा, जनकलाल, हाम्रो समाज: एक अध्ययन ,(काठमाडौं: साझा प्रकाशन, २०३९) ।

२०. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त , (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६१) ।

२१. __________ , लोकवार्ताविज्ञान र लोकसाहित्य ,(काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६३) ।

२२. शर्मा, वालचन्द्र , (सम्पा) , नेपाली शव्दकोश , (काठमाडौं: सृष्टि प्रकाशन चावहिल, दो.सं, २०५७) ।

२३. शास्त्री , हरेकृष्ण , (अनु) , शिवस्वरोदय , (वाराणसी: श्री ठाकुरप्रसाद पुस्तक भण्डार, भारत , सन् १९९८) ।

२४. श्रेष्ठ, शिवकुमार, किराँती लोककथा सँगालो , (धनकुटा: श्रीमती गङ्गादेवी श्रेष्ठ, २०५१) ।

२५. सुवेदी, राजेन्द्र र धरणीप्रसाद गौतम, मेची अञ्चलका लोककथाहरूको सङ्कलन , प्रतिवेदन, (इलाम: २०३८)

२६. सुवेदी, हंसपुरे, नेपाली लोकजीवन: लोकविश्वास ,(काठमाडौं: साझा प्रकाशन,२०५५) ।

२७. अक्सफोर्ड डिक्सनरी, अक्सफोर्ड विश्वविद्यालय प्रेस, भारत, सन् २००३ ।

२८. जिल्ला परिचय झापा , जि.वि.स. झापा, २०६३ ।

२९. मेचीदेखि महाकाली , भाग-१, काठमाडौं, सूचना मन्त्रालय, सूचना विभाग, २०३१ ।